काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

नागरिक शनिबार

वर्ष १८, अंक १०५, पृष्ठ ८, शनिबार-आइतबार ६-७ भदौ २०८३, श्रावण शुक्लपक्ष दशमी-एकादशी, Saturday-Sunday, 22-23 August, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/-




**अक्षर**

अहिले हामी 'नेपालका लागि नेपाली उत्पादन' भनिरहेका छौं । हाम्रो लक्ष्य भोलि 'विश्वका लागि नेपाली उत्पादन' भन्ने हुनुपर्छ ।



**अक्षर**

पार्किङमा गाडी राखेपछि अटलले मलाई एउटा अत्याधुनिक कर्पोरेट र कलात्मक रूपमा सजिएको अफिसको तेस्रो तलामा लग्यो ।



**खेल**

इङ्लिस प्रिमियर लिगको आर्थिक प्रभाव अन्य लिगभन्दा निकै ठुलो छ । आम्दानीका आधारमा विश्वका २० ठुला क्लबमध्ये ९ क्लब प्रिमियर लिगकै छन् ।

# साहित्यका सुगन्धित दुई थुँगा

नेपाल भाषा एकेडेमीबाट जनकविको उपाधिबाट सम्मानित र नेपाली भाषामा कालजयी गीत तथा कविता लेखेर प्रतिभाशाली स्रष्टाका रूपमा परिचित दुर्गालाल श्रेष्ठ आइतबार राति सदाका लागि निद्रालीन भए । कुनै बेला 'सय थरी बाजा एउटै ताल, सय थरी गोडा एउटै चाल' गीत लेखेर राष्ट्रिय एकताको अजम्बरी सन्देश दिएका उनले 'फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार' गीतमार्फत युवा पुस्तामा सकारात्मक दृष्टिकोण निर्माण र चेतनाको विकासमा योगदान दिएका थिए । नागरिक अभिनन्दनका साथ आफ्ना ६ वटा कृति एकसाथ विमोचन गर्ने दिन नजिकिँदै गर्दा सात दशकदेखि निरन्तर सिर्जनाकर्ममा रहेका उनले ९३ वर्षको उमेरमा साउन ३१ गते राति भौतिक जगत् त्यागेका थिए । दुर्गालालको देहावसानभन्दा ६ दिनअघि मात्र मैथिली र नेपाली साहित्यका अर्का प्रभावशाली स्रष्टा राजेन्द्र विमलले पनि ७९ वर्षको उमेरमा साउन २६ गते सदाका लागि आँखा चिम्ले । कवि, कथाकार, अनुसन्धाता, भाषाविद्, समाचोलक, प्राध्यापक रहेका उनी बहुआयामिक व्यक्तित्व थिए । मैथिली र नेपाली भाषामा दुई दर्जन बढी कृति प्रकाशन गरेका उनले मिथिलाको सामाजिक र सांस्कृतिक जीवनलाई सिर्जनामा उनेर लोकप्रिय मात्र बनाएनन्, नेपाली भाषाको गहिरो अध्ययन र अध्यापन गरेर अमूल्य भाषिक योगदान पनि दिए । विशेषगरी मैथिली साहित्यमा गहिरो छाप छाडेका उनी विभिन्न पुरस्कारबाट सम्मानित थिए ।

## सदाबहार जवान दुर्गालाल




शरद कसा:

कहिलेकाहीँ थायूमदुमा बेलुकी कथा सुनाइन्थ्यो । कथा सुन्न टोलभरिका मान्छे आउँथे । कथा सुनाइएको ठाउँमा टीका लगाउने कलिली केटी भयो भने युवाहरूलाई कति रोमाञ्चित बनाउँथ्यो होला ? भयो त्यही नै । त्यतिबेला आजकलका जस्ता मोटर र मोटरसाइकल आउँदैनथे । त्यसैले सडकमै सानो डबलीजस्तो बनाएर कथा सुनाउने गरिन्थ्यो । कथा सुन्ने मानिसहरू पनि एकअर्कालाई छिचोल्दै बिस्तारै अघि बढिरहेका हुन्थे ।

कथा सुनाउनेको आफ्नै आकर्षण छँदै थियो, त्यसमाथि टीका लगाइदिने व्यक्तित्वको आकर्षण झन् बेग्लै थियो । यही आकर्षणले थायूमदु टोलसँगै रहेको न्हायकं टोलका एक नवयुवालाई चुम्बकले तानेझैं आकर्षित गर्थ्यो । उहाँ कहिले बेलुकी हुन्छ र युवतीको हातबाट टीका थापुँला भनेर आतुर बन्नुहुन्थ्यो । युवतीले लगाइदिएको टीका निधारमै अड्याउने कोसिस गर्नुहुन्थ्यो । मानौं, युवतीले लगाइदिएको टीका उहाँका लागि प्रेमको चिनो नै थियो ।

बाँकी पृष्ठ २



## अविश्रान्त यात्री विमल



नित्यानन्द मण्डल

विद्वताले ओतप्रोत दीप मालिकाको सहर जनकपुरधामको साहित्य सरितामा कलकल, छलछल बग्दै गरेको दीप्त दीयो सधैंका लागि निभ्यो । कालको यस अखण्ड धारामा ज्ञानका उज्यालो छर्ने डा. राजेन्द्रप्रसाद विमलको जीवनदीप २६ साउन २०८३, राति १२:३० बजे प्रादेशिक अस्पताल जनकपुरधाममा निभ्यो । एउटा ज्ञान विज्ञानको आशाको दीप प्रज्जलित हुनबाट रोकियो । यद्यपि डा. विमलको आत्मा भने जन्मजन्मान्तरको यो पुनर्जन्मचक्र विष्मयकारक हो । र, यसको विधायक नमस्य हुन् र यसका विधायक नमस्य हुन् ।

मैथिली, नेपाली, हिन्दी, अंग्रेजी तथा उर्दू भाषाका मुर्धन्य साहित्यकार, श्रेष्ठतम् संस्कृतिविद्, प्रखर भाषाविद् एवं मैथिली विकास कोष, जनकपुरधामका संस्थापक अध्यक्ष वरेण्य व्यक्तित्व डा. विमलको महाप्रस्थानले सम्पूर्ण साहित्य संसार शोकाकुल छ । अतः शोकाकुल यस दुःखद घडीमा बहुभाषिक, साहित्याकाशक जाज्वल्यमान बहुविधावादी सशक्त नक्षत्र श्रद्धेय विमलको संस्मरण एवं तेह्रौं दिनको पुण्यस्मृतिमा शब्द श्रद्धाञ्जली अर्पण छ ।

बाँकी पृष्ठ २



## शक्तिशाली एल निनोको चेतावनी

नागरिक संवाददाता

*काठमाडौं, भदौ ५*

प्रशान्त महासागरमा विकसित भइरहेको एल निनो घटना अहिलेसम्मकै शक्तिशाली बन्न सक्ने बेलायतको मौसम कार्यालयले चेतावनी दिएको छ । यो शक्तिशाली प्राकृतिक जलवायु घटनाले विश्वको तापक्रम बढाउने मात्र होइन, चरम मौसमी घटनाको जोखिम पनि बढाउन सक्छ । मानवीय गतिविधिका कारण भइरहेको जलवायु परिवर्तनको प्रभावसँगै एल निनो थपिँदा सन् २०२७ विश्वकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना रहेको मौसम कार्यालयले शुक्रबार जनाएको छ ।

विश्वका विभिन्न भागमा मौसमको स्वरूपमा यसको प्रभाव देखिन थालेको प्रमाण बढ्दै गएको छ । भारतलगायत दक्षिण एसियामा मनसुनको वर्षा औसतभन्दा कम हुनु र एटलान्टिक महासागरमा आँधीको गतिविधि कमजोर हुनुमा एल निनोको प्रभाव रहेको वैज्ञानिकहरूले बताएका छन् । वैज्ञानिकका अनुसार जलवायु परिवर्तनले एल निनोको संख्या वा शक्ति बढाइरहेको स्पष्ट प्रमाण भने छैन । तर विश्व पहिलेभन्दा तातो भइरहेकाले एल निनोका कारण हुने मौसमी प्रभाव भने अझ गम्भीर बन्न सक्छ ।

वैज्ञानिकहरूले सामान्यतया प्रशान्त महासागरको एउटा महत्त्वपूर्ण क्षेत्रमा समुद्रको सतहको तापक्रम दीर्घकालीन औसतभन्दा ०.५ डिग्री सेल्सियस वा बढी बढेपछि एल निनो घोषणा गर्छन् । हालको मापनअनुसार उक्त क्षेत्रको तापक्रम सामान्यभन्दा २ डिग्री सेल्सियसभन्दा बढी माथि पुगेको छ । बेलायतको मौसम कार्यालयको पछिल्लो पूर्वानुमानअनुसार यस वर्षको अन्त्यतिर एल निनो चरम अवस्थामा पुग्दा तापक्रम सामान्यभन्दा ३ डिग्री सेल्सियसभन्दा बढी हुन सक्ने छ । मौसम कार्यालयका अनुसार यो सन् १९५० पछिका अभिलेखमा अभूतपूर्व हुने छ र सम्भवतः १९औं शताब्दीयताकै सबैभन्दा शक्तिशाली एल निनो हुन सक्छ ।

> भारतलगायत दक्षिण एसियामा मनसुनको वर्षा औसतभन्दा कम हुनु र एटलान्टिक महासागरमा आँधीको गतिविधि कमजोर हुनुमा एल निनोको प्रभाव रहेको वैज्ञानिकहरूले बताएका छन् ।

समुद्रको गहिराइमा रहेको अत्यधिक तातो पानीले यस घटनालाई थप शक्तिशाली बनाउन सक्ने वैज्ञानिकहरूको भनाइ छ । केही स्थानमा समुद्रको करिब १०० मिटर गहिराइमा पानी सामान्यभन्दा ८ डिग्री सेल्सियससम्म तातो रहेको पाइएको छ । अमेरिकी अनुसन्धान संस्था बर्कले अर्थका जलवायु वैज्ञानिक डा. जेक हाउसफादरले भने, 'यो घटना अझै धेरै महिना विकास हुने क्रममा छ । त्यसैले यो कीर्तिमानी घटना बन्ने विश्वास बढेको छ ।' केही अन्य जलवायु संस्थाहरूले एल निनो सामान्यभन्दा ४ डिग्री सेल्सियससम्म बढी तातो हुन सक्ने अनुमान गरेका छन् । यस्तो भए यो विगत पाँच सय वा एक हजार वर्षयताकै सबैभन्दा शक्तिशाली एल निनो हुन सक्ने हाउसफादरले बताएका छन् ।

जलवायु परिवर्तनले एल निनोलाई अझ शक्तिशाली बनाएको विषयमा अझै त्यति प्रस्ट भइसकेको छैन तर जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसी) को सन् २०२१ को प्रतिवेदनले सन् १४०० आसपासको अवधिसँग तुलना गर्दा सन् १९५० यताका एल निनो घटनाको तीव्रता बढेको देखाएको थियो । तर हजारौं वर्षको इतिहास हेर्दा एल निनोको शक्ति प्राकृतिक रूपमा धेरै उतारचढाव हुने भएकाले पछिल्लो वृद्धि विश्व तापक्रम वृद्धिसँग मात्र जोड्न कठिन हुने वैज्ञानिक बताउँछन् ।

बाँकी पृष्ठ ३

# रास्वपा बैठकमा, प्रधानमन्त्री भ्रमणमा

## बालेन्द्रलाई रास्वपा चाहिएको कि रास्वपालाई बालेन्द्र ?

नागरिक संवाददाता

*काठमाडौं, भदौ ५*





सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थानीय तहको निर्वाचन तयारीमा जुटेको छ । पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा स्थानीय तह निर्वाचन तयारीका लागि केन्द्रीय समिति बैठक बसिरहँदा प्रधानमन्त्रीसमेत रहेका रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह पोखरा हुँदै मुस्ताङ निस्केका छन् । पार्टी कार्यालय र बैठकमा अपवादबाहेक सहभागी नभएका प्रधानमन्त्री शाह शुक्रबार बैठक छाडेर बिहानै पोखरातिर लागेका हुन् ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-६ अस्तामस्थित अन्नपूर्ण इको भिलेज रिसोर्टमा शुक्रबार राति बसेका प्रधानमन्त्री शाहको भ्रमणको सम्पूर्ण जानकारी सार्वजनिक गरिएको छैन । प्रधानमन्त्री शाहले पार्टी बैठकलाई महत्त्व नदिएका हुन् कि पूर्वनिर्धारित कार्यक्रम भएर सहभागी हुन नसकेका हुन् भन्ने खुलेको छैन ।

यस विषयमा रास्वपाले पनि केही खुलाएको छैन । तर यसले गर्दा रास्वपा र प्रधानमन्त्रीबिचको सम्बन्धका विषयमा धेरै प्रश्न उब्जिएका छन् । यसबाट सभापति रवि लामिछाने र प्रधानमन्त्री शाहबिचको सम्बन्ध चिसिँदै गएको विश्लेषण गर्नेलाई थप बल पुगेको छ । त्यो पनि स्थानीय तह निर्वाचनसहितका विषयमा बोलाइएको केन्द्रीय समितिको बैठकमा पार्टीको दोस्रो वरीयताका नेता सहभागी नहुनुले रास्वपालाई बालेन्द्र चाहिएको हो कि बालेनलाई रास्वपा भन्ने प्रश्न उठ्न थालेको छ ।

रास्वपाकै कतिपय नेताहरूले प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता शाहलाई दलीय व्यवस्थाप्रति विश्वास नभएको आरोप लगाउने गरेका छन् । त्यसलाई उनकै भूमिकाले बल पुर्‍याएको छ । त्यति मात्र होइन, फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनअघि नै रास्वपाले उनलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेका थिए । त्यसको केही दिनअघि मात्र शाह रास्वपा प्रवेश गरेका हुन् । त्यसपछि अपवाद मात्र पार्टी कार्यालयमा शाह पुगेका छन् । निर्वाचनअघिको पूर्वसहमतिअनुसार शाह अहिले मुलुकको कार्यकारी प्रमुख प्रधानमन्त्रीको जिम्मेवारीमा छन् ।

निर्वाचनमा रास्वपाले झन्डै दुई तिहाइ बहुमत पाएको छ । त्यो मत कसका कारणले आयो भन्नेमा रास्वपाभित्र मतभेद रहेको नेताहरू बताउँछन् । सभापति लामिछानेसहित निकट नेताहरू रास्वपा र सभापति लामिछानेका कारण निर्वाचनमा जनमत प्राप्त भएको बुझाइमा छन् । तर प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता शाहसहित निकटहरू त्यसलाई स्वीकार गर्न तयार छैनन् । सभापति लामिछाने सहकारीसहितका विभिन्न प्रकरणमा मुछिएकाले जनतामा बदनाम भएको र शाहले काठमाडौं महानागरपालिकामा गरेका कामले जनतामा आशा र विश्वास जगाएको दाबी छ । शाहको स्वच्छ छविका कारण पुराना राजनीतिक दलहरूबाट दिक्क भएका जनताले रास्वपाको पक्षमा मतदान गरेको निकटहरूको बुझाइ छ । यसलाई लिएर रास्वपाका नेताहरू पक्ष र विपक्षमा मात्र होइन सरकार गठन भएको आधा वर्ष पनि बित्न नपाउँदै आन्तरिक कलह झाँगिँदै गएको छ ।

बाँकी पृष्ठ २

### कसलाई के जिम्मेवारी तोकियो

रास्वपाको बैठकले स्थानीय निर्वाचनका लागि महामन्त्री विपीनकुमार आचार्यको संयोजकत्वमा तयार गरिएको उम्मेदवार छनोट रूपरेखालाई सुझावसहित पारित गरेको छ । स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समिति सदस्यका लागि इच्छुक केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यहरूबाट नामावली माग गर्ने निर्णय गरेको छ । 'राइट टु रिकल'सम्बन्धी दस्तावेज निर्माण गर्न आचार्यको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको छ ।

सुनिल लम्साल, सुधन गुरुङ, प्रतिभा रावल, भूपदेव शाह, पुरुषोतम सुप्रभात यादव, मनोहर प्रधान, बसुमाया तामाङ, सुरेन्द्र चौधरी, भक्तबहादुर राई केन्द्रीय सदस्यमा मनोनीत भएका छन् । पदाधिकारीतर्फ सहमहामन्त्रीमा पुरुषोतम सुप्रभात यादव, कोषाध्यक्षमा मनोहर प्रधान, सहकोषाध्यक्षमा वसुमाया तामाङ, प्रवक्तामा जगदीश खरेल, सहप्रवक्तामा नमिता यादव र सुरेन्द्र चौधरी मनोनीत भएका छन् ।

बाँकी पृष्ठ २

## छाता र पालको सहारामा न्यायको याचना

मधुजंग पाण्डे

*काठमाडौं, भदौ ५*

भदौको चर्को घाम र दर्कंदो पानीमा खुला आकाशमुनि छाता र पालको सहारामा दिन-रात बिताउँदै आएका बैंक, लघुवित्त, सहकारी र मिटरब्याज पीडितहरू सरकारले न्याय नदिएसम्म घर नफर्कने अडानमा छन् । ललितपुरको पुल्चोकस्थित राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयअगाडि ६ दिनदेखि धर्नामा बस्दै आएका पीडितले यस्तो अडान लिएका हुन् । उनीहरूको एउटै आवाज छ, 'हामी १९ दिनसम्म पैदल हिँडेर काठमाडौं आइपुग्यौं, अब माग पूरा नभएसम्म घर फर्कंदैनौं ।'

दुई सयभन्दा बढी पीडित मधेस प्रदेशदेखि १९ दिनसम्म पैदल यात्रा गरेर काठमाडौं आएका हुन् । तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारसँग भएको बाह्रबुँदे सहमति हालसम्म पनि कार्यान्वयनमा नआएपछि आफूहरू पुनः सडकमा आउनुपरेको उनीहरूको गुनासो छ । अघिल्लो सरकारले गरेको सहमति कार्यान्वयनका लागि वर्तमान सरकारसँग वार्ता गर्न टोली पठाए पनि अझै माग सम्बोधन हुन नसकेको पीडितको गुनासो छ । यसअघि पनि पीडित काठमाडौं आएर लामो समय सडक संघर्ष गरी फर्किएका थिए । देशका विभिन्न जिल्लाबाट आएका दर्जनौं लघुवित्तपीडित दुधे बालक र ८० वर्ष पार गरेका वृद्धवृद्धासहित निर्णायक आन्दोलनमा उत्रिएका छन् ।

खुला आकाशमुनि छाता र पालको भरमा संघर्ष गर्दै आएका पीडितहरू सरकारले न्याय नदिएसम्म घर नफर्कने भनेर बसेका छन् । लघुवित्त र सहकारी संस्थालगायतबाट लिएको ऋण, चर्को ब्याज, असुलीको दबाब र छलकपटका कारण आफूहरू अन्यायमा परेको पीडितको दुःखेसो छ । कोरोना महामारीका बेला आफूहरूलाई घरभित्र थुनेर राखे पनि ऋणको ब्याज भने नरोकिएको पीडिहरूको गुनासो छ । सरकार तथा सम्बन्धित सरोकारवालालाई दबाब दिन त्रिपालमुनि बस्दै आएका उनीहरूले आवाज उठाएको यो पहिलोपटक भने होइन । पीडितहरूले आफ्ना समस्या समाधानका लागि यसअघि पनि पटकपटक सरकारको ध्यानाकर्षण गराइरहेका छन् ।

बाँकी पृष्ठ ३

# रास्वपा बैठकमा प्रधानमन्त्री भ्रमणमा

पृष्ठ १ बाट

प्रधानमन्त्रीको जिम्मेवारीमा पुगेका शाहले आफ्नै दल रास्वपा र संसदीय दललाई मात्र होइन, अहिले जनताको सर्वोच्च निकाय संसद्‌लाई पनि बेवास्ता गर्दै आएका छन्। संसद्, पार्टी कार्यालय र संसदीय दलमा त उनको सहभागिता र उपस्थिति झन् दुर्लभ नै छ। यसले बहुलवादमा आधारित वर्तमान शासन व्यवस्थाप्रति प्रधानमन्त्रीको प्रतिबद्धतामा आशंका गर्नेहरूलाई बल मात्र पुऱ्याएको छैन शाहमाथि अविश्वास गर्नेहरूलाई ठाउँ दिएको छ। त्यति मात्र होइन, रास्वपाभित्र नै प्रधानमन्त्रीको विकल्पका विषयमा छलफल र बहस सुरु भएका छन्।

प्रधानमन्त्रीसमेत रहेका संसदीय दलका नेता शाहले राख्नुपर्ने रास्वपा संसदीय दलको बैठक सभापति लामिछानेले नै राखेका छन्। सरकारका मन्त्री र आफ्ना सांसदलाई उनले निर्देशन दिएका छन्। तर त्यो बैठकमा पनि शाह सहभागी भएनन्। बरु दलको बैठकमा सभापति लामिछानेनिकट सांसद्‌हरूले सरकारको कामका विषयमा असन्तुष्टि जनाएका थिए। प्रधानमन्त्री शाहले केही दिनअघि सामाजिक सञ्जालमा आफू एक्लै परेको लेखेका थिए। त्यस विषयमा सभापति लामिछानेले 'रफ्फु' बचाउ गरेका थिए। तर रास्वपाका कतिपय नेताहरू भने पार्टीभित्र प्रधानमन्त्रीको विकल्प खोज्नुपर्ने आवाज तीव्र बन्दै गएको दाबी गर्छन्। पार्टी विधानले संसदीय दलको नेतालाई सभापतिले हटाउन सकिने व्यवस्था रहेको जनाउँदै लामिछानेनिकट एक नेताले भने, 'उहाँले हटाउन चाहेको अवस्थामा दलको नेता परिवर्तन हुन्छ, नयाँ सरकार बन्छ।'

**प्रधानमन्त्रीलाई हटाउन सकिन्छ ?**

शाह संविधानको धारा ७६ को १ अनुसार प्रधानमन्त्री नियुक्त भएका हुन्। उक्त धारामा बहुमत प्राप्त राजनीतिक दलको संसदीय दलको नेता प्रधानमन्त्री बन्ने संवैधानिक व्यवस्था छ। सोहीअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले चैत १३ गते शाहलाई प्रधानमन्त्रीमा नियुक्त गरेका हुन्। संविधानको धारा ७६ को १ अनुसार नियुक्त भएका प्रधानमन्त्रीलाई ७६ को अन्य उपधाराहरू आकर्षित हुँदैनन्। तर संविधानले प्रधानमन्त्री पदमुक्त हुने अवस्थाबारे धारा ७७ र १०० मा उल्लेख गरिएको छ। धारा ७७ को उपधारा १ मा राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिए, धारा १०० अनुसार विश्वासको प्रस्ताव पारित हुन नसके वा निजका विरुद्ध अविश्वासको प्रस्ताव पारित भए, प्रतिनिधिसभाको सदस्य नरहे र मृत्यु भए प्रधानमन्त्री पदमुक्त हुने उल्लेख गरिएको छ।

त्यस्तै धारा १०० मा विश्वासको मत र अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्था गरिएको छ। उपधारा १ मा कुनै पनि बखत आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठाने विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्न सक्ने व्यवस्था छ। उपधारा २ मा प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भए वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिए ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने व्यवस्था छ। उपधारा १ र २ अनुसार प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुन नसके प्रधानमन्त्री पदबाट मुक्त हुने संवैधानिक व्यवस्था छ।

प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यमध्ये एक चौथाइले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेस गर्न सकिने उपधारा ४ मा उल्लेख छ। तर प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव राख्न संविधानले प्रतिबन्धन लगाएको छ। यो व्यवस्थाअनुसार शाहलाई हटाउन अहिले अविश्वासको प्रस्ताव राख्न पाइने देखिँदैन भने रास्वपा विभाजन भएबाहेक प्रतिनिधिसभाको सामना गर्नुपर्ने बाध्यता उनलाई छैन। धारा ७६ को १ अनुसार प्रधानमन्त्री नियुक्त हुन दलको नेता हुनुपर्ने संवैधानिक व्यवस्था भए पनि नियुक्त भएका प्रधानमन्त्रीलाई दलको नेताबाट हटाउँदा पद स्वतः रिक्त हुने लामछिाने पक्षको दाबी छ। तर शाहनिकट नेताहरू प्रधानमन्त्री नियुक्त हुन मात्र दलको नेता भनिएको भन्ने जिकिर गर्दै आएका छन्। रास्वपाभित्रको विवाद बढ्दै गए धारा ७६ को उपधारा १ को व्याख्यामा विवाद हुने देखिएको छ।

## कसलाई के जिम्मेवारी तोकियो...

त्यस्तै पार्टी सचिवालय सदस्यमा गणेश पराजुली, शिशिर खनाल, विराजभक्त श्रेष्ठ, पुरुषोतम सुप्रभात यादव, डा. मनोहर प्रधान, कवीन्द्र बुर्लाकोटी, जगदीश खरेल (ललितपुर), लिमा अधिकारी आचार्य, दीपकराज बोहरा, समीक्षा बास्कोटा, शिव नेपाली, इन्दिरा राना मगर, मनीष झालाई तोकिएको छ। बैठकले ५ वटा विभागमा प्रमुख तोकेको छ। अझै ३३ वटा विभागमा प्रमुख मनोनयन हुन बाँकी छ। जनस्वास्थ्य विभागमा डा. तोसिमा कार्की, पूर्वाधार विभागमा निशा डाँगी, अर्थ विभागमा लिमा अधिकारी, संगठन विभागमा प्रमोद न्यौपाने र अन्तर्राष्ट्रिय सम्बन्ध विभागमा शिशिर खनाललाई मनोनयन गरिएको छ। विधानमा केन्द्रीय समिति मातहत ३८ वटा केन्द्रीय विभाग रहने व्यवस्था छ।


सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

**कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०५/०६ गतेको नागरिक राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०५/२० गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ **(पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१. ऋणी : गोबिन्द पोखरेल**<br>बाबुको नाम : पुष्पराज पोखरेल<br>बाजेको नाम : अग्नी प्रसाद पोखरेल<br>ठेगाना : देउराली-०८, गोरखा<br>हालः व्यास-०४, तनहु<br>ना.प्र.नं. : ९१७२०, जारी मिति : २०५९/०४/२४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा<br>**कर्जा लिएको शाखा : दमौली, तनहुँ** | **क) नामः ज्ञानु पन्थ**<br>बाबुको नाम : भैरव पन्थ<br>पतिको नामः गोबिन्द पोखरेल<br>ससुराको नाम : पुष्पराज पोखरेल<br>ठेगाना : व्यास-०३, तनहु<br>ना.प्र.नं. : ४३-०१-७१-०१३७०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>जारी मिति : २०७१/०३/२५ |
| **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय गोरखामा गोबिन्द पोखरेलको नाममा दर्ता कायम रहेको गोरखा जिल्ला, देउराली-०८, स्थित कि.नं. ३६० र ४०१ को क्षेत्रफल क्रमशः २४६४.२१ र ११७०.५० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | **ख) नाम : विकास पोखरेल**<br>बाबुको नाम : तेज प्रसाद पोखरेल<br>बाजेको नाम : रुद्र प्रसाद पोखरेल<br>ठेगाना : गाईखुर -०१, गोरखा<br>हाल : इच्छाकामना -०४, चितवन<br>ना.प्र.नं.: ४४१०२३/४७६, जारी मितिः २०६७/०८/१३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा |

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ।

३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।

४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।

५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।

६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।

७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।

८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।

९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।

१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।

११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।


# सदाबहार जवान दुर्गालाल

दुर्गालाल श्रेष्ठले प्रेम, वियोग, जीवनका अनुभूति र सामाजिक यथार्थलाई साहित्यिक सिर्जनामा रूपान्तरण गर्दै नेपाली तथा नेपालभाषी साहित्यमा विशिष्ट योगदान पुऱ्याए।

पृष्ठ १ बाट

हो, थायूमदुले उहाँलाई दिवाना मात्र बनाएको थिएन, आफूभित्रको प्रतिभाशाली व्यक्तित्वले पनि विशिष्ट बनाएको थियो। उहाँले आफ्नो प्रतिभालाई साहित्यिक सिर्जनाका माध्यमबाट व्यक्त गर्नुभयो। यसै क्रममा २००४ सालतिर गुंपुन्हि र यँयाःपुन्हिका अवसरमा उहाँले विभिन्न साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउनुभएको देखिन्छ।

एकपटक गुंपुन्हिको अवसरमा 'सत्तलसिंह' नामको नाटकको रिहर्सल भइरहेको थियो। नाटकमा कसरी अभिनय गर्ने, नाटकको प्रस्तुति कस्तो हुने भन्ने विषयमा सबैमा कौतूहल थियो। साथीहरू पनि त्यो नाटकको रिहर्सल हेर्न र त्यहाँको अभिनय अनुभव गर्न उत्सुक थिए। नाटकको रिहर्सल हेर्न आउने मानिसहरूको भिड बढ्दै गयो। बाहिरबाट हेर्दा सामान्य अवस्थाजस्तो देखिए पनि मनभित्र भने साहित्य र कलाप्रतिको गहिरो भावना जागिरहेको थियो।

एक दिन बेलुकी रिहर्सल हेर्न जाँदा ढोकाको प्वालबाट आएको चोर औं सिधै आँखामा पऱ्यो। त्यसकै चोटले ११ वर्षको उमेरमा उहाँले सर्वप्रथम नाटक सिर्जना गर्नुभयो। त्यो नाटकको नाम 'प्रेम जीवन अन्धकार भयो' थियो। त्यही क्रममा उहाँले आफ्ना साथीहरूलाई उत्साहित बनाउँदै अभिनय तथा नाट्यकर्ममा सक्रिय हुन प्रेरित गर्नुभयो। साथीहरू पनि उहाँको व्यवहार र प्रतिभाबाट प्रभावित भए। उहाँलाई लागेको चोट वा अप्ठ्यारो परिस्थितिले समेत उहाँको आत्मविश्वासलाई कमजोर बनाउन सकेन। बरु त्यस घटनाले उहाँको आत्मसम्मानलाई अझ बलियो बनायो। साथीहरूको समूहभित्र साहित्य र नाटकप्रतिको रुचि पनि क्रमशः बढ्दै गयो।

त्यसपछि उहाँले नाटक लेख्ने तथा प्रस्तुत गर्ने कार्यलाई निरन्तरता दिनुभयो। नाटकको विषयवस्तु तयार भयो, त्यसको रिहर्सल पनि भयो। केही समयपछि उहाँको नाटक मञ्चमा प्रस्तुत गरियो। उहाँको प्रतिभा, लगनशीलता र सिर्जनात्मक क्षमताका कारण त्यो नाटकले विशेष चर्चा पायो। नाटक लेखनमा मात्र होइन, त्यसलाई मञ्चमा प्रस्तुत गर्ने काममा समेत उहाँले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो।

यही क्रममा उहाँको युवावस्था र जीवनमा घटेका विभिन्न घटनाले उहाँको साहित्यिक व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेले। जीवनमा आउने सुख-दुःख, मिलन-विछोड, प्रेम-विरह तथा विभिन्न सामाजिक अनुभवहरूले उहाँको मनलाई गहिरो रूपमा प्रभावित गरे। ती अनुभवहरू पछि साहित्यिक सिर्जनाका विषय बने। उहाँले आफ्नै जीवनका अनुभव र अनुभूतिलाई साहित्यका माध्यमबाट अभिव्यक्त गर्नुभयो।

### लोकप्रिय रचनाहरू

**लोकप्रिय गीतहरू**

'फुलको आँखामा फुलै संसार'
'सयथरी बाजा एउटै ताल, सयथरी गोडा एउटै चाल'
'झी झीगु निर्मिं मखुसां नेपाल निर्मिं'
'म्वायूमाः' आदि।

**मुख्य कविता तथा काव्यकृतिहरू**

उहाँका ५० भन्दा बढी कविता तथा काव्यकृति प्रकाशित छन्। तीमध्ये प्रमुख कृतिहरू यसप्रकार छन् :
'झसूका' (२०१४)
'लिसं' (२०१६)
'पीजा' (२०२४)
'सर्ग सिबें नं धरती नमिं ग्वाः' (२०२४)
'जि स्वयम्भू त्वाथः' (२०४२)
'याकः फल्चा' (२०४३)
'इन्कलवया पलाःसः' (२०४८)
'दूबो' (नेपाली कवितासंग्रह)
'ट्विस्ट र टर्न' (अंग्रेजीमा अनुवादित कवितासंग्रह)
'जंगल कविता'
'तपक' आदि।

**बालसाहित्य तथा बालगीत**

'चिनियाम्हा किसिचा' (२०२२)
(नेपालभाषाको अत्यन्तै लोकप्रिय बालकवितासंग्रह)
'सन्तको छाता'
'ताइभाबा'
'कुलिकासा'
'माछाबखाँचा'
'न्याउ न्याउ' आदि।
नाटक तथा गीतिनाटक
'निमन्त्रणा' (गीतिनाटक)
'इच्छाको सिमाना'
(बालखण्डकाव्य/नाटक)

उहाँको जीवनमा प्रेम र वियोगका अनुभवहरू विशेष रूपमा महत्त्वपूर्ण देखिन्छन्। प्रेमको अनुभूति कहिले अत्यन्त सुखद र आत्मीय हुन्छ भने कहिले त्यही प्रेमले पीडा र वियोग जन्माउँछ। मानिसको मनभित्र रहेको प्रेम, अभाव, मिलन र विछोडका अनुभूतिहरूले उसको जीवनलाई गहिरोसँग प्रभावित गर्छन्। उहाँले यिनै मानवीय अनुभूतिहरूलाई आफ्ना सिर्जनामा स्थान दिनुभयो।

यसै भावभूमिमा उहाँले 'झसूका' नामक कवितासंग्रहसँग सम्बन्धित सिर्जना गर्नुभएको देखिन्छ। 'झसूका' उहाँको मनभित्रको पीडा, करुणा र जीवन-अनुभूतिको अभिव्यक्ति हो। मरुभूमिजस्तो उजाड जीवनमा प्रेम र भावनाको खोजी गर्ने क्रममा उत्पन्न भएको करुण कथा नै 'झसूका'को मूल भाव हो। उहाँका लागि यो केवल साहित्यिक रचना मात्र नभई आफ्नै जीवन र अनुभूतिसँग गाँसिएको सिर्जना हो।

कविले आफ्नो जीवनयात्रामा विभिन्न किसिमका प्रेम, वियोग र पीडाका अनुभवहरू भोग्दै गए। कहिले मिलनले आनन्द प्रदान गऱ्यो भने कहिले वियोगले विवश बनायो। यस्तो परिस्थितिमा उहाँका आँखाबाट आँसु बगे पनि त्यस पीडालाई साहित्यिक सिर्जनामा रूपान्तरण गर्ने क्षमता उहाँमा थियो। पीडा, करुणा, वियोग र जीवनका विभिन्न अनुभूतिहरू उहाँका कविताका महत्त्वपूर्ण विषय बने।

उहाँका कवितामा कवि आफैं उपस्थित भएको अनुभव हुन्छ। उहाँ आफैं आफ्नो कविताभित्र बोलिरहनुभएको, आफ्नै अनुभूतिलाई अभिव्यक्त गरिरहनुभएको जस्तो लाग्छ। त्यसैले उहाँका कवितामा प्रेम, करुणा, वियोग, देशप्रेम तथा मातृभाषाप्रतिको माया गहिरो रूपमा व्यक्त भएको पाइन्छ। यिनै विशेषताले उहाँलाई 'जनकवि'का रूपमा स्थापित गर्न सहयोग गरेको देखिन्छ।

उहाँका कविताहरू केवल भावनाको अभिव्यक्ति मात्र होइनन्, तिनमा जीवनका विविध अनुभव, सामाजिक यथार्थ र मानवीय पीडाको चित्रण पनि पाइन्छ। उहाँका कविताको मूल स्रोत उहाँकै जीवनानुभूति र मानिसका सुख-दुःख हुन्। कवितामा प्रयोग भएको भाषिक लय, भावात्मकता र संगीतात्मकताले पाठकको मनलाई प्रत्यक्ष रूपमा स्पर्श गर्छ। त्यसैले उहाँका सिर्जनाहरू पाठकको अन्तरमनसम्म पुग्न सफल भएका छन्।

उहाँका सिर्जनामा मानिसको मनभित्र लुकेर रहेका पीडा, दुःख र संवेदनालाई विशेष स्थान दिइएको छ। कहिलेकाहीँ कविताले मनमा रहेका गहिरा घाउलाई छोएर पाठकलाई भावुक बनाउँछ। यही नै उहाँको कविताको विशेषता हो। उहाँले आफ्ना व्यक्तिगत अनुभूतिलाई मात्र नभई सामूहिक मानवीय अनुभूतिलाई पनि साहित्यमा स्थान दिनुभएको छ।

त्यसैगरी उहाँले प्रेमलाई केवल व्यक्तिगत सम्बन्धका रूपमा मात्र प्रस्तुत गर्नुभएको छैन। प्रेम स्वयं एउटा शक्तिशाली अनुभूति र जीवनलाई अर्थ दिने भावना उहाँका रचनामा उपस्थित छ। प्रेमका कारण मानिसमा उत्पन्न हुने आशा, उत्साह, पीडा, वियोग र स्मृतिहरू उहाँका साहित्यिक सिर्जनाका आधार बनेका छन्। यसरी उहाँ प्रेम र साहित्यसँग निरन्तर जोडिइरहनुभयो। उहाँको जीवनमा प्रेम एउटा स्थायी अनुभूति बनेर रह्यो। आज पनि सम्झँदा प्रेम र साहित्यसँग जोडिएको उहाँको व्यक्तित्व स्मरण हुन्छ। उहाँको जीवन र सिर्जनालाई हेर्दा उहाँ केवल एक समयका साहित्यकार मात्र नभई निरन्तर सम्झिरहन सकिने व्यक्तित्वका रूपमा स्थापित हुनुभएको देखिन्छ।

यसरी त्यो केटाले प्रेमको क्षेत्रमा प्रेमद्योत बनेर नाटक मात्र होइन, अरू पनि यस्ता गीत रचे, यस्ता कविता कोरे, प्रेममा आफूलाई समर्पण गरे र अन्त्यमा आफ्नो प्रेमिकाको जितौरी पनि लिएरै छाडे। जुन प्रेममा डुबुल्की मारिरहन्छन्, त्यो सदा जवान नै हुन्छ। हिजो पनि उहाँ जवान नै हुनुहुन्थ्यो, आज पनि जवान नै हुनुहुन्छ र भोलि पनि जवान नै रहिरहनुहुनेछ। यसरी अगाडि बढिरहेको यो व्यक्ति अरू कोही नभएर सबैले मन पराउने हाम्रा दुर्गालाल नै हुनुहुन्छ, सदाबहार जवान दुर्गालाल।

यी सिर्जनाहरूका माध्यमबाट उहाँ नेपाली साहित्य तथा मातृभाषाको प्रवर्द्धनमा निरन्तर सक्रिय रहनुभयो। साहित्य र मातृभाषाको प्रवर्द्धनमा पुऱ्याउनुभएको विशिष्ट योगदानको कदर गर्दै उहाँलाई 'जगदम्बा-श्री पुरस्कार' (२०६७) बाट समेत सम्मानित गरिएको थियो। त्यस्तै आगामी दिनमा उहाँको सम्मानमा विशेष अभिनन्दन गर्ने योजना थियो तर त्यसको खालि स्मृति मात्र बाँकी रह्यो।

दुर्गालाल श्रेष्ठको जीवन, प्रेम, साहित्य र मातृभाषाप्रतिको समर्पणलाई हेर्दा उहाँ कुनै एक समयका मात्र साहित्यकार होइन, पुस्तौंसम्म सम्झिइरहने स्रष्टा हुनुहुन्छ। उहाँका सिर्जनामा बाँचिरहेको प्रेम, संवेदना, विद्रोह र जीवनबोधले उहाँलाई सधैं जवान बनाइराख्नेछ। त्यसैले दुर्गालाल केवल नाम होइन, नेपाली र नेपालभाषी साहित्यको स्मृतिमा सदाबहार जवान रहिरहने एउटा जीवन्त व्यक्तित्व हो।

# अविश्रान्त यात्री विमल

पृष्ठ १ बाट

मैथिली तथा नेपालीमा अविच्छिन्न प्रतिबद्ध अक्षर जगत्‌का अविश्रान्त यात्री विमलप्रति अश्रुपूरित विनम्र श्रद्धा सुमनसँगै उनको जीवन यात्राबारे चर्चा गरौं। विमलको जन्म २६ मार्च १९४७ मा कुशेश्वर लाभका छोराको रुपमा जनकपुरधाम उपमहानगरपालिका वडा नं. १० देवीस्थानमा भयो। जनकपुरमा भएको घडेरीमा स्याल बास्यो भनेर गुरुपुरोहितले बस्न अनिष्ट-अशुभ हुने भनेकाले उनीहरूकै सल्लाहमा विमल परिवार धनुषा जिल्लाकै देवडिहास्थित खिरखिरिया गाउँमा बसाइ सऱ्यो।

**शिक्षा**

जनकपुरधामस्थित सरस्वती माविबाट माध्यमिक शिक्षा हासिल गरेका विमलले नेपाली, मैथिली एवं हिन्दीमा स्नातकोत्तर र भाषा विज्ञान विषयमा पिएचडी गरेका थिए।

**आजिविका**

आजिविकाका रुपमा उनले सुरुमा धनुषा जिल्लाको खजुरी हाइस्कुलमा अध्यापन गरे। त्यसपछि उनी पद्मकन्या क्याम्पस काठमाडौं हुँदै २०२९ सालदेखि रामस्वरुप रामसागर बहुमुखी क्याम्पस जनकपुरधाममा नेपाली विभागअन्तर्गत शिक्षण कार्यमा समर्पित भए। त्यहींबाट उनले अध्ययापन पेसाबाट अवकाश प्राप्त गरे।

**केही रोचक प्रसंग**

कविता कसरी कोर्ने सन्दर्भमा उनी सबैलाई आफ्नो अनुभव यसरी सुनाउँथे। पीडा, संघर्ष, प्रसवबिना कविता फुर्दैन। त्यसका लागि घोत्लिनु पर्छ, ध्यानमग्न भएर। सिर्जनाका लागि साधना चाहिन्छ। अब यो कार्य कसरी गर्ने त ? यसका लागि उनले आफ्ना मित्र रामचन्द्र मल्लिकालाई कविता सिर्जन गर्ने योजना सुनाए। योजनाअनुसार नै उनी घर नजिककैको बाह्रबिघा मैदानमा एकाबिहानै ४ बजेतिर कविता लेख्न बसे। केही फुरेन, त्यतिकैमा पूर्वमा उषाकालीन लालीमा आकाशमा देखिन थाल्यो। उनका मित्र मल्लिकले एक पंक्ति लेखे- सुवह सुवह प्रातः समय देखा रवी गोला। त्यसमै विमलले थपे अर्को एक पंक्ति- जैसा रामचन्द्र वैसा भोला। विमललाई घरमा भोला भनेर सम्बोधन गरिन्थ्यो किनभने उनी निकै भोलाभला देखिन्थे, र हो पनि। त्यतिबेला हिन्दीमै लेख्ने चलन पनि थियो।

एउटा अर्को रोचक प्रसँग छ। उनी ६ वर्षका थिए। त्यतिबेला उनी खुब बदमासी गर्थे। अनि उनलाई बुवाले खुब कुटे। बाल्यावस्थाको त्यो पीडालाई उनले हिन्दीमा लेखे। जुन यस प्रकार छ-

*अब दुःख सहा नहि जाता विधाता*
*घरमे जो आता तो बाबू पिताता*
*स्कूलमे पिटाई खाता, विधाता*
*अव दुःख सहा नहि जाता विधाता*

**प्रकाशन**

१२ वर्षको उमेरमा उनको पहिलो लघु कथा 'आर्यावर्त' हिन्दी दैनिकमा छापियो। १५ वर्षको उमेरमा आर्यावर्तमा प्रकाशित अर्को 'कचनार के पेंड' हिन्दी कथा धेरै नै लोकप्रिय भयो। यसै वर्ष मिथिला मिहीर (मैथिली मासिक)मा 'मुइल बच्चा' कथा प्रकाशित भयो। मिथिला मिहिरमा सन् १९६२ मा उनको पहिलो रचना बालकथा 'बकरीक दाही' छापियो। यसैगरी कथा 'विपतिया' मिथिला मिहिर (१५ मार्च १९६३)मा प्रकाशित भयो। मेट्रिक परीक्षा दिएर बसेका बेला उनले 'चान अहाँ उदास छी' उपन्यास लेखे।

त्यतिबेलादेखि नै उनी निरन्तर साहित्यिक विभिन्न विधामा रचनाशील भए। उनले कविता, कथा, गीत, गजल, नाटक, समालोचना, शोध, बाल साहित्य, फिल्मको पटकथा लेखन आदिमा निरन्तर कलम चलाए।

उनको पहिलो कथासंग्रह 'ई हमरे कथा थिक'(कात्तिक पूर्णिमा, २०६०), आकृति संस्था, जनकपुरद्वारा उपेन्द्र भगत नागवंशीको पहलमा प्रकाशित भयो। यसैक्रममा मैथिली विकास कोषद्वारा 'इतिहासक घाओ' २०७० पुसमा प्रकाशित भयो।

यसका अतिरिक्त 'बौआक पोथी (मैथिली बाल साहित्य)' जानकी पुस्तक भण्डारबाट छापियो। यसैगरी प्रो.परमेश्वर कापडिको पहलमा 'सूर्यास्तसँ पहिने (मैथिली गीत-गजल संग्रह )' पृथु प्रकाशनबाट छापियो।

लय संग्रौलाको निर्देशनमा पहिलो 'मिथिलाक व्यथा' नामक टेलिफिल्म तथा 'हंसा चलल परदेश' मैथिली टेलिफिल्मको पटकथा लेखे, जुन नेपाल टेलिभिजनबाट प्रसारित भयो। त्यसले त्यतिबेला खुबै प्रशंसा पायो।

२०५० को दशकयता उनका गीति क्यासेट, एल्बमलगायतका सांगीतिक कोसेली अझै पनि निकै चर्चामा छन्।

उनको 'मिथिला गौरव' भने अनुसन्धानमूलक कृति निकै महत्त्वपूर्ण मानिन्छ। नाटकहरूमा- सीता, नौटंकी चलि रहल अछि, खाली हाथ, दोहाइ बाबा भुइयाँ आदि चर्चित छन्। यसका अतिरिक्त उनले मैथिलीका महत्त्वपूर्ण पत्रिकाहरू मिथिला मिहिर, गामघर, आँजुर, अर्चना, सोनामाटि, वैदेही, उत्खनन आदिमा रचना प्रकाशित छन्।

विमल नेपाली तथा मैथिली भाषामा अविछिन्न प्रतिबद्ध लेखक थिए। नेपाली भाषामा प्रकाशित उनका कृतिहरूमा गद्य, पद्य र नाटक (नेपाली आलोचना), नेपाल परिचय, जय जनकपुर जय श्री जानकी, फिस्टीरानी (बाल साहित्य), राजेन्द्र विमलका कथाहरू, मिथिलाको इतिहास, संस्कृति र कला परम्परा, समयका आँखा (कथासंग्रह), सरबरिया टोल (कथा संग्रह), नेपाली सञ्जीवनी (व्याकरण), खहरेको तिर्खा (उपन्यास) र नयाँ जनकपुर नयाँ श्री जानकी आदि छन्।

सन् १९६६ पछि उनले गोरखापत्र, पञ्चवाणी, बैदेहीलगायतक पत्रपत्रिकामा लेख्न थालेका थिए। उनको 'बन्धनबाट मुक्ति' कथा २०७३ सालको पाठ्यक्रमअनुसार कक्षा ९ को अनिवार्य नेपाली विषयमा समावेश छ। त्यस्तै विमलको 'लंका दहन' कथा स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समावेश छ। उनका धेरै रचना गोरखापत्र, मधुपर्क, गरिमा, विभिन्न संघसंस्थाद्वारा प्रकाशित स्मारिका, जर्नल आदिमा प्रकाशित छन्।

विमलले 'खट्टर काकाक तरंग', जनकपुरका सन्त साहित्यका रामप्रिया शरणद्वारा १७औं शताब्दीमा रचित महाकाव्य 'श्री सीतायण' (हिन्दी), सम्पादन गरे, जसलाई जनकपुर उद्योग वाणिज्य संघले प्रकाशित गऱ्यो। उनले 'रमेश रञ्जनक संगोर' नामक उपन्यासलाई नेपालीमा अनुवाद गरेका छन्। जलाधि (जलाधारके इतिहास) पनि लेखे उनले।

**सम्मान**

विमल अनेकौं संघसंस्थाद्वारा पुरस्कृत एवं सम्मानित थिए। नेपाल विद्यापति भाषा-साहित्य पुरस्कार २०६८, जगदम्बा-श्री पुरस्कार २०६६, नेपाल प्रज्ञा सामाजिक शास्त्र, संस्कृति तथा दर्शन प्रज्ञा पुरस्कार २०६९-२०७०, राष्ट्रिय कलाश्री पुरस्कार २०६९, डा. धीरेन्द्र साहित्य-संस्कृति पुरस्कार २०७१, मैनाली कथा पुरस्कार २०७४, आदिकवि भानुभक्त पुरस्कार २०७४, विद्यापति स्मृति पदक २०६०, गरिमा सम्मान, सिद्धी श्री पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, प्रतिभा सम्मान-२०२०, राज्यलक्ष्मी कृति पुरस्कार २०७९, बिपी. कोइराला स्मृति साहित्य सम्मान २०८०, चन्द्रकला खनाल अहिंसा स्रष्टा सम्मान २०८०, गोपालप्रसाद रिमाल सम्मान, कुलचन्द्र कोइराला सम्मान, मिथिला विभूति सम्मान, वैद्यनाथ-सियादेवी मैथिली पुरस्कारबाट उनी सम्मानित भएका थिए। उनलाई भानुजयन्ती २०८१ को अवसरमा भानु प्रतिष्ठानले डा. दयाराम श्रेष्ठ 'सम्भव'सँगै काठमाडौंमा रथारोहण गराएको थियो।

विभिन्न सांस्कृतिक, साहित्यिक एवं शैक्षिक कार्यक्रममा कयौंपटक प्रमुख अतिथि भएका उनी अनेकौं संघसंस्थाका सल्लाहकार पनि थिए।

उनका रचनामा स्वर तथा प्रवृत्ति विपुल साहित्यका रचनाकार डा. विमलका अधिकांश मैथिली साहित्य असंकलित छन्। चार दशकभन्दा लामो समयसम्म प्राध्यापन गरेका विमल आफ्नो प्रज्ञा र प्रभाव, सिर्जन र समीक्षण, शालीन र भद्र व्यक्तित्व तथा साहित्यिक गुरुका रुपमा जनकपुर परिसरमा समादृत थिए। गीत, गजल, कविता, कथा, नाटक, टेलिसिरियल, उपन्यास, समालोचना, बालसाहित्यमा कलम चलाएका विमल कुशल सम्पादक, अनुवादक र भाषाविद् पनि थिए। मैथिली संस्कारमा प्रायशः सबै साहित्यकारका पुस्तक तथा कृतिको अग्रभागमा भूमिका, शुभांषा विमलले लेखेका थिए।

उनको सिर्जनमा नेपालका ऐतिहासिक सत्यको स्थापना छ। नेपाल भित्रका मिथिला, मिथिलाका लोक, चेतना, पीडा, प्रेम, वियोग, छटपटी, आक्रोस, विक्षोभ र विद्रोहक मौलिक एवं उत्कृष्ट शिल्प झल्किन्छ। समाज एवं राजनीतिबाट उत्पन्न तनाव एवं परिणामलाई स्वतन्त्र एवं निजी सिर्जनात्मक पर्यवेक्षण उनको रचना संसारमा पाइन्छ।

**शोकमा, मिडिया र सञ्जाल**

विमलको अन्त्येष्टिमा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल जनकपुरधाम आएका थिए। उनको अन्तिम बिदाइमा नेपाल प्रहरीले सलामी अर्पण गऱ्यो। धनुषाको नगराइन र सबैला नगरपालिकाले शोक बिदा दिए। जनकपुरधाम उपमहानगरपालिकाका जनजनका आदरणीय विमल सरको निधनमा शैक्षिक संस्थामा एक दिन शोक बिदा भयो। श्रद्धाञ्जली सभा हुँदैछन्।

**अन्त्यमा**

डा. विमलको लेखनमा राष्ट्र र मैथिल चेतना, मातृभाषाप्रति निष्ठा र अगाध प्रेम प्रष्फुटित भएको पाइन्छ। उनका छरिएका अप्रकाशित रचना प्रकाशित गरियोस्। नेपाल प्रज्ञा प्रतिष्ठानबाट दिइने गरी उनको नाममा प्रतिष्ठित साहित्यकारलाई प्रत्येक वर्ष राम्रो राशिको सम्मान घोषणा सरकारले गरोस्। उनको सम्मानमा समग्र 'डा. विमल' नामक एउटा ठुलो कृति निकालियोस्। यो नै उनीप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ।

(मण्डल धनुषाका क्रियाशील पत्रकार हुन्)


**सम्पूर्ण शेयर सदस्यहरुमा जारी सूचना।**

(प्रकाशित मिति २०८३ साल भाद्र महिना ६ गते शनिबार)

यस सिभिक बहुउद्देश्यीय सहकारी संस्था लि.मा खराव ऋण असुलीको लागी केही समय करारमा नियुक्त **श्री राम कृष्ण गुनि**को कार्यकाल मिति २०८३/०४/०५ देखि समाप्त भईसकेको र संचालक समितिको मिति २०८३/०३/३० को निर्णयले निजको सट्टामा कर्मचारी नियुक्त गर्ने समेत निर्णय भएकोले निज **राम कृष्ण गुनि** मिति २०८३/०४/०५ गते देखि यस संस्था सँग आबद्ध हुनु हुन्न। तसर्थ निज सँग संस्थाको कुनै पनि आर्थिक कारोवार नगर्न, नगराउन सम्पूर्ण शेयर सदस्यहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो पश्चात निज सँग यस संस्थाको कुनै आर्थिक कारोबार गरेमा यस संस्था जवाफदेहि नहुने, स्वयंम आफै जवाफ देहि हुनुपर्ने समेत शेयर सदस्यहरुमा जानकारीका लागि यो सूचना गरिएको छ

CIVIC MULTIPURPOSE CO-OPERATIVE LTD.
सिभिक बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.न.पा.२६, लैनचौर, काठमाण्डौ, फोन : ४५४४८००, ४५४४७००

# नापजाँच सुरु भएपछि स्थानीय र जग्गाधनीबिच झडप

**कृष्ण किसी**

*भक्तपुर, भदौ ५*

चाँगुनारायण नगरपालिका- १ नैनडाँडा सरस्वती खेल दुवाकोटस्थित व्यक्तिका नाममा रहेको भनिएको १६ रोपनी जग्गा नापजाँच सुरु भएपछि झडप भएको छ। शुक्रबार जग्गा नापजाँच गर्न आएका जग्गाधनी र स्थानीयबिच झडप भएको हो। सयौंको संख्यामा रहेका स्थानीयले दर्जनको संख्यामा रहेका जग्गाधनीलाई लखेटेका थिए।

झडपपछि सुरक्षाका लागि त्यहाँ प्रहरी पुगेको थियो। प्रहरीले झडपलाई नियन्त्रणमा लिएको थियो। तथापि स्थानीयले केही जग्गाधनीलाई कुटपिटसमेत गरेका थिए। जग्गा नापजाँचका लागि फिल्डमा आउने खबर पाएपछि बिहानैदेखि सयौं स्थानीयबासी नैनडाँडामा भेला भएका थिए। त्यसपछि बिहान कार्यालय समयमा उनीहरू जग्गा नाचजाँच गर्न नैनडाँडा पुगेका थिए। जग्गा नापजाँच सुरु भएपछि झडप हुन थालेको थियो।

सयौं वडाबासी प्लेकार्ड बोकेर बिहानै त्यहाँ पुगेका थिए। 'सार्वजनिक जग्गा निजी हुन दिन्नौं' लगायतका नारा लेखिएका प्लेकार्ड हातहातमा बोकेर स्थानीय बसिरहेका थिए। जग्गा नापजाँच थालेपछि त्यहाँ नाराबाजी सुरु भएको थियो। त्यसपछि घटना असामान्य हुँदै झडपमा परिणत भएको थियो। घटना असामान्य बन्न थालेपछि प्रहरी सुरक्षार्थ खटिएका थिए। जग्गा नापजाँचको खबर पाएपछि जग्गा रहेको चाँगुनारायण नगरपालिका- १ दुवाकोटका अध्यक्ष सिजन कार्कीलगायतका जनप्रतिनिधि र अभियन्ता पनि त्यहाँ पुगेका थिए। सयौं वडाबासी पनि जम्मा भएका थिए। नापजाँच सुरु भएपछि विवाद बढेको थियो। निजी भनिएको जग्गा सार्वजनिक प्रयोगमा छ। पर्ती जग्गा लामो समयदेखि सार्वजनिक प्रयोजनमा प्रयोग हुँदै आएको स्थानीयले जनाएका छन्। यो क्षेत्रमा स्थानीय बासिन्दाको दैनिक जीवनयापनका लागि आवश्यक पानीट्यांकी, कालभैरव मन्दिर, सार्वजनिक बस बिसौनी तथा खानेपानी संस्थानको कार्यालयलगायतका संरचना छन्।

झडपपछि पनि दिनभर स्थानीय त्यहीं पहरा दिई बसेका थिए। यस क्रममा जनसभासमेत भएको थियो। जनसभामा चाँगुनारायण नगरपालिका- १ का अध्यक्ष सिजन कार्कीले परापूर्वकालदेखि सार्वजनिक रहेको जग्गा निजी हुन नदिने र यसका लागि संघर्ष जारी राख्ने उनले बताए।

२० वर्षदेखि जग्गा संरक्षणका लागि संघर्ष गर्दै आएको बताउने स्थानीय श्याम अवालले दशकौंदेखि जग्गा सार्वजनिक प्रायोजनमा रहेको जानकारी गराए। हालसम्म कसैले पनि निजी प्रायोजनका लागि जग्गा भोगचलन गर्न नआएको उनको भनाइ छ। जग्गा संरक्षणका लागि स्थानीयले नैनडाँडा जग्गा संरक्षण समिति बनाई संघर्ष पनि गर्दै आएका छन्। समितिका अध्यक्ष गौरीमान सिंह थापाले आफू गाउँ विकास समितिको अध्यक्ष हुँदादेखि जग्गा सार्वजनिक प्रायोजनमा रहेको जानकारी गराए। २०४२ सालतिर आफू गाउँ विकास समितिको उपाध्यक्ष एवं तत्कालीन जिल्ला विकास समिति भक्तपुरको उपाध्यक्ष हुँदादेखि नै त्यो जग्गा सार्वजनिक हुनुपर्छ भनेर आफू निरन्तर संघर्षमा रहेको उनले जनाए। साविक दुवाकोट गाविस- ८(ख) हाल चाँगुनारायण नगरपालिका- १ स्थित १६ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको भन्दै त्यसको दर्ता बदर गरी सरकारका नाममा कायम गर्न स्थानीय निरन्तर आन्दोलनरत रहेको उनले जनाए।

# सरकारी वेबसाइट अपांगतामैत्री नहुँदा सूचनाबाट वञ्चित

**वसन्त ढुंगाना**

*चितवन, भदौ ५*



भरतपुर महानगरपालिका- १५ फूलबारीकी निरिता पौडेल दृष्टिविहीन छिन्। स्नातक अध्ययनरत २० वर्षीया पौडेलले कक्षा १२ पास गरेपछि लोकसेवा आयोगको परीक्षा निरन्तर दिइरहेकी छन्, तर उनलाई आयोगले निकाल्ने सूचना थाहा पाउन मुस्किल पर्छ।

'लोकसेवा आयोगले विज्ञापन खुलाउँछ। फर्म भरेपछि परीक्षा सेन्टर हेर्नुपर्छ। परीक्षा सेन्टर फोटोका (लेटरप्याडमा लेखिने) रूपमा लेखिन्छ र पिडिएफ भए पनि राम्रोसँग स्क्रिन रेकर्डर सफ्टवेयरले पढ्दैन', उनले आफ्ना समस्या सुनाउँदै भनिन्, 'परीक्षा नजिता हेर्दा पनि उस्तै समस्या हुन्छ।' विभिन्न मन्त्रालय तथा पालिकाले वेबसाइड तथा सामाजिक सञ्जालमा हाल्ने सूचनामा अल्टरनेटिभ टेक्स प्रयोग नगर्दा अपांगता भएकाहरूले सूचनाबाट बञ्चित हुने गरेको उनले बताइन्।

सरकारी निकायबाट सार्वजनिक गरिने सूचनाबाट वञ्चित हुनुपरेको अपांगता भएका व्यक्तिहरूले गुनासो गरे। 'सरकारले सूचना दिनका लागि वेबसाइड र फेसबुक सञ्जाल एकाउन्ट बनाएको छ। अहिले सञ्चालित सरकारी वेबसाइडहरू हाम्रा लागि उपयुक्त छैनन्। त्यहाँ राखिने सूचना हाम्रो पहुँचभन्दा बाहिर छन्', उनले भनिन्, 'फोटोमा सूचना आउँदा त्यसलाई हाम्रा स्क्यानरले पढ्न सक्दैनन्।' सरकारी वेबसाइडहरू अपांगतामैत्री नहुँदा सम्बन्धित कार्यालयबाट हुने सेवा सुविधा लिनबाट बञ्चित हुनुपरेको उनले बताइन्।

'सार्वजनिक सूचनाको पहुँच बाहिर हुँदा आफ्ना हक अधिकारका लागि लड्न पाइएको छैन। कति साथीहरू लोकसेवाले निकाल्ने सूचनासमेत थाहा पाउँदैनन्', उनले भनिन्, 'सूचनाको पहुँच नहुँदा आफ्नो अधिकारका लागि आवाज उठाउनसमेत पाइँदैन।' पत्रमा भएका विषयवस्तु टेक्समा भए स्क्रिन रिडर सफ्टवेयरले पढ्न सक्ने उनले बताइन्। अपांगता भएका व्यक्तिलाई सूचनाको पहुँचमा ल्याउन वेबसाइडहरूमा अल्टरनेटिभ टेक्स राख्नुपर्ने उनको भनाइ छ।

बागमती प्रदेश सरकारले अपांगता भएका व्यक्तिका लागि लक्षित गर्दै पाँच वर्षदेखि अपांगता सूचना केन्द्र स्थापना गरेको छ। यसका लागि बागमती प्रदेशको स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयले प्रत्येक वर्ष २० लाख रुपैंयाँ बजेटसमेत विनियोजन गर्दछ। तर यही कार्यालयले प्रवाह गर्ने सूचनासमेत अपांगतामैत्री नभएको शिक्षक सागर चौधरी बताउँछन्। 'विशेषगरी अपांगता भएका व्यक्तिहरूले सूचना पाउन सकिरहेका छैनन्', चौधरीले भने, 'सरकारले सूचना प्रवाह गर्दा क्याप्सनिङ, भिडियो दोभासेहरू राख्नुपर्छ। दृष्टिविहीनका लागि फन्डसाइड हुन्छन्। स्क्रिन रेकर्डरले पढ्न सक्ने गरी सूचना प्रवाह गर्नुपर्छ। यस्तो विषय अपांगता सूचना केन्द्रले समेत राख्न सकेको छैन।' ग्लोबल एक्सेसिबिसिटी गाइडलाइनअनुसार वेबसाइडहरू तयार गर्नुपर्ने उनले बताए।

अपांगतामैत्री प्राविधिक संयन्त्रको विकास भइसकेको कतिपय अवस्थामा पनि ती संयन्त्र अझै दैनिक प्रयोगमा आउन सकेको छैन। जसका कारण विभिन्न प्रकारका अपांगता भएका नागरिक महत्त्वपूर्ण सूचनाबाट वञ्चित हुनुपरेको छ। आगामी दिनमा बागमती प्रदेश सरकारले अपांगता मैत्री सूचना प्रवाहका लागि काम गर्ने स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका प्रवक्ता रुद्र शर्माले बताए।

सूचना मैत्री वेबसाइड अहिले प्रधानमन्त्री कार्यालयले बनाएको छ। वेबसाइड नै नभएका पालिकाहरू पनि छन्। 'हामी चरणमा महानगरपालिका, उपमहानगरपालिकालाई अपांगतामैत्री सूचना प्रवाहका लागि अनुरोध गर्दछौं', उनले भने, 'त्यसपछि विस्तारै अन्य पालिकामा पनि काम गर्दछौं।' उनले अपांगतामैत्री सफ्टवेयरका विषयमा समेत जानकारी दिन आग्रह गरे।

भरतपुर महानगरपालिका स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख सुशीला वाग्लेले समावेशिताका आधारमा काम गरिरहेको बताएकी छन्। नेत्रहीन युवा संघ नेपालले आयोजना गरेको बहुसरोकारवाला संवाद कार्यक्रममा बोल्दै वाग्लेले अपांगता भएका व्यक्तिको पहिचानका लागि काम गरेको बताउँदै यस वर्ष अपांगता भएका व्यक्तिको उद्यमशीलता विकासका लागि पाँच लाख रुपैयाँसमेत विनियोजन गरेको बताइन्।

# नयाँ मेसु आएपछि चिकित्सकको राजीनामा

**महेश्वर चामलिङ राई**

*उदयपुर, भदौ ५*

सदरमुकामस्थित सरकारी उदयपुर जिल्ला अस्पतालमा नयाँ हाकिमका डा. सन्तोष राई आएका छन्। साउन २५ गते नवौं तहका डा. सन्तोष राई मेडिकल सुपरिटेन्डेन्टका रूपमा हाजिर भएदेखि कर्मचारीवृत्तमा खैलाबैला मच्चिएको अस्पताल स्रोतले जनाएको छ।

रिक्त रहेको मेसुमा सरुवा लिएर आएका नवौं तहका डा. सन्तोष राईले हाजिर भएलगत्तै कर्मचारी प्रशासनमा कडाइ गर्नुले अस्पतालमा खैलाबैला मच्चिएको हो। डा. राई सरुवा भएर आएलगत्तै कर्मचारी बैठक राखेर अस्पताल सुधार योजना बनाउने बताए। सरकारले यसअघिका मेसु डा. वीरेन्द्र मण्डल सप्तरी तानेपछि प्रशासनिक भद्रगोल बढ्नुका साथै अस्पतालको उपचार सेवा प्रभावित भएको थियो।

डा. राईले स्वास्थ्यकर्मी र कर्मचारी प्रशासनलाई व्यवस्थित गर्न लागेपछि केही डा. कर्मचारीले असहमति जनाउँदै तीनजना डाक्टरले राजीनामा दिएका थिए। उनीहरूको राजीनामा शुक्रबार स्वीकृतसमेत भक्ससकेको छ। तीनजना डाक्टरको राजीनामासँगै स्थायी सेवामा रहेका गाइनोकोलोजी विशेषज्ञ डा. मुकेश झाले पनि सरुवा लिने तयारी गरेको बताएका छन्। डा. झा यसअघि आफैं मन्त्रालय पुगेर सरुवा मागेको बताए। डा. झा नयाँ मेसुका रूपमा डा. राई आउनुअघि निमित्त कार्यालय प्रमुखको जिम्मेवारीमा थिए। स्त्रीरोग विशेषज्ञ डा. झाको सरुवा कटारी अस्पतालमा गर्ने निर्णय भइसकेको प्रदेश मन्त्रालय स्रोतले जनायो। प्रदेश सरकारमातहत स्थायी चिकित्सक डा. झा आउँदो सोमबारभित्रै रमाना लिएर जाने तयारीमा छन्।

जिल्ला अस्पतालमा मेसु डा. राई र झा गरी दुईजना मात्र स्थायी विशेषज्ञ हुन्। अन्य कार्यरत दर्जन विशेषज्ञ चिकित्सकहरू छात्रवृत्ति करार, प्रदेश करार, कार्यक्रम करार तथा अस्पताल विकास समितिबाट नियुक्त करार हुन्। झाको सरुवा भएमा स्थायी चिकित्सकमा मेसु राई मात्र रहने र बाँकी सबै करार सेवाबाट काम चलाउनुपर्ने छ। ५० शय्या स्वीकृत दरबन्दी रहेको उदयपुर जिल्ला अस्पतालले हाल ८५ शय्यामा उपचार सेवा प्रदान गरिरहेको छ। बालरोग विशेषज्ञ एकजना, सर्जन दुई, इन्टरनल मेडिसिन दुई, अर्थोपेडिक तीन, रेडियोलोजिस्ट एक, स्त्रीरोग विशेषज्ञ दुई तथा दन्तरोग विशेषज्ञ दुईजना कार्यरत छन्।

# गरुडाको बजेट ८५ करोड

**मदन ठाकुर**

*रौतहट, भदौ ५*




निर्धारित समयभन्दा करिब दुई महिना ढिलो गरी रौतहटको गरुडा नगरपालिकाको १५औं नगरसभा अधिवेशन तथा १०औं बजेट अधिवेशन सम्पन्न भएको छ।

जनप्रतिनिधिबिचको आन्तरिक विवादका कारण लामो समयदेखि रोकिएको नगरसभा सम्पन्न भएसँगै नगरपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ का लागि ८५ करोड ३७ लाख ८५ हजारको बजेट प्रस्तुत गरेको जनाएको छ।

नगरपालिका कार्यालयको सभाहलमा नगर प्रमुख कन्थमनिप्रसाद जयसवालको अध्यक्षतामा सम्पन्न नगरसभामा उपप्रमुख पुनम कुमारी चौधरीले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेकी थिइन्।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय तहले असार १० भित्र आगामी आर्थिक वर्षको बजेट नगरसभामा पेस गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ। गरुडामा जनप्रतिनिधि र कर्मचारीबिच देखिएको आन्तरिक विवादका कारण निर्धारित समयमै नगरसभा हुन नसक्दा बजेट तथा नीति-कार्यक्रम सार्वजनिक गर्न ढिलाइ भएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले प्रस्तुत गरेको बजेटमा ३२ करोड १९ लाख ५ हजार रुपैयाँ पुँजीगत र ५३ करोड १८ लाख ८१ हजार रुपैयाँ चालु खर्चतर्फ विनियोजन गरिएको नगर प्रमुख जयवालले बताए।

नगरपालिकाको अनुमानित आम्दानीमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १३ करोड ४५ लाख, राजस्व बाँडफाँड ११ करोड ९२ लाख ८२ हजार, सशर्त अनुदान चालुतर्फ २४ करोड ८६ लाख र पुँजीगततर्फ १ करोड ९१ लाख रुपैयाँ रहेको छ।

यसैगरी विशेष तथा समपूरक अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व र स्थानीय राजस्व बाँडफाँड र आन्तरिक आयसमेतलाई बजेटको स्रोतका रूपमा समेटिएको नगरपालिकाले जनाएको छ। आन्तरिक आयबाट मात्रै १६ करोड १९ लाख ७० हजार प्राप्त हुने अनुमान छ।

# लुम्बिनीमा विपद्मा परी ८५ जनाको मृत्यु

**देवेन्द्र बस्नेत**

*दाङ, भदौ ५*

लुम्बिनी प्रदेशमा विपद्बाट झन्डै तीन महिनाको अवधिमा ८५ जनाको मृत्यु भएको छ। यसैगरी १३ जना घाइते भएका छन् भने दुईजना बेपत्ता छन्। प्रदेश विपद् व्यवस्थापन परिषद्का अनुसार जेठ १८ देखि भदौ ३ सम्म मनसुनजन्य विपद्का ९१ वटा घटना भएका छन्। ती घटनामा ८५ जनाको मृत्यु, १३ जना घाइते र दुईजना बेपत्ता भएको परिषद्ले जनाएको छ। सबैभन्दा बढी पानीमा डुबेर ५८ जनाको मृत्यु भएको छ। यसैगरी पहिरोमा परेर २०, बाढीमा परेर ४, चट्याङमा परेर तीनजनाको मृत्यु भएको छ।

जिल्लागत विवरणअनुसार सबैभन्दा बढी रोल्पामा २० जनाको विपद्मा परी मृत्यु भएको छ। तीनजना घाइते भएका छन् भने एकजना अहिलेसम्म बेपत्ता छन्। रोल्पामा केही दिनअघिको पहिरोले विपत्ति निम्त्याएको छ। यसैगरी दाङमा १४ जनाको मृत्यु भएको छ। दुईजना घाइते भएका छन्। बर्दियामा विपद्मा परी ९ को मृत्यु भएको छ भने एकजना बेपत्ता भएका छन्।

यसैगरी प्यूठानमा आठजना, रुपन्देहीमा आठजनाको मृत्यु भएको छ भने कपिलवस्तुमा सातजनाको मृत्यु र एकजना घाइते, नवलपरासीमा सातजनाको मृत्यु र दुईजना घाइते भएका छन्। यसैगरी बाँकेमा चारजनाको मृत्यु र दुई घाइते, पाल्पामा चारजनाको मृत्यु र एकजना घाइते, गुल्मीमा तीनजनाको मृत्यु र रुकुमपूर्वमा एकजनाको मृत्यु र एकजना घाइते भएको परिषद्को तथ्यांकमा उल्लेख गरिएको छ। यसैगरी विपद्जन्य घटनामा ३२ पशु चौपाया मरेका छन्। १६ परिवार विस्थापित भएका छन्।

# सुदूरपश्चिम सरकार विस्तार

**दिलबहादुर छत्याल**

*धनगढी, भदौ ५*

सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री खगराज भट्टले मन्त्रीमण्डल विस्तार गरेका छन्। प्रदेश सरकारमा मुख्यमन्त्री भट्टले नेकपाका तर्फबाट तीनजना मन्त्री र दुईजना राज्यमन्त्री बिहीबार नियुक्त गरेका छन्।

नेकपाको भागमा परेका भौतिक पूर्वाधार विकासमन्त्रीमा ओमप्रकाश भाट सरल, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीमा प्रकाश रावल र आन्तरिक मामिलामन्त्रीमा खुसीराम चौधरीलाई नियुक्त गरिएको छ। यसअघि यी मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री भट्टले आफैंसँग राखेका थिए। यसैगरी जानकी कुँवर पौडेल, भौतिक पूर्वाधार विकास राज्यमन्त्री र इन्दिरा गिरी उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्रीमा नियुक्त भएका छन्। नियुक्त गरिएका मन्त्रीहरूलाई प्रदेश प्रमुख नजिर मियाँले बिहीबार साँझ पद तथा गोपनीयताको शपथ खुवाएका छन्। नेकपाको भागमा परेका पाँच मन्त्रीको नियुक्तिसँगै प्रदेश सरकारले पूर्णता पाएको छ। सुदूरपश्चिम प्रदेश सरकारको मन्त्रीमण्डल मुख्यमन्त्रीसहित १० सदस्यीय बनेको छ।

सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व गरेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लाई मन्त्रीहरू छनोट गर्न सकस परेको थियो। प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेका नेकपा सुदूरपश्चिम प्रदेशसभा संसदीय दलका नेता खगराज भट्टले मन्त्री छनोट नगरी विश्वासको मत लिएका थिए। सुदूरपश्चिम प्रदेशसभामा रहेका तीन घटक मिलेर बनेको नेकपामा सबैलाई भाग मिलाएर मन्त्री छनोट गरिएको छ। तत्कालीन नेकपा माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी र नेकपा एकीकृत समाजवादीबाट निर्वाचित प्रदेशसभा सदस्यलाई मिलाएर मन्त्री छानिएको हो।

मन्त्री भाट तत्कालीन माओवादी केन्द्रबाट, रावल तत्कालीन एकीकृत समाजवादी र चौधरी तत्कालीन नागरिक उन्मुक्ति पार्टीबाट निर्वाचित प्रदेशसभा सदस्य हुन्। आकांक्षी धेरै भएकाले नेकपाको भागमा परेका मन्त्रीहरू छनोट गन सकस हुँदा प्रदेश सरकार विस्तारमा ढिलाइ भएको थियो। गत साउन ९ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका अध्यक्ष पुष्पकमल दाहालबिच भएको सहमतिअनुसार सुदूरपश्चिम प्रदेश सरकार नेकपा नेतृत्वमा बनेको हो।

नेकपा र नेकपा एमालेबिच एक राज्यमन्त्री र तीन मन्त्री नेकपा एमालेले तथा दुई राज्यमन्त्री र तीन मन्त्री नेकपाले पाउने सहमति भएको थियो। मुख्यमन्त्री भट्टले पद तथा गोपनीयताको शपथ खाएकै दिन गत साउन २९ गते नेकपा एमालेका तर्फबाट चार मन्त्रीलाई नियुक्त गरेका थिए। एमालेको तर्फबाट सामाजिक विकासमन्त्री सन्तोषी थापा शर्मा, आर्थिक मामिलामन्त्री चक्र मल्ल र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री दमन भण्डारी र आर्थिक मामिला राज्यमन्त्री जानकी बम ऐर बनेका छन्।

# शक्तिशाली एल निनोको चेतावनी

**पृष्ठ १ बाट**

तर एउटा कुरा स्पष्ट छ- अहिले एल निनो पहिलेभन्दा तातो भइरहेको पृथ्वीको पृष्ठभूमिमा भइरहेको छ। त्यसैले यसको मौसमसम्बन्धी प्रभाव अझ गम्भीर हुन सक्छ।

**विश्वभर पर्ने सम्भावित प्रभाव**

समुद्रमा तापको वितरण र वायुमण्डलको हावाको ढाँचामा हुने परिवर्तनले विश्वभरको मौसममा व्यापक असर पार्न सक्छ।

त्यसो त हरेक एल निनो एउटै खाले हुँदैन। यसको प्रभाव क्षेत्रअनुसार फरक हुन्छ। तर सन् २०२६ मा दक्षिण एसियाली मनसुनमा यसको प्रभाव देखिन थालेको वैज्ञानिकहरूले बताएका छन्। एल निनो भएका वर्षमा दक्षिण एसियाली मनसुन कमजोर हुने सम्भावना हुन्छ। यस वर्ष भारतमा मनसुनको वर्षा सामान्यभन्दा कम भइरहेको छ।

विगतका एल निनो घटनाले कफी, धान र कोकोजस्ता कृषि उत्पादनमा असर पुऱ्याएका छन्। यसले खाद्यान्नको मूल्य बढाउने र विश्व अर्थतन्त्रमा ठुलो क्षति पुऱ्याउने गरेको छ। यसै महिनाको सुरुमा संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनले यो एल निनोका कारण जोखिममा रहेका देशका करोडौं मानिस खाद्य संकटमा पर्न सक्ने चेतावनी दिएको थियो।

सन् २०२७ सबैभन्दा तातो वर्ष बन्ने सम्भावना

मानवीय गतिविधि, विशेषगरी जीवाश्म इन्धन (कोइला, तेल र ग्यास) जलाउँदा पृथ्वीको औसत तापक्रम १९औं शताब्दीको अन्त्ययता करिब १.४ डिग्री सेल्सियस बढिसकेको छ। एल निनोका बेला समुद्रबाट वायुमण्डलमा ठुलो मात्रामा ताप निस्कने भएकाले विश्व तापक्रम केही समयका लागि थप बढ्छ। बेलायतको मौसम कार्यालयका जलवायु वैज्ञानिक डा. निक डन्स्टोनका अनुसार एल निनोको प्रभाव त्यसको चरम अवस्था पुगेको हिउँदपछिको अर्को वर्षमा बढी देखिन्छ।

'त्यसैले सन् २०२७ ले सन् २०२४ लाई उछिन्दै अहिलेसम्मकै सबैभन्दा तातो वर्षको कीर्तिमान बनाउने सम्भावना धेरै छ,' उनले भने। (बिबिसी)

# पूर्वतयारी आवश्यक : ऊर्जामन्त्री




काठमाडौं, भदौ ५ (नागरिक)- ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले एल निनोको संकटसँग जुध्न नेपालले गम्भीरताका साथ पूर्वतयारीमा लाग्नुपर्ने बताएका छन्। 'यो गम्भीर विषय हो, विपत् आउनुअघिको पूर्वतयारी महत्त्वपूर्ण हुन्छ,' जल तथा ऊर्जा आयोगको सचिवालय र जल तथा मौसम विज्ञान विभागले शुक्रबार आयोजना गरेको सुपर एल निनो र जलवायु जोखिमसम्बन्धी राष्ट्रिय गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले बताए। एलनिनोले नेपालको कृषि क्षेत्र, जलविद्युत्, सिँचाइ र समग्र खाद्य सुरक्षामा पार्ने गम्भीर असरबारे समयमै चनाखो बन्नुपर्ने उनको भनाइ थियो।

मन्त्री श्रेष्ठले अन्तर्राष्ट्रिय समाचार माध्यमले हर्मुज जलमार्गमा पारवाहन रोकिएको समाचार ठुलो महत्त्व दिने तर आफ्नो कुनै भूमिका नहुँदा पनि जलावयु परिवर्तनको जोखिममा नेपाल परिरहेको विषय ठुलो समाचार बन्ने नगरेको भन्दै गुनासो गरे। 'अन्तर्राष्ट्रिय समुदायले हाम्रो विषय र चासोलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ,' उनले भने। जल तथा मौसम विज्ञान विभाग तथा जल तथा ऊर्जा आयोगको सचिवालयले आयोजना गरेको उक्त गोष्ठीमा सुपर एल निनो आकस्मिक योजनाको मस्यौदालाई परिमार्जन गर्न समूहगत छलफल गरिएको थियो।

# छाता र पालको सहारामा न्यायको याचना

**पृष्ठ १ बाट**

अझैसम्म सरकार तथा राज्य पक्षबाट प्रभावकारी पहल नभएका कारण आफूहरू फेरि यस्तो कष्टकर धर्नामा बस्न बाध्य हुनुपरेको पीडितहरूको भनाइ छ।

कार्यालयअगाडि पीडितहरू आएर धर्नामा बसेपछि राष्ट्रिय मानव अधिकार आयोगले पनि विज्ञप्तिमार्फत बैंक, लघुवित्त, सहकारी, मिटरब्याज र भूमिहीन सुकुम्बासी विभिन्न माग राखी धर्नामा बसेको विषयलाई नजिकबाट नियालिरहेको जनाएको छ। मानव अधिकार आयोगले सडकपेटीमा लामो समय धर्ना बस्दा महिला, बालबालिका, अशक्त र ज्येष्ठ नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भन्दै पीडितलाई उचित स्थानमा स्थानान्तरण गर्न, स्वास्थ्य उपचार र शान्तिसुरक्षाको व्यवस्था मिलाउनसमेत सरकारको ध्यानाकर्षण गराएको छ। यसैगरी दुवै पक्षलाई संवादमार्फत समस्या समाधान खोज्न पनि मानवअधिकार आयोगले आग्रह गरेको छ।

# दुई दिनमै फेरियो कार्यविधि चार पदमा २९ आकांक्षी

**गोल्डेन बुढा**

*जुम्ला, भदौ ५*

जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका चार उच्च पदमा २९ जनाले आवेदन दिएका छन्। शिक्षाध्यक्ष, रजिस्ट्रार, डिन र अस्पताल निर्देशक पदका लागि आवेदन माग गरिएकामा रजिस्ट्रारमा मात्रै १५ जनाको आवेदन परेको छ। प्रतिष्ठानको पदाधिकारी छनोट तथा सिफारिस समितिका अनुसार शिक्षाध्यक्षमा पाँच, रजिस्ट्रारमा १५, डिनमा आठ र अस्पताल निर्देशकमा एकजनाले आवेदन दिएका हुन्। अधिकांश आवेदक प्रतिष्ठानमै कार्यरत चिकित्सक तथा कर्मचारी छन्।

प्रतिष्ठानले साउन २८ गते पदपूर्तिका लागि सूचना प्रकाशित गरी भदौ ३ सम्म आवेदन दिने समय तोकेको थियो। जुम्लास्थित केन्द्रीय कार्यालय र काठमाडौं सम्पर्क कार्यालयबाट समेत आवेदन परेको प्रतिष्ठानले जनाएको छ। पदाधिकारी छनोटको बाटो भने संशोधनसहित पारित नयाँ कार्यविधिले खोलेको हो, तर यही कार्यविधि अहिले विवादमा परेको छ। साउन २७ गते सार्वजनिक गरिएको 'पदाधिकारी छनोट तथा सिफारिससम्बन्धी कार्यविधि २०८३' दुई दिनमै संशोधन गरिएको थियो।

विशेषगरी रजिस्ट्रार पदको योग्यता र अनुभवसम्बन्धी प्रावधानलाई लिएर प्रश्न उठेको छ। कार्यविधिमा मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालमा राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहको पदमा कम्तीमा पाँच वर्षको अनुभव वा शिक्षण अस्पतालमा सहप्राध्यापक वा सोभन्दा माथिल्लो पदमा कम्तीमा दुई वर्ष प्राध्यापन गरेको हुनुपर्ने व्यवस्था छ। विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाका पदाधिकारी वा विभागीय प्रमुख भएर उत्कृष्ट व्यवस्थापकीय क्षमता प्रदर्शन गरेको हुनुपर्ने अर्को प्रावधान पनि छ। यी प्रावधानले स्वास्थ्य संस्था वा विश्वविद्यालयबाहिर लामो प्रशासनिक तथा व्यवस्थापकीय अनुभव भएका योग्य जनशक्तिको प्रतिस्पर्धा सीमित गर्ने भन्दै आलोचना भएको हो।

कार्यविधि दुई दिनमै संशोधन गरिनुलाई लिएर निश्चित व्यक्तिलाई अनुकूल हुने गरी मापदण्ड परिवर्तन गरिएको हुन सक्ने आशंकासमेत व्यक्त गरिएको छ। प्रतिष्ठानका उपकुलपति प्रा.डा. सूर्यमान म्याहाङ्बोले भने कार्यविधिले प्रतिस्पर्धाको दायरा झनै फराकिलो बनाएको दाबी गरेका छन्। उनका अनुसार रजिस्ट्रारका लागि जुनसुकै विषयमा स्नातकोत्तर गरेका व्यक्तिले प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिएको छ। 'संस्थाको हितका लागि यो उपयुक्त छ। योग्यता पुगेका सबैका लागि अवसर छ', उनले भने, 'पहिले कुनै विषयमा मात्र केन्द्रित दायरा भएको भए प्रश्न उठ्नु स्वाभाविक हुन्थ्यो। अहिलेको कार्यविधिले दायरा फराकिलो बनाएको छ।' कार्यविधिको दफा ७(क) मा सुरुमा चिकित्साशास्त्र, जनस्वास्थ्य, जनप्रशासन, व्यवस्थापन वा स्वास्थ्य विज्ञानमध्ये कुनै विषयमा स्नातकोत्तर गरेको हुनुपर्ने व्यवस्था थियो। संशोधनपछि विषयगत सीमा हटाएर जुनसुकै विषयमा स्नातकोत्तर गरेका व्यक्तिलाई समेत प्रतिस्पर्धाको अवसर दिइएको प्रतिष्ठानको भनाइ छ।

कार्यविधिले उपकुलपतिको अध्यक्षतामा तीन सदस्यीय छनोट तथा सिफारिस समिति गठन गर्ने व्यवस्था गरेको छ। अध्यक्षले एकजना विषयविज्ञ मनोनयन गर्ने तथा प्रतिष्ठानका पूर्वपदाधिकारीमध्येबाट एकजना सदस्य रहने प्रावधान छ। समितिको संरचना र उम्मेदवारको मापदण्ड दुवैमा नेतृत्वको प्रभाव रहने भन्दै छनोट प्रक्रियाको निष्पक्षता र पारदर्शितामाथि पनि प्रश्न उठेको छ। चार पदका लागि २९ जनाको आवेदन परेसँगै अब छनोट प्रक्रिया अघि बढ्नेछ। प्रतिष्ठानको नेतृत्व चयनमा खुला प्रतिस्पर्धा, योग्यताको निष्पक्ष मूल्यांकन र पारदर्शिता कायम गर्न सक्नु नै मुख्य चुनौती बनेको छ।

# विश्वका लागि नेपाली उत्पादन


अहिले हामी 'नेपालका लागि नेपाली उत्पादन' भनिरहेका छौं। हाम्रो लक्ष्य भोलि 'विश्वका लागि नेपाली उत्पादन' भन्ने हुनुपर्छ। त्यसका लागि अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र, आधुनिक प्याकेजिङ, उत्पादनको एकरूपता, ब्रान्डनिर्माण, डिजिटल बजारीकरण, विद्युतीय व्यापार र निर्यातका लागि वित्तीय सहजीकरण आवश्यक छ।

उद्यम



शोभा ज्ञवाली

नेपाली उत्पादनको प्रयोग अनिवार्य गर्ने हो भने त्यसको माग धान्न सक्ने पर्याप्त उत्पादन क्षमता हामीसँग छ ? यही प्रश्नबाट अब नेपालको 'मेड इन नेपाल' अभियानको वास्तविक परीक्षा सुरु हुन्छ। नेपाली उत्पादन प्रयोग गर्ने निर्णय स्वागतयोग्य छ तर बजारमा आवश्यक मात्रामा गुणस्तरीय नेपाली वस्तु उपलब्ध छैन भने अनिवार्यताले मात्र परिणाम दिँदैन।




नेपाल सरकारले सरकारी कार्यालय तथा सार्वजनिक निकायमा नेपाली उत्पादनलाई प्राथमिकता दिने र सम्भव भएसम्म नेपाली वस्तु तथा सेवाको प्रयोग अनिवार्य गर्ने सोच अघि बढाउनु अत्यन्तै स्वागतयोग्य कदम हो। देशका प्रधानमन्त्रीदेखि सरकारी कार्यालयसम्म नेपाली खाना, नेपाली पोसाक र नेपाली उत्पादनलाई प्राथमिकता दिने संस्कार विकास हुनु केवल भावनात्मक राष्ट्रवाद होइन, सही ढंगले कार्यान्वयन गर्न सके नेपालको अर्थतन्त्रको संरचना नै परिवर्तन गर्न सक्ने महत्त्वपूर्ण आर्थिक अभियान हो। त्यसैले यस पहलका लागि सरकारलाई सलाम गर्नुपर्छ। तर अब हामीले अझ गम्भीर प्रश्न सोध्नैपर्छ। नेपाली उत्पादन प्रयोग गर्न अनिवार्य गर्ने हो भने त्यसको माग धान्न सक्ने पर्याप्त उत्पादन क्षमता हामीसँग छ ? यही प्रश्नबाट अब नेपालको 'मेड इन नेपाल' अभियानको वास्तविक परीक्षा सुरु हुन्छ। नेपाली उत्पादन प्रयोग गर्ने निर्णय स्वागतयोग्य छ, तर बजारमा आवश्यक मात्रामा गुणस्तरीय नेपाली वस्तु उपलब्ध छैन भने अनिवार्यताले मात्र परिणाम दिँदैन। आज नेपालमा कपडा तथा तयारी पोसाक, कृषि तथा खाद्यपदार्थ, कफी, चिया, जडीबुटी, आवश्यक तेल, हस्तकला, जुत्ता-चप्पल, फर्निचर, निर्माण सामग्री, प्याकेजिङ सामग्रीलगायत धेरै क्षेत्रमा उत्पादनको ठुलो सम्भावना छ। हाम्रो समस्या सम्भावना नहुनु होइन, उत्पादनको मात्रा, गुणस्तर, प्रविधि, पुँजी, सिप, बजार र निरन्तर नीतिगत सहयोगको कमी हो।

त्यसैले अब 'नेपाली उत्पादन प्रयोग गरौं' भन्ने नारासँगै 'नेपाली उत्पादन बढाऔं' भन्ने राष्ट्रिय अभियान पनि सुरु गर्नुपर्छ। सरकारले उद्यमीलाई केवल उत्पादन गर्न आग्रह गरेर पुग्दैन। सरकारले भन्न सक्नुपर्छ-तपाईं उत्पादन गर्नुहोस्, राज्यले तपाईंलाई पुँजी, प्रविधि, सिप, बजार, पूर्वाधार र नीतिगत सुरक्षा दिन्छ।' यही सोचले मात्र नेपाली उत्पादनको बलियो आधार निर्माण गर्न सक्छ। नेपालको आर्थिक मेरुदण्ड साना तथा मझौला उद्यम हुन्। हजारौं नेपाली महिला, युवा र स्थानीय उद्यमीमा उत्पादन गर्ने क्षमता र इच्छाशक्ति छ तर उनीहरूसँग पर्याप्त पुँजी छैन। कसैसँग सिप छ तर बजार छैन, कसैसँग उत्पादन छ तर आधुनिक प्याकेजिङ र ब्रान्डिङ छैन। कसैसँग बजारको माग छ तर उत्पादन बढाउन आवश्यक चालु पुँजी छैन। त्यसैले सहज र कम ब्याजदरको ऋण, सुरुवाती पुँजी, चालु पुँजी, कर्जा सुरक्षण, उत्पादनमा आधारित अनुदान र व्यवसाय विस्तारका लागि विशेष वित्तीय व्यवस्था गर्नुपर्छ।

विशेषगरी महिला र युवाउद्यमीलाई लक्षित गरेर सरकारले राष्ट्रिय महिला तथा युवा उद्यम कोष स्थापना गर्न सक्छ। तर विगतमा जस्तै कागजमा कार्यक्रम घोषणा गरेर मात्र हुँदैन। वास्तविक उद्यमीको हातमा वास्तविक पुँजी पुग्नुपर्छ। ऋण लिन महिनौं सरकारी कार्यालय र बैंक धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ। राम्रो व्यवसाय योजना भएका तर धितो राख्ने सम्पत्ति नभएका युवालाई पनि कर्जाको पहुँच दिनुपर्छ। उद्यमीलाई ऋण मात्र होइन, तालिम, परामर्श, प्रविधि, बजार र मार्गदर्शन पनि आवश्यक हुन्छ। अर्को अत्यन्त महत्त्वपूर्ण विषय हो, सिपयुक्त जनशक्ति। आज हामी नेपाली युवालाई रोजगारीको खोजीमा विदेश पठाइरहेका छौं तर त्यही जनशक्ति नेपालमै उद्योग सञ्चालन गर्ने दक्ष कामदार बन्न सक्छ। त्यसैले प्रत्येक प्रदेशमा उद्योगको वास्तविक आवश्यकतासँग जोडिएका आधुनिक सिप विकास केन्द्र स्थापना गर्नुपर्छ। कपडा तथा टेक्सटाइल, खाद्यप्रशोधन, कफी प्रशोधन, जडीबुटी, आवश्यक तेल, प्याकेजिङ, मेसिन सञ्चालन, उत्पादन व्यवस्थापन, गुणस्तर नियन्त्रण, डिजाइन, डिजिटल बजार व्यवस्थापन र आधुनिक कृषिप्रविधिमा व्यावहारिक तालिम दिनुपर्छ। डिग्री मात्र होइन, उत्पादन गर्न सक्ने सिप भएको जनशक्ति निर्माण गर्नुपर्छ।

नेपालको अर्को ठुलो कमजोरी हो- हामी उत्पादन गर्छौं तर उत्पादनलाई ठुलो स्तरमा पुर्‍याउन सक्दैनौं। एउटा उद्यमीले राम्रो अचार बनाउँछ, अर्कोले राम्रो कफी उत्पादन गर्छ, कसैले राम्रो कपडा बनाउँछ, कसैले राम्रो आवश्यक तेल उत्पादन गर्छ। तर ती उत्पादन सीमित बजारमा अड्किएका छन्। अब स्थानीय उत्पादनलाई समूह र औद्योगिक समूहमा विकास गर्नुपर्छ। एउटै क्षेत्रमा समान प्रकृतिका उद्यमलाई जोडेर उत्पादन, प्रशोधन, प्याकेजिङ, गुणस्तर परीक्षण, ब्रान्डिङ र बजारीकरण सामूहिक रूपमा गर्न सकिन्छ। सानो उद्यमलाई सधैं सानो राख्ने होइन, सानो उद्यमलाई ठुलो उद्योगमा रूपान्तरण गर्ने नीति चाहिन्छ। नेपालका सातै प्रदेशलाई उत्पादनका विशेष केन्द्रका रूपमा विकास गर्न सकिन्छ। जहाँ जुन वस्तुको सम्भावना र तुलनात्मक लाभ छ, त्यहाँ त्यसैसँग सम्बन्धित उत्पादन समूह र उद्योग विकास गर्नुपर्छ। स्थानीय तहले स्थानीय उत्पादन पहिचान गर्ने, प्रदेशले पूर्वाधार र बजार व्यवस्थापनमा सहयोग गर्ने र संघीय सरकारले नीति, वित्त, प्रविधि तथा निर्यात सहजीकरण गर्ने स्पष्ट व्यवस्था हुनुपर्छ। काठमाडौंमा मात्र बजार खोज्ने होइन, प्रत्येक पालिका र प्रदेशमा बलियो स्थानीय बजार निर्माण गर्नुपर्छ।

सरकारी खरिद नीति 'मेड इन नेपाल' अभियानको सबैभन्दा शक्तिशाली माध्यम बन्न सक्छ। सरकारी कार्यालय, विद्यालय, अस्पताल, सार्वजनिक संस्थान तथा राज्यका विभिन्न निकायले गुणस्तर र प्रतिस्पर्धी मूल्य पूरा गर्ने नेपाली उत्पादनलाई प्राथमिकता दिए भने हजारौं उद्योगले स्थायी बजार पाउन सक्छन्। तर यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ- नेपाली भएकै कारण कम गुणस्तरको वस्तु किन्नुहुँदैन। 'मेड इन नेपाल'को अर्थ कम गुणस्तरको नेपाली सामान होइन। यसको अर्थ गुणस्तरीय, भरपर्दो, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय बजारमा उभिन सक्ने नेपाली उत्पादन हो। कृषिलाई पनि अब परम्परागत ढाँचाबाट बाहिर निकाल्नुपर्छ। किसानले कच्चा पदार्थ मात्र उत्पादन गर्ने र त्यसको मूल्यवर्धन विदेशमा हुने अवस्था अन्त्य गर्नुपर्छ। नेपालमा कफी उत्पादन हुन्छ भने कफी प्रशोधन, भुटाइ, प्याकेजिङ र ब्रान्डिङ नेपालमै हुनुपर्छ। देशमा जडीबुटी उत्पादन हुन्छ भने त्यसबाट आवश्यक तेल, सौन्दर्य सामग्री र उच्च मूल्यका उत्पादन बनाउनुपर्छ। यहाँ फलफूल उत्पादन हुन्छ भने त्यसबाट जुस, सुकुटी, जाम तथा अन्य प्रशोधित खाद्य सामग्री उत्पादन गर्नुपर्छ। खेतदेखि कारखाना, कारखानादेखि बजार र बजारदेखि निर्यातसम्मको पूर्ण मूल्य शृंखला नेपालमै निर्माण गर्नुपर्छ। यससँगै नेपाली उत्पादनलाई विश्वबजारमा पुर्‍याउने स्पष्ट निर्यात रणनीति आवश्यक छ। अहिले हामी 'नेपालका लागि नेपाली उत्पादन' भनिरहेका छौं।

हाम्रो लक्ष्य भोलि 'विश्वका लागि नेपाली उत्पादन' भन्ने हुनुपर्छ। त्यसका लागि अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र, आधुनिक प्याकेजिङ, उत्पादनको एकरूपता, ब्रान्डनिर्माण, डिजिटल बजारीकरण, विद्युतीय व्यापार र निर्यातका लागि वित्तीय सहजीकरण आवश्यक छ। नेपाली उत्पादनले भारत, चीन, खाडीमुलुक, युरोप, अमेरिका तथा अन्य अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण बनाउनुपर्छ। यसमा सबैभन्दा महत्त्वपूर्ण कुरा हो- नीतिगत निरन्तरता। नेपालमा सरकार र मन्त्री फेरिँदा नीति फेरिने प्रवृत्तिले निजी क्षेत्रलाई दीर्घकालीन लगानी गर्न निरुत्साहित गरेको छ। उद्योगीले आज लगानी गर्दा भोलि नियम बदलिन्छ कि भनेर डराउने अवस्था रहिरह्यो भने उत्पादनको आधार बलियो बन्न सक्दैन। त्यसैले 'मेड इन नेपाल' कुनै एउटा सरकार वा प्रधानमन्त्रीको कार्यक्रम मात्र होइन, राष्ट्रिय आर्थिक नीति बन्नुपर्छ। कम्तीमा दश वर्षको स्पष्ट उत्पादन, रोजगारी, आयात प्रतिस्थापन र निर्यात वृद्धिको राष्ट्रिय कार्ययोजना आवश्यक छ।

हामीले अब केवल आयात रोक्ने कुरा गरेर हुँदैन। आयात प्रतिस्थापन गर्ने उत्पादन निर्माण गर्नुपर्छ। विदेशी सामान बहिष्कार गरेर मात्र नेपाली उद्योग बलियो हुँदैन। नेपाली उत्पादन गुणस्तरीय, भरपर्दो, आकर्षक र प्रतिस्पर्धी मूल्यमा उपलब्ध हुनुपर्छ। उपभोक्तालाई 'नेपाली सामान किन्नैपर्छ' भनेर भावनात्मक दबाब दिनुभन्दा 'नेपाली सामान राम्रो भएकाले हामी आफैं रोज्छौं' भन्ने अवस्था निर्माण गर्नु सरकारको वास्तविक सफलता हुनेछ। आज नेपालको अर्थतन्त्रलाई उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्नुपर्ने समय आएको छ। हाम्रो सबैभन्दा ठुलो शक्ति युवा जनशक्ति हो।

हाम्रो ठुलो सम्भावना कृषि हो। हाम्रो अर्को शक्ति उद्यमशीलता हो। तर यी सबैलाई पुँजी, प्रविधि, सिप, बजार र स्थिर नीतिसँग जोड्न नसक्दा हामीले आफ्नो सम्भावना गुमाइरहेका छौं। त्यसैले अब सरकारले 'मेड इन नेपाल उत्पादन अभियान' घोषणा गर्नुपर्छ। प्रत्येक प्रदेशमा उत्पादन समूह विकास गर्नुपर्छ। महिला तथा युवा उद्यमीका लागि सुरुवाती पुँजी र कम ब्याजदरको कर्जा उपलब्ध गराउनुपर्छ। सरकारी खरिदमा योग्य नेपाली उत्पादनलाई प्राथमिकता दिनुपर्छ। स्थानीय उत्पादनलाई प्रदेश र राष्ट्रिय बजारसँग जोड्नुपर्छ। उद्योगको आवश्यकताअनुसार दक्ष जनशक्ति तयार गर्नुपर्छ। गुणस्तर परीक्षण, प्रमाणीकरण, प्याकेजिङ र ब्रान्डिङमा सहयोग गर्नुपर्छ। कृषि र उद्योगबिच मूल्यवर्धित उत्पादनको शृंखला निर्माण गर्नुपर्छ। अन्ततः नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने निर्यातमुखी नीति लागु गर्नुपर्छ। नेपाललाई आत्मनिर्भर बनाउने सपना केवल नेपाली झन्डा बोकेर पूरा हुँदैन। खेतमा उत्पादन गरेर, कारखाना चलाएर, उद्यमीलाई पुँजी दिएर, युवालाई सिप दिएर, महिलालाई अवसर दिएर र नेपाली उत्पादनलाई विश्वबजारमा पुर्‍याएर मात्र पूरा हुन्छ।

आज सरकारले सरकारी कार्यालयमा नेपाली उत्पादन प्रयोग गर्ने ढोका खोल्दै छ। अब त्यो ढोकाबाट नेपाली उद्योग, नेपाली उद्यमी, नेपाली श्रम र नेपाली उत्पादनलाई विशाल बजारतर्फ प्रवेश गराउने जिम्मेवारी राज्यको हो। 'मेड इन नेपाल' केवल सामानमा लेखिएको शब्द होइन, यो नेपालको आर्थिक आत्मनिर्भरता, नेपाली श्रमको सम्मान र नेपाली भविष्यप्रतिको विश्वासको घोषणा हो। हामीले नेपाली उत्पादन प्रयोग गर्ने मात्र होइन, राष्ट्रको पहिचान नै उत्पादनमार्फत झल्किनुपर्छ। हामीले आयात गर्ने अर्थतन्त्र होइन, उत्पादन गर्ने अर्थतन्त्र निर्माण गर्नुपर्छ र 'मेड इन नेपाल'लाई केवल राष्ट्रिय नारामा होइन, विश्वबजारमा चिनिने नेपाली ब्रान्डमा रूपान्तरण गर्नुपर्छ।

# गोपालमान : फुटको राजनीतिमा जुटको आवाज

तत्कालीन राजाको प्रत्यक्ष शासनकाल चलिरहँदा नेपाली जनता चेपुवामा थिए। यसको निकासका लागि विद्रोही माओवादीसँग शान्तिवार्ता गर्नुबाहेक दोस्रो विकल्प हुन सक्दैन भन्ने सल्लाह तत्कालीन नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र नेपाली कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवालाई दिने पहिलो व्यक्ति गोपालमान नै थिए।

व्यक्तित्व



नन्दकृष्ण जोशी

देशको जेठो राजनीतिक पार्टी नेपाली कांग्रेसमा पछिल्लो पटक देखापरेको चरम गुटबन्दीका कारण दुई धारमा विभाजित हुन सक्ने संकेतका बेला कांग्रेसका निष्ठावान् नेता गोपालमान श्रेष्ठको निधन भएको छ। कुनै बेला सात भाइका नाममा आफूलाई जेठो दाजु सम्झने गोपालमान पछिल्लो अवस्थामा क्यान्सरका कारण अस्पतालमा भर्ना हुनुभएको थियो। त्यसपछि निष्क्रिय रहे तापनि देश र लोकतन्त्रका बारेमा अस्पतालमा चिन्ता गरिरहनुभएको थियो। क्यान्सरका कारण गत साउन १२ गते उहाँको ८३ वर्षको उमेरमा ललितपुरस्थित हेलिअस अस्पतालमा निधन भयो। २००० साल असार ८ गते पिता शंखनारायण श्रेष्ठ र आमा चमेली श्रेष्ठका कोखबाट गोपालमानको जन्म पुतलीबजार, स्याङ्जामा भएको थियो।

राजनीति पेसाका लागि मात्र नभएर जनताको भलाइका लागि गरिने विशुद्ध सामाजिक सेवा हो भन्न रुचाउने गोपालमानलाई सबैले माया गरी 'गोपालमान दाइ' सम्बोधन गर्थे। प्रतिबन्धित कालमा स्याङ्जामा नेपाली कांग्रेसको कार्यालय उहाँकै घरमा थियो। प्रहरीले कयौं पटक छापा मारे पनि चारतारे झन्डा उहाँको घरबाट बाहिर निकाल्न पाएनन्, आफैंले सुरक्षा दिएर स्याङ्जामा उहाँले कांग्रेस पार्टीलाई बचाएर राख्नुभएको थियो। काठमाडौंबाट गणेशमान सिंह, किसुनजी र गिरिजाबाबु स्याङ्जा जाँदा गोपालमानकै घरमा बसोबास हुन्थ्यो भनी पुतलीबजार नगरपालिकाका मेयर तुलसीराम रेग्मीले बताउनुभयो। काठमाडौंको त्रिचन्द्र कलेजबाट बिए उत्तीर्ण उहाँ पढाइमा मेधावी हुनुहुन्थ्यो। २०१७ सालमा राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्गबारे निबन्ध प्रतियोगितामा देशव्यापी रूपमा उहाँ प्रथम हुनुभएको थियो। महेन्द्रको हातबाट नलिएर धेरैपछि तत्कालीन शिक्षामन्त्री केदारनाथ व्यथितका हातबाट सुनको तक्मा लिनुभएको थियो।

व्यवस्था बदली समाज परिवर्तन गर्न जीवनभर कठोर संघर्ष गरेका नेपाली कांग्रेसको दोस्रो पिँढी पनि क्रमिक रूपमा बिदा हुँदै छन्। केही महिना पहिले वरिष्ठ पत्रकार होमनाथ दाहाल, त्यसभन्दा पहिले दार्शनिक चिन्तक प्रदीप गिरी, केही महिना पहिले नेपाली कांग्रेस कर्णालीका अभिभावक लाल हमालले पनि यो धर्तीबाट बिदा लिइसक्नुभएको छ। गत साल दैलेखका नेपाली कांग्रेसका नेता गणेशबहादुर खड्का र कञ्चनपुर जिल्लाका नेता बलदेव बोहोराको पनि क्यान्सरका कारण निधन भयो। अहिले गण्डकी अञ्चलका भरपर्दा नेता, प्रतिबन्धित कालमा कांग्रेसको बिउ जोगाएर बिपी कोइरालाको सिद्धान्तमा अडिग व्यक्तित्व गोपालमान श्रेष्ठको निधन भयो। जन्मनु र मर्नु प्रकृतिको नियम नै हो। तथापि राष्ट्र निर्माणमा योगदान दिएका, देशमा प्रजातन्त्र, लोकतन्त्रका लागि जीवनभर त्याग गरेका विशिष्ट व्यक्तित्वको निधनले समाजमा रिक्तता देखापर्छ। अहिले नेपाली कांग्रेसमा र विशेष गरी गण्डकी प्रदेशमा यही अभाव खड्किएको बताउँछन् गोपालमानलाई नजिकबाट चिन्नेहरू।

फुट्दै, जुट्दै गरेको कांग्रेस २०५९ सालमा फुटेर नेपाली कांग्रेस प्रजातान्त्रिक गठन भयो। तत्कालीन राजाले असक्षम मात्र भनेनन्, शेरबहादुर देउवालाई शाही आयोगमार्फत नजरबन्द नै गरिदिए। गोरखाका राजाबाट न्याय पाएँ भनी तेस्रोपटक प्रधानमन्त्री बन्न पुगेका देउवालाई अपदस्त गरेपछि तत्कालीन नेपाली कांग्रेस प्रजातान्त्रिकको कार्यवाहक सभापति पद आफैंले सम्हाल्नुभएको थियो गोपालमान श्रेष्ठले। नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा दुई दिने अधिवेशनको नेतृत्व उहाँले आफैं गर्नुभएको थियो। जनआन्दोलन २०६२/६३ सालमा एकातिर तत्कालीन माओवादीको जनविद्रोह चलिरहेको थियो। अर्कातिर तत्कालीन राजाको प्रत्यक्ष शासनकाल चलिरहँदा नेपाली जनता चेपुवामा थिए। यसको निकासका लागि विद्रोही माओवादीसँग शान्तिवार्ता गर्नुबाहेक दोस्रो विकल्प हुन सक्दैन भन्ने सल्लाह तत्कालीन नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र नेपाली कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवालाई दिने पहिलो व्यक्ति नेता गोपालमान श्रेष्ठ नै थिए। पछि १९ दिने जनआन्दोलन २०६३ वैशाख ११ गते सफल भएपछि लोकतन्त्रलाई मजबुत बनाउनका लागि दुवै पार्टी एक हुनैपर्छ भनेर सभापति शेरबहादुर देउवालाई उचित सल्लाह दिने व्यक्ति पनि गोपालमान श्रेष्ठ नै हुनुहुन्थ्यो। त्यसपछि यस विषयलाई बहसमा नेता विमलेन्द्र निधि र स्व. प्रदीप गिरीले ल्याउनुभएको थियो। अन्ततः २०६३ असोजमा दुवै पार्टी एक भएको थियो। त्यसपछि २०६३ मंसिर ५ गते विद्रोही माओवादीसँग काठमाडौंको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पाँच बुँदे शान्ति सम्झौतामा हस्ताक्षर भएर १० वर्षे जनयुद्धको समाप्ति भएको थियो। शान्ति सम्झौतामा सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक समारोहबिच संयुक्त हस्ताक्षर गर्नुभएको थियो। यसरी दुई ध्रुवमा रहेका राजनीतिक दलहरू र माओवादीबिच शान्ति सम्झौता गराउनमा गोपालमान श्रेष्ठको पनि महत्त्वपूर्ण भूमिका रहेको थियो।



गोपालमान श्रेष्ठ, प्रदीप गिरी, विमलेन्द्र निधि, चिरञ्जीवी वाग्ले, अर्जुननरसिंह केसी यस्ता नेता हुन्, जसले शेरबहादुर देउवालाई नेपाली कांग्रेसको पार्टी सभापति बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। पार्टीभित्र किचलो बढ्दै गएपछि एउटा राजनीतिक संयन्त्र निर्माण गरी उहाँहरूले 'सात भाइ एक ठाउँ' भन्ने राजनीतिक सूत्र खडा गरे। जसमा गोपालमान श्रेष्ठ उमेर र राजनीतिक अनुभवका आधारमा आफूलाई अब्बल दर्जाको नेता साबित गर्न चाहनुहुन्थ्यो तर पछिल्लो अवस्थामा रोगले शिथिल हुनुभयो। बरु उहाँ आफूलाई केही चाहिन्न, पार्टीभित्रको असन्तुष्टि साम्य पार्नुपर्छ भन्ने मान्यतामा अडिग रहनुभयो। यसैगरी उहाँले २०७९ को राष्ट्रिय चुनावमा नेकपा माओवादीसँग मिलेर चुनाव लड्नुपर्छ भन्ने नेपाली कांग्रेसको निर्णयको विपक्षमा उभिएर बोल्नुभएको थियो। उहाँ त्यसबेला 'एक्लो बृहस्पति झुटो'जस्तै साबित हुनुभयो। वर्तमान पार्टी सभापति गगनकुमार थापा, उपसभापति विश्वप्रकाश शर्मा र हालका असन्तुष्ट पक्ष मानिएका नेता डा. शेखर कोइरालाले तत्कालीन पार्टी सभापति देउवाको सो निर्णयको विरोध गरेका थिए। वास्तवमा आफ्नो स्वार्थका लागि नेपाली कांग्रेसले सिद्धान्तविपरीत कदम चाल्नुहुँदैनथ्यो भन्ने ठुलो पाठ त्यही बेलादेखि सिकायो। पार्टीमा आन्तरिक विद्रोह एकातिर चुलियो भने अर्कातिर वामपन्थी दलसँग मिलेर जाँदा देशमा भयावह राजनीतिक अवस्था देखापर्‍यो। राजनीतिमा बेइमान नभइदिएको भए गत साल भदौ २३ र २४ गतेको अकल्पनीय घटना सायद घट्दैनथ्यो कि ? ओली, देउवा र प्रचण्डबिचको अपवित्र राजनीतिक गठबन्धन नभएको भए भन्ने राजनीतिक विश्लेषक बताउने गर्छन्।

पछिल्लो अवस्थामा पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति दिएपछि उहाँमा केही असन्तुष्टि देखा परेको थियो। 'संकटकालका अवस्थामा शेरबहादुर देउवालाई काँधमा बोकेर हिँडें, उहाँको सदैव भलो चिताएर पार्टीको काम गरेको व्यक्ति हुँ म' भन्नुहुन्थ्यो। जुन स्वाभाविक पनि हो। गत पुस २७-३० गते राजधानीको भृकुटीमण्डपमा विशेष महाधिवेशनमा जानुभन्दा अघि गोपालमान श्रेष्ठले 'धेरैपटक देउवासँग समस्याको समाधान समयमा नै गर्नुपर्छ, भोलि पार्टी पंक्तिमा विचलन आउन सक्छ' भन्नुभएको थियो। आखिरमा नसोचेको परिणाम हाल पार्टीमा देखा परिरहेछ। दुवै समूहमा अभिभावकविहीनको जस्तो अवस्था देखिँदै छ। विशेष महाधिवेशनमा गोपालमान श्रेष्ठ र ओमकार श्रेष्ठ पुग्नुभयो। 'युवाहरूको पनि हो नेपाली कांग्रेस पार्टी' भनेर विशेष महाधिवेशनमा सम्बोधन पनि गर्नुभयो। त्यही नै उहाँको अन्तिम सम्बोधन हुन पुग्यो।

गोपालमान श्रेष्ठ वास्तवमा समाजवादी नेता हुनुहुन्थ्यो। सर्वमान्य नेता गणेशमान सिंहद्वारा दीक्षितजस्तो देखिनुहुन्थ्यो। लप्पनछप्पन उहाँमा थिएन। २०१४ सालमा स्याङ्जाको सदरमुकाम नुवाकोटमा थियो। प्रतिबन्धित कालमा जिल्लाको छैटौं र सातौं महाधिवेशन उहाँकै घरमा सम्पन्न भएको थियो। प्रतिनिधि सभाको २०४८, २०५६ र २०६४ प्रत्यक्षतर्फ र २०७० सालमा समानुपातिकतर्फबाट स्याङ्जा जिल्लाबाट प्रतिनिधित्व गर्नुभयो। २०१७ देखि २०६३ सालसम्म देशका विभिन्न जिल्लामा सात वर्षसम्म बन्दी जीवन बिताउनुभयो। बिपी, गणेशमान र किसुनजीसँगै लामो कालखण्डसम्म प्रवासमा जीवन बिताउनुभयो। पटकपटक वाणिज्य, शिक्षा, वन र २०७४ सालमा उपप्रधानमन्त्रीको समेत कार्यभार सम्हाल्नुभएका गोपालमान भ्रष्टाचाररहित नेता हुनुहुन्थ्यो। बिपी कोइरालाको ४४ औं स्मृति दिवसको उपलक्ष्मा सभापति गगनकुमार थापाले उहाँलाई पार्टीको वरिष्ठ नेतामा मनोनयन गर्नुभएको थियो।

दुई जना श्रीमती झलककुमारी र सावित्री श्रेष्ठबाट तीन छोराहरू राजकुमार श्रेष्ठ, अमित श्रेष्ठ र सम्पूर्णमान श्रेष्ठ र ६ जना छोरीहरू इन्दिरा, पोर्सिया, शैलजा, सुलोचना, निशा र मनिषा श्रेष्ठ हुनुहुन्छ। नेपाली कांग्रेसमा राजनीतिक संस्कार यसरी देखापर्‍यो कि नेपाली कांग्रेसको पार्टी कार्यालयमा अन्तिम बिदाइका लागि असन्तुष्ट पक्षका कुनै पनि नेता, कार्यकर्ताले पाइलासम्म टेकेनन्। आर्यघाटमा पनि सोही कुरा दोहोरियो। जुन गोपालमान श्रेष्ठको लोकतन्त्र बहालीका लागि गर्नुभएको संघर्षको अपमान हो भन्ने लाग्छ। बिपीको अनुशरणमा लाग्नुपर्ने देखिन्छ।

# तेस्रो नेत्र

हामी जेलरूपी आमाको पेटमा नौ महिना बस्यौं । त्यसपछि पेटको अँध्यारो जेल तोडेर पृथ्वीरूपी अर्को जेलमा प्रवेश गर्‍यौं । पृथ्वीमा हामी कहाँ स्वतन्त्र छौं र ? हाम्रा वरिपरि हजारौं फलामे साङ्ला छन्, संस्कारका साङ्ला, अध्ययनका साङ्ला, सम्बन्धका साङ्ला, मायाका साङ्ला, भोजनका साङ्ला, रोगका साङ्ला, शोकका साङ्ला, खुसीका साङ्ला ।

निबन्ध



दिलीप ढकाल

विश्वविद्यालयको कक्षामा 'सिर्जनात्मक लेखन' पढाउने क्रममा गुरु प्रा. राजेन्द्र सुवेदीले भनेको कुरा सम्झन्छु- 'दुई नेत्रको दर्शन प्रायः अपूर्ण हुन्छ। यी दुई नेत्रले बुझ्ने अभिधा सन्दर्भ मिठो साहित्य होइन। सिर्जनामा तेस्रो नेत्रको दर्शन अभिव्यक्त हुनुपर्छ।' त्यति बेलाको तीनसाता वर्षको वयले यी कुरा खासै बुझेन। आज महसुस गर्दै छु, वास्तवमा जीवन हेर्न तेस्रो नेत्र नै खोल्नुपर्दो रहेछ। नत्र जीवनको बुझाइ एकांकी हुँदो रहेछ।

भगवान् शिवका तीनवटा नेत्र छन् भन्ने कुरा हामी सबैलाई थाहा छ तर उनलाई तेस्रो नेत्र कसरी प्राप्त भयो भन्नेबारे धेरैलाई थाहा छैन। पौराणिक ग्रन्थहरूमा सङ्केत पाइन्छ- शिवजीका बाहिरी दुई आँखाले संसारको बाह्य स्वरूप जस्तो छ, त्यस्तै देख्छन्, रूप, रङ, घटना र बाहिरी यथार्थलाई ग्रहण गर्छन्। उनको तेस्रो नेत्रले दृश्यभित्र लुकेको सत्य देख्छ। हाम्रा यी दुई आँखा र तेस्रो नेत्रले पनि त्यही काम गर्छन्। दुई आँखाले दृश्यलाई मस्तिष्कसम्म पुऱ्याउँछन्, तेस्रो नेत्रले त्यसको अर्थ छुट्याउँछ- के सही, के गलत; के सत्य, के भ्रम; के स्थायी, के क्षणिक। त्यसैले तेस्रो नेत्र खुल्नु भनेको निधारमा अर्को आँखा उम्रिनु होइन, चेतनाको सुदृष्टि जन्मिनु हो।

दुई आँखाले घटना देख्छन्, तेस्रो नेत्रले घटनाको अर्थ खोज्छ। दुई आँखाले मानिसको अनुहार हेर्छन्, तेस्रो नेत्रले उसको नियत खोज्छ। दुई आँखाले सफलता देख्छन्, तेस्रो नेत्रले त्यस सफलता पछाडिको संघर्ष देख्छ। दुई आँखाले असफलता देख्छन्, तेस्रो नेत्रले त्यस असफलताभित्र लुकेको सम्भावना देख्छ। दुई आँखाले संसार देखाउँछन्, तेस्रो नेत्रले संसार बुझाउँछ। दुई आँखाले बाटो देख्छन्, तेस्रो नेत्रले कुन बाटो हिँड्ने भन्ने विवेक दिन्छ।

तेस्रो नेत्रको काम दृश्य बदल्नु होइन, दृश्यलाई बुझ्ने दृष्टि बदल्नु हो। महाभारतमा अर्जुनले युद्धभूमिमा आफन्त, गुरु र बन्धुहरू देखे। अर्जुनका आँखाले सम्बन्ध देखे, हृदयले मोह देख्यो र मनले युद्धको भय देख्यो। तर श्रीकृष्णले उनलाई त्यसभन्दा परको दृष्टि देखाए- कर्तव्य एवं धर्मसहितको व्यापक दृष्टि। त्यहाँ दृश्य परिवर्तन भएको थिएन, दृश्यलाई हेर्ने अर्जुनको दृष्टिकोण भने परिवर्तन भएको थियो। बाहिरको युद्ध उही थियो तर त्यसलाई हेर्ने चेतना फरक भयो।

स्नातक पढ्दै गर्दा पोखरामा सूर्योदयसँगै एक सनसनीपूर्ण खबर फैलियो- पोखराका प्रसिद्ध गायकले आफ्नै व्यावसायिक महलको ब्रह्मकोठामा झुन्डिएर आत्महत्या गरे। उनीसँग साहित्यकलाका सन्दर्भमा पटक पटक भेटघाट र कुराकानी हुन्थ्यो। कुराकानीका क्रममा हामीलाई सधैं लाग्थ्यो- 'उनीसँग आन्तरिक ऐश्वर्य कला, गला, सुन्दरता सबै छ, साथै भौतिक रूपमा पोखरामा अथाह सम्पत्ति छ। भगवान्‌बाट भित्र-बाहिर चाहिनेजति सबै पाएका मान्छे।' केही दिनपछि उनैले आत्महत्या गरेको खबर सुन्दा लाग्यो- उनीमाथि बाहिरी दुई आँखाले गरेको दर्शन असत्य थियो, उनलाई हेर्न तेस्रो नेत्र कहिल्यै खुलेन।

चर्मचक्षुले झुक्याएका घटना ममा पटक पटक घटिरहन्छन्। हालसालै कमलपोखरीमा शनिबार साँझपख टहलिन पुगेको थिएँ। अनेक प्रकृतिका मान्छे थिए त्यहाँ। अधिकांश युवायुवती नै थिए। पोखरीको डिलमा चारैतिर जोडी जोडी युवायुवती प्रेमक्रीडा गरिरहेका थिए। एक वृद्ध बढो रोचकसाथ त्यो प्रेमिल गतिविधि नियालिरहेका थिए। मैले ती जोडीलाई भन्दा ती वृद्धलाई हेर्दै थिएँ। तिनीहरूलाई हेर्ने उनको दृष्टिकोण अजिब रसिलो थियो। लाग्यो- 'पातकी बुढो मान्छे, यो उमेरमा पनि भर्खरका केटाकेटीले गरेको प्रेमक्रीडा हेरेर लोभिन्छ।' केही दिनपछि प्रज्ञाप्रतिष्ठानमा आयोजित बृहत् साहित्य गोष्ठीमा पुग्दा बल्ल मेरो भ्रमको पर्दा च्यातियो। त्यस कार्यक्रमका प्रमुख अतिथि थिए तिनै वृद्ध, जसले यौवनाहरूको प्रेमक्रीडा हेरेर मजा लिइरहेका थिए। त्यस साहित्य गोष्ठीमा उनले सशक्त प्रेमिल कविता पस्के- 'कमलपोखरीमा फुलेका कमल'। म भ्रमित भएँ यिनै चर्मचक्षुका कारण।

हामी दुई आँखाले संसार हेर्छौं। आँखाले अनुहार देख्छ, घर देख्छ, बाटो देख्छ, धन देख्छ, पद देख्छ, सफलता देख्छ। तर आँखाले देखेका सबै कुरा सत्य हुँदा रहेनछन्। कहिलेकाहीं आँखाले उज्यालो देख्छ तर त्यसभित्र अँध्यारो लुकेको हुन्छ। कहिलेकाहीं आँखाले अँध्यारो देख्छ तर त्यही अँध्यारोभित्र उज्यालो जन्मिरहेको हुन्छ।

हाम्रा आँखाले जेललाई कठघरा देख्छन्, जेलभित्र जीवन पीडादायी वा बन्देजपूर्ण देख्छन्। जेलभित्र बसेर पनि विचारले क्षितिज नाघ्न सक्ने मानिस स्वतन्त्र हुन सक्छ तर खुला आकाशमा बसेर आफ्नै लोभ र अहंकारबाट बाहिर निस्कन नसक्ने मानिस संसारकै सबैभन्दा ठुलो कारागारमा जीवनभर कैद भइरहन्छ। त्यसैले चर्मचक्षुले देखेको जेलको दृश्य र ज्ञानचक्षुले महसुस गरेको जेलको अनुभूति एउटै हुँदैन।

एउटा कैदीको कथा सम्झना आउँछ। धेरै वर्ष जेल सजाय बिताएपछि एक कैदी जेलमुक्त हुन्छ। उसलाई खुला संसारमा ल्याइन्छ। उसले केही समय खुला संसारमा आफ्नो वरिपरि हेर्छ। भर्खरै पाएको स्वतन्त्रता उसका लागि असहज महसुस हुन्छ। वरिपरि रहेका मानिसको अनुहारमा कुनै आत्मीयता पाउँदैन,



जति आत्मीयता उसले जेलमा पाएको थियो। ऊ आफ्नो घर जान्छ। उसलाई त्यो घर घरजस्तो लाग्दैन। उसलाई आत्मीय घर जेल नै लाग्न थाल्छ। उसले आफू पुनः जेलमै जान पाऊँ भन्दै निवेदन दिन्छ। उसको निवेदनमाथि जेल प्रशासनमा छलफल हुन्छ। जेलमुक्त अवस्थामा जेल जाने बाटो निर्माण गर्न उसले थप आपराधिक कार्य गर्न सक्ने अनुमानसाथ उसकै चाहनाअनुसार पुनः जेल चलान गरिन्छ।

यहाँ प्रश्न उब्जिन्छ- जेल आत्मीय हुन्छ कि हुँदैन ? ऊ पुनः जेल जान किन खोजिरहेको छ ? उत्तर मनभित्र आइसकेको छ- बाहिरी आँखाको दृष्टिमा जेल कठोर हुन्छ। जेलमा सर्वत्र सजाय मात्र भोग्नुपर्छ। तर तेस्रो नेत्रले जेललाई जेल मात्र देख्दैन, जेललाई घर पनि देख्छ, जेलभित्र छुट्टै स्वतन्त्र आकाश पनि देख्छ।

तेस्रो नेत्रले हेर्ने हो भने यो संसार सबै जेल नै त हो। हामी जेलरूपी आमाको पेटमा नौ महिना बस्यौं। त्यसपछि पेटको अँध्यारो जेल तोडेर पृथ्वीरूपी अर्को जेलमा प्रवेश गर्‍यौं। पृथ्वीमा हामी कहाँ स्वतन्त्र छौं र ? हाम्रा वरिपरि हजारौं फलामे साङ्ला छन्, संस्कारका साङ्ला, अध्ययनका साङ्ला, सम्बन्धका साङ्ला, मायाका साङ्ला, भोजनका साङ्ला, रोगका साङ्ला, शोकका साङ्ला, खुसीका साङ्ला, अहंकार, अपेक्षा, वासना, प्रतिष्ठा, पद, शक्ति, परम्परा, भविष्य,

> दुई आँखाले घटना देख्छन्, तेस्रो नेत्रले घटनाको अर्थ खोज्छ। दुई आँखाले मानिसको अनुहार हेर्छन्, तेस्रो नेत्रले उसको नियत खोज्छ। दुई आँखाले सफलता देख्छन्, तेस्रो नेत्रले त्यस सफलता पछाडिको संघर्ष देख्छ। दुई आँखाले असफलता देख्छन्, तेस्रो नेत्रले त्यस असफलताभित्र लुकेको सम्भावना देख्छ।

कर्तव्य, जिम्मेवारी, अपमान, पश्चात्ताप, सुरक्षा, अज्ञान आदिका अनेकौं साङ्ला। यी फलामे साङ्ला पार गर्दै गर्दै यो जेल जीवन कटाउने हो। अन्तिममा यो जेलको ढोका फोडेर अर्को जेल पुग्ने हो- मरणपछिको जेल। त्यसैले चर्मचक्षुले देखका स्वतन्त्रता वास्तविक महाजेलभित्रका क्षणिक भ्रम हुन्।

विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती', 'सुम्निमा' पढ्दा लाग्छ, जेल त अनुभूति, चिन्तन र साहित्यिक चेतनाको पाठशाला नै रहेछ। जेल उनको शरीरको कारागार थियो, चेतनाको होइन। महात्मा गान्धीले जेलको कोठालाई पनि सत्य र अहिंसाको साधनास्थल बनाए, नेल्सन मन्डेलाले दशकौं जेल जीवन बिताएर पनि स्वतन्त्रताको सपना मर्न दिएनन्। उनीहरूको हातमा हतकडी थियो, शरीर बन्द थियो तर विचारको आकाश खुला थियो, आत्माको ढोका बन्द थिएन।

आजको राजनीतिक यथार्थ पनि यस्तै भ्रमपूर्ण छ। जनताले यसरी झक्याइदिन्छन् नेतालाई, फुरुङ्ङ पारेर शिखर चढाएर थचारिदिन्छन् भुइँमा। विभिन्न कालखण्डमा विभिन्न दल तथा नेता यसरी नै थचारिएका छन्। अहिले पनि अवस्था त्यस्तै छ। उचाइमा छन् कुनै दल, फेदमा थचारिएका छन् कुनै दल। थाहा छैन, यिनै जनताले शिखरमा रहेको दललाई कहिले थचार्ने हुन् अनि फेदमा रहेका दललाई कहिले उकालो चढाउने हुन् ? तेस्रो नेत्रले अलिक वर्षपछि को कहाँ पुग्ने हुन्, देखिसकेको छ। तेस्रो नेत्रको भाका बुझ्न सक्नुपर्छ।

आमसभामा उर्लिएको भिड देखेर भाषण गरिरहेको नेताको मनोविज्ञान तेस्रो नेत्रले हेरौं त। उसले योजना बनाइसक्यो- चुनाव जित्ने निश्चित भयो। अब सांसद अनि मन्त्री बन्ने छु। भिआइपी मन्त्री क्वाटरमा परिवारलाई राख्ने छु। अब बल्ल सुरु हुनेछ मेरो कमाइयात्रा। चुनावमा थुप्रै लगानी भएको छ। मन्त्री भएपछि पटक पटक चुनाव लड्ने खर्च उठाउने छु। सरकारी खर्चमा देशविदेश घुम्ने छु...। केही दिनपछि त्यही ठाउँमा अर्को दलको भाषणभुषण कार्यक्रम हुन्छ। त्यो दलको कार्यक्रममा पनि त्यही भिड, तिनै मान्छे देखेपछि त्यो नेताको तेस्रो नेत्र बल्ल खुल्नेछ- ओहो ! बहुरूपी जनताको वास्तविक रङ यी दुई आँखाले देख्न सक्दा रहेनछन्।

गाउँमा एक जना रक्स्याहा दाइ थिए। उनले रक्सी खाएपछि सबैलाई थाहा हुने। रक्सी खान उनी गाउँको बजारमा जान्थे। रक्सी खाएपछि कराउँदै, हल्ला गर्दै , चित्त नबुझेका कुरा बोल्दै, चित्त नबुझेका मान्छेलाई गाली गर्दै घर फर्कन्थे। बाटोमा कुनै मान्छे देखे भने खुब राम्रो गीत गाउँदै नाच्थे। हामीलाई भने उनले कराएको देख्दा खुब डर लाग्थ्यो। रक्सी खाएपछि खुल्थ्यो उनको मनको सत्य अनि गलाको कला। केही वर्ष भयो, उनलाई त्यही रक्सीले खाएको। अहिले सम्झँदै छु- रक्सी खाएपछि उनले सधैं किन सत्य बोले ? मनदेखि नै बोले, कुटिल हाँसो कहिल्यै हाँसेनन्, मनदेखि नै हाँसे, रिस उठ्यो भने पनि मनदेखि नै रिसाए। मलाई लाग्छ- रक्सीले उनको चर्मचक्षु बन्द गरिदियो, तेस्रो नेत्र खोलिदियो। उनले ओकलेको सत्य तेस्रो नेत्रको कमाल हो।

निबन्ध लेख्दालेख्दै मेरो पनि तेस्रो नेत्र खुलेझैं महसुस भइरहेको छ। मनमा अनेक तरङ्ग आइरहेका छन्। पढ्दै गरेको संस्कृत कक्षाको सम्झना आउँछ। कक्षामा दुईजना चर्मचक्षु नभएका साथी थिए। उनीहरूसँग भौतिक संसार हेर्ने नेत्र थिएनन् तर अन्तर्दृष्टि शक्ति भने अजिब थियो। हामीलाई एक श्लोक घोक्न मुस्किल पर्थ्यो, ती साथीहरूले दैनिक डेढ-दुई सय श्लोक कण्ठस्थ पार्थे। अनौठो लागेर मैले सोधेँ- एकै दिन झन्डै पूरा पुस्तक नै कण्ठस्थ पार्न कसरी सम्भव भयो ? साथीहरूको उत्तर थियो- यो सम्भव चर्मचक्षु नभएका कारण भएको हो। हामीलाई थाहा छैन- मान्छेको रङ कस्तो हुन्छ ? संसार कुन रङमा भुलेको छ ? भौतिक मोह, माया, दया, रिस, घृणाको आकृति कस्तो हुन्छ ? हामीले त हरेक चिज महसुस गर्ने हो। हामीसँग चर्मचक्षु नभए पनि तेस्रो नेत्र ज्ञान चक्षु छ। यो नेत्र अति शक्तिशाली हुन्छ। यो सबै यही नेत्रको कमाल हो। उनीहरूको उत्तरबाट म पूर्णतः सन्तुष्ट भएँ।

बाहिरी आँखाको सबैभन्दा ठुलो कमजोरी यही हो- त्यसले दृश्य देख्छ तर दृश्यभित्रको सत्य देख्दैन। उसले राजदरबार देखेर सिद्धार्थलाई सुखी ठान्छ, दुब्लो शरीर देखेर गान्धीलाई कमजोर ठान्छ, आँखा नदेख्ने हेलेन केलरलाई असहाय ठान्छ, असुन्दर अनुहार देखेर लिंकनको महानता नाप्न सक्दैन। हामी सधैं यस्तै गर्छौं- मानिसको पोसाक हेरेर उसको हैसियत, अनुहार हेरेर उसको चरित्र, पद हेरेर उसको क्षमता र वर्तमान अवस्था हेरेर उसको भविष्यको फैसला गरिदिन्छौं। जीवनको सत्य बाहिरी आँखाले देखिनेभन्दा धेरै गहिरो हुन्छ। त्यही गहिराइमा प्रवेश गर्न तेस्रो नेत्र चाहिन्छ- ज्ञान, विवेक र चेतनाको नेत्र। दुई आँखाले संसारलाई देख्छन्, तेस्रो नेत्रले संसारले लुकाएको सत्य देख्छ।

# परम्परा र प्रविधिको अद्‌भुत संगम

रेलसँग जोडिएको यातायात प्रणालीमा अभ्यस्त जापानमा मानिसहरू लामो दुरीका लागि रेल र छोटो दुरीका लागि साइकल प्रयोग गर्छन् । धेरै स्टेसनमा साइकल पार्किङको व्यवस्था छ । डिजिटल युगमा पनि साइकलमा पुरानै पाइपवाला ताल्चा लगाएको देख्दा गज्जब लाग्यो ।

घुमफिर



रुबी रौनियार

२०४८ सालमा एसएलसी परीक्षा पास भएपछि नै जापान जाने अवसर पाए पनि पारिवारिक कारणले त्यतिखेर जान पाएको थिइनँ। पत्रकार महासंघ जापान शाखाको निमन्त्रण तथा पत्रकार महासंघ, केन्द्रीय समितिको समन्वयमा यस पटक भने जापान जाने सपना पूरा हुँदै थियो। बाल्यकालदेखि नै मैले जापानको विकासबारे पुस्तकहरूमा पढ्दै आएकाले मलाई जीवनमा एक पटक जापान जाने सपना भने बाल्यकालदेखि नै थियो। साउन ७ गते हामी पत्रकार महासंघको टोली जापान शाखाले आयोजना गरेको ग्लोबल मिडिया कन्फरेन्समा भाग लिन जापान लाग्यौं।

मनको एक कुनामा जापानबारे सानैदेखि पढ्दै आएको युद्धको खरानीबाट उठेको जापानलाई नजिकबाट हेर्न पाउने उत्साहले मन गदगद भएकै थियो। साथै, मैले मनमनै जापानको टोकियो, ओसाका र हिरोसिमा, विश्वकै धेरै मान्छे एकै पटक क्रस गर्ने जेब्राक्रसिङका साथै बफादार कुकुरको प्रतिमा हेर्ने योजना पनि बुनेकी थिएँ।

जापान टेकेलगत्तै मैले नारिता एयरपोर्टमा ७० वर्ष काटेका वृद्धहरूले मज्जा लिएर काम गरेको देखेँ। अचम्म लाग्यो। उनीहरू लामो दुरी पनि पैदल हिँडेको देखेँ, अझ बढी रोचक लाग्यो। त्यसपछि त्यहाँका युवाहरू भेटेँ। उनीहरूसँग कुनै पनि किसिमको सहयोग माग्दा खुसी भएको देखेँ। जापानीहरू यतिसम्म नरम-मिजाज र सहयोगी हुँदा रहेछन् कि म बसेको सिनओकुबो क्षेत्रमा रहेको शिवशक्ति मन्दिरबारे एक कार्यालयतर्फ गइरहेकी एक युवतीसँग सोध्दा तिनले मलाई आफू अफिस जाने छाडेर मन्दिरसम्मै पुऱ्याइदिइन्। मैले तिनलाई सोधेँ, 'तपाईंलाई कार्यालय जान ढिला भएन ? तपाईंहरू समयको महत्त्व निकै गर्नुहुन्छ नि ?' मेरो प्रश्नको जवाफमा ती युवतीले 'मैले तपाईंलाई सहयोग गरेको कुरा मेरा हाकिमलाई भनेँ भने उहाँहरूले मलाई थप प्रोत्साहन पो गर्नुहुन्छ' भनेको सुन्दा म आश्चर्यमै परेँ। आफ्नो कामै छाडेर सहयोग गर्नेहरू मैले नेपालमा खासै देखेको थिइनँ।


**विश्वयुद्धको खरानीबाट उठेको जापान**

दोस्रो विश्वयुद्धको अन्त्यतिर जापान विश्वकै सबैभन्दा ठुलो मानवीय र भौतिक विनाशमध्ये एकबाट गुज्रिएको थियो। सन् १९४५ मा हिरोसिमा र नागासाकीमा आणविक बम खसेपछि जापानले आत्मसमर्पण गऱ्यो। युद्धले जापानको उद्योग, पूर्वाधार, यातायात, आवास र अर्थतन्त्रलाई गम्भीर रूपमा क्षति पुऱ्याएको थियो। लाखौं मानिस विस्थापित र प्रभावित भएका थिए। तर यही विनाशबाट जापानले नयाँ यात्राको सुरुवात गऱ्यो।

युद्धपछि जापान अमेरिकी नेतृत्वको मित्रराष्ट्रको नियन्त्रणमा आयो। सन् १९४५ देखि १९५२ सम्म चलेको अधिग्रहण अवधिमा जापानको राजनीतिक, आर्थिक र सामाजिक संरचनामा व्यापक सुधार गरियो। सैन्यवादलाई कमजोर पार्दै लोकतान्त्रिक संस्थालाई बलियो बनाइयो। सन् १९४७ मा नयाँ संविधान लागु भयो, जसले सार्वभौमसत्ता जनतामा निहित हुने व्यवस्था गऱ्यो र युद्ध त्याग्ने प्रतिबद्धता पनि समेट्यो।

**शिक्षालाई विकासको आधार**

युद्धपछि जापानले आफ्नो पुनर्निर्माणमा शिक्षालाई अत्यन्तै महत्त्वपूर्ण आधार बनायो। विद्यालय शिक्षाको पहुँच विस्तार गरियो, प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिइयो र उच्च शिक्षामा पनि लगानी बढाइयो। दक्ष जनशक्ति उत्पादन गर्ने नीति जापानको औद्योगिक विकासको महत्त्वपूर्ण आधार बन्यो। प्राथमिकतहको शिक्षा निःशुल्क रहेछ। नेपाली पाठ्यक्रममा आधारित एभरेस्ट इन्टरनेसनल स्कुल पुगेँ। जापानी शिक्षण सिकाइमा आधारित नेपाली पाठ्यक्रम कार्यान्वयनले स्कुलका बालबालिकाले संस्कारसहितको शिक्षा हासिल गरिरहेको देखेँ। यसले जापानमा बसोबास गर्ने नेपालीहरूले आफ्नो शैक्षिक, सामाजिक र



सांस्कृतिक परम्परा संरक्षण गरिरहेको स्पष्ट हुन्थ्यो।

**जापानमा साइकल चलाउने संस्कृति**

छोटो दुरीका लागि निकै सुविधाजनक- घरबाट रेल स्टेसन, बजार, विद्यालय वा कार्यालयसम्म पुग्न साइकल उपयुक्त हुने भएकाले होला, जापानीहरू साइकल धेरै प्रयोग गर्दा रहेछन्।

रेलसँग जोडिएको यातायात प्रणालीमा अभ्यस्त जापानमा मानिसहरू लामो दुरीका लागि रेल र छोटो दुरीका लागि साइकल प्रयोग गर्छन्। धेरै स्टेसनमा साइकल पार्किङको व्यवस्था छ। डिजिटल युगमा पनि साइकलमा पुरानै पाइपवाला ताल्चा लगाएको देख्दा गज्जब लाग्यो। जहाँ हजारौं वर्ष पुरानो संस्कृति र अत्याधुनिक प्रविधि एउटै समाजमा सँगसँगै अघि बढिरहेको बलियो प्रमाण देखियो।

सडक र फुटपाथको राम्रो व्यवस्था छ। साइकल चलाउन तुलनात्मक रूपमा सुरक्षित र व्यवस्थित वातावरण छ। पार्किङ सजिलो र सस्तो छ। कार पार्क गर्न ठाउँ र पैसा दुवै चाहिन्छ तर साइकलका लागि पार्किङ तुलनात्मक रूपमा सहज रहेछ।

साइकल महँगो कारभन्दा किफायती हुने नै भयो। इन्धन, पार्किङ, बिमा र मर्मत खर्चका कारण छोटो दुरीमा साइकल आर्थिक विकल्प रहेको जापानीहरूसँगको भेटमा थाहा पाएँ। अनुशासन र नियम पालना जापानको विशेषता नै हो। जापानी समाजमा सार्वजनिक स्थान र यातायातका नियम पालना गर्ने संस्कार भएकाले साइकल र पैदलयात्रीबिचको आवागमन पनि व्यवस्थित हुन्छ।

**उद्योगबाट आर्थिक चमत्कारसम्म**

१९५० को दशकपछि जापानको अर्थतन्त्र तीव्र गतिमा विस्तार हुन थालेको इतिहास छ। कोरिया युद्धका क्रममा जापानी उद्योगले ठुलो मात्रामा उत्पादनसम्बन्धी अवसर पाए। त्यसपछि जापानले कपडा, इस्पात, जहाज निर्माण, विद्युतीय सामग्री, क्यामेरा, मोटरगाडी र मेसिनरी उत्पादनमा आफ्नो क्षमता विस्तार गर्दै गएको विभिन्न लिखतहरूमा उल्लेख छ।

जापानको औद्योगिक सफलताको एउटा महत्त्वपूर्ण विशेषता थियो- कम स्रोतबाट बढी मूल्य सिर्जना गर्ने क्षमता। उत्पादनमा गुणस्तर नियन्त्रण, अनुसन्धान, दक्षता र निरन्तर सुधारलाई प्राथमिकता दिइयो। सानो-सानो सुधार गर्दै निरन्तर उत्कृष्टतातर्फ जाने अवधारणाले जापानी उद्योगलाई विश्वव्यापी प्रतिस्पर्धामा बलियो बनाउँदै गएको हो। टोकियोको व्यस्त सडकदेखि क्योटोका शान्त मन्दिरसम्म, जापानमा आधुनिकता र परम्पराको फरक संसार एकैपटक देख्न सकिन्छ।

**अनुशासन जापानी समाजको पहिचान**

जापानी समाजको सबैभन्दा चर्चित विशेषता अनुशासन हो। समयको सम्मान, सार्वजनिक स्थानमा शान्त व्यवहार, सरसफाइ र आफ्नो जिम्मेवारीप्रतिको प्रतिबद्धता जापानी जीवनशैलीका महत्त्वपूर्ण पक्ष हुन्। रेलमा यात्रा गर्दा होस् वा कार्यालयमा काम गर्दा, व्यक्तिगत स्वतन्त्रतासँगै अरूको अधिकार र सुविधालाई पनि ध्यान दिने संस्कार देखिन्छ। यही सामाजिक अनुशासनले जापानलाई व्यवस्थित देशका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको अनुभव म आफैंले गर्न पाउँदा मन हर्षित बन्यो। आफ्नो कारण अरूलाई दुःख नहोस् भन्नेमा जापानीहरू निकै सचेत रहेछन्।

**पुरानो संस्कृति, नयाँ पुस्ता**

जापानको अर्को महत्त्वपूर्ण पक्ष यसको संस्कृति हो। चिया समारोह, किमोनो, मन्दिर, बौद्ध तथा शिन्तो परम्परा, सामुराई इतिहास, मौसमी पर्व र जापानी खानाले देशको सांस्कृतिक पहिचान निर्माण गरेका छन्।

त्यसैगरी एनिमे, मंगा, गेमिङ र पप संस्कृतिले जापानलाई विश्वका युवामाझ अझ लोकप्रिय बनाएको छ। यसरी जापानले आफ्नो पुरानो सांस्कृतिक पहिचान जोगाउँदै नयाँ पुस्ताको रुचिसँग पनि आफूलाई जोडिरहेको छ।

**बुढ्यौली समाज र जनशक्तिको चुनौती**

जापानको विकाससँगै केही गम्भीर सामाजिक चुनौती पनि छन्। वृद्ध जनसंख्या बढ्नु, जन्मदर घट्नु र श्रमशक्तिको अभाव जापानका दीर्घकालीन चुनौतीमध्ये हुन्। त्यसैले जापानले पछिल्लो समय प्रविधि, रोबोटिक्स, उत्पादकत्व वृद्धि र विदेशी श्रमिकको भूमिकालाई पनि महत्त्व दिन थालेको छ।

**हाचिकोको कथा**

मलाई जापानको एक स्टेसनमा बफादार कुकुरको प्रतिमामा रहेको कथा गुणराज दाइले सुनाउनुभएको थियो। मलाई त्यो कुकुरको प्रतिमा हेर्न निकै मन थियो। जापान पुगेपछि जापानमा कुकुरप्रतिको मानिसको भावनात्मक सम्बन्ध बुझाउने सबैभन्दा प्रसिद्ध उदाहरण हाचिको हो।

टोकियोको सिबुया स्टेसनमा आफ्नो मालिकलाई लामो समयसम्म कुरिरहने हाचिकोको कथा जापानमा निष्ठा र बफादारीको प्रतीक बनेको छ। आज पनि सिबुया स्टेसनमा हाचिकोको प्रतिमा हेर्न मानिसहरू पुग्ने र लाइन लागेर फोटो खिच्ने गरेको देखेँ। मैले पनि यो अवसर लिएँ। फोटो खिचेँ। त्यसलगत्तै सँगै रहेको विश्वप्रसिद्ध शिबुया जेब्रा क्रसिङमा पनि सडक पार गरेँ। एकैपटक हजारौं मानिसले पार गरेको देख्दा रोचक लाग्यो।

**एउटै संकेतमा सयौं मानिसको सुरक्षित यात्रा**

सडकमा एकैपटक सयौं मानिसले बाटो काटेको दृश्य देख्दा मलाई अचम्म लाग्यो। तर जापानका व्यस्त सहरहरूमा यस्तो दृश्य सामान्यजस्तै देखिन्छ। विशेषगरी टोकियोको शिबुया क्षेत्रको शिबुया क्रसिङ विश्वकै चर्चित पैदलयात्रु क्रसिङमध्ये एक हो। ट्राफिक बत्ती रातो भएपछि विभिन्न दिशाबाट मानिसहरू जेब्राक्रसिङमा प्रवेश गर्छन् र केही सेकेन्डमै ठुलो भिडले सडक पार गर्छ।

यसको विशेषता मानिसको संख्या मात्र होइन, व्यवस्थित रूपमा ठुलो भिडले सडक पार गर्नु रहेको देखियो। पैदलयात्रुको बत्ती बल्दा सवारीसाधन पूर्ण रूपमा रोकिन्छन्। त्यसपछि मानिसहरू अगाडि, पछाडि, दायाँ र बायाँबाट सडकमा प्रवेश गर्छन्। भिड बाक्लो भए पनि अधिकांश मानिस आफ्नो गतिमा हिँड्छन् र अरूलाई ठक्कर नदिई सहज रूपमा बाटो काट्ने दृश्य गज्जबको लाग्यो।

**नेपालका लागि जापानबाट सिकाइ**

नेपालका लागि जापान केवल रोजगारी वा अध्ययनको गन्तव्य मात्र होइन, अनुशासन, विकास र व्यवस्थापनबाट सिक्ने महत्त्वपूर्ण देश पनि रहेछ। सार्वजनिक यातायातको व्यवस्थापन, विपद् व्यवस्थापन, सरसफाइ, समयपालना, प्राविधिक शिक्षा, उत्पादनमुखी सीप र स्थानीय स्रोतको उपयोग नेपालका लागि उपयोगी उदाहरण बन्न सक्छन्।

जापानको ९ दिनको भ्रमणबाट मैले सिकेको महत्त्वपूर्ण कुरा देशको विकास केवल ठूलो बजेट वा ठूला परियोजनाबाट हुँदैन। अनुशासन, सीप, प्रविधि, मेहनत र दीर्घकालीन सोच पनि उत्तिकै आवश्यक हुन्छ।

आजको जापान त्यसैले केवल आर्थिक रूपमा विकसित राष्ट्रको उदाहरण होइन, परम्परालाई जोगाउँदै आधुनिकतातर्फ अघि बढ्न सकिने सम्भावनाको उदाहरण पनि हो। यसकारण हामी नेपालीहरूले आधुनिकतासँगै आफ्ना परम्परा, रीतिरिवाज र संस्कारलाई पनि साथमा लिएर हिँडेमात्र वास्तविक रूपमा विकसित राष्ट्रको सपना साकार पार्न सक्छौं।


# भ्रमको पर्दा

पार्किङमा गाडी राखेपछि अटलले मलाई एउटा अत्याधुनिक कर्पोरेट र कलात्मक रूपमा सजिएको अफिसको तेस्रो तलामा लग्यो। त्यहाँको वातावरण यति व्यावसायिक थियो कि मलाई कताकता आफ्नै पोसाक र हैसियत देखेर संकोच लाग्यो।

## कथा



भुवन त्रिपाठी



स्नातक पढ्दा भेटिएका मेरा मिल्ने साथीहरूमध्ये अटल पनि एक जना थियो। गुल्मी घर भए पनि ऊ पोखरामा मसँगै पढेको थियो। कलेज सकिएपछि परिस्थितिको हुरीले हामीलाई दुईतिर बगायो र हेर्दाहेर्दै बैंसका एघार बाह्र वर्ष कता बिते, पत्तै भएन। संयोगवश अस्ति मात्र काठमाडौंमा उसँग अप्रत्याशित जम्काभेट भयो।

औपचारिक हालचाल र अंकमालपछि उसले बडो सहजताका साथ भन्यो, 'म त उतै गाउँतिर कृषिसम्बन्धी केही कामहरू गर्दै छु साथी, सामान्य जीवन चलिरहेको छ। तिमी त काठमाडौंतिर नै जमेछौ। खुसी लाग्यो।'

उसको कुरा सुनेर मैले ओठमा एउटा कृत्रिम र आत्मसन्तुष्टिको खिस्स हाँसो छर्दै मौन स्वीकृति जनाएँ।

प्रायः कलेजको क्यान्टिनको सस्तो समोसा र चियामा टर्ने म आज 'कति सधैं कलेजकै क्यान्टिनमा मात्र खानु, जेसुकै परोस् आज अलिकति बढी खर्च गरेरै भए पनि विलासी खाना खान्छु' भन्दै अनामनगर नजिकैको 'दाउरा थकाली' भित्र छिरेको थिएँ। संयोगवश त्यहीभित्र अटलसँग भेट भएको थियो।

मित्रले 'कृषिसम्बन्धी काम गरिरहेको छु' भन्नासाथ औसत सहरिया नेपालीको दिमागमा झट्ट आउने 'बिचरा' वाला भाव मेरो मनमा पनि सल्बलायो। मैले मनमनै गमेर सोचेँ- 'बिचरा साथीले अन्त कतै जागिर पाएनछ कि क्या हो त्यसैले कृषितिर लागेछ। स्नातक पढ्दा कस्तो चलाख र पढ्नमा अब्बल थियो। आखिर हलो र कोदालीमै सीमित भएछ!' तर मेरो सोच र उसको वास्तविकतामा कताकता विरोधाभास थियो। उसको पोसाक ब्रान्डेड र निकै सुकिलो थियो। अनुहारमा एउटा अलग्गै तेज थियो। म काठमाडौं बसेको झन्डै १५ वर्षमा पहिलो पटक यति महँगो रेस्टुरेन्ट छिर्दै थिएँ। ऊ भने त्यहाँको नियमित ग्राहकझैं मेनुसमेत नहेरी सहज रूपमा अर्डर गरिरहेको थियो। मेरो मनमा पहिलो पटक संशयको सानो अंकुर उब्जियो 'कृषिमा पनि राम्रै पैसा हुन्छ र ?'

खाना खाँदै गर्दा हाम्रा कलेज जीवनका ती अल्लारे र सुनौला दिनहरूका स्मृतिहरू ब्युँतिए। कुराकानीकै क्रममा उसले आज एउटा महत्त्वपूर्ण मिटिङका लागि लाजिम्पाट पुग्नुपर्ने कुरा सुनायो। ऊ हिजो मात्र काठमाडौं आएको रहेछ। हिजो पुलचोकमा अर्गानिक उत्पादनसम्बन्धी एउटा राष्ट्रिय गोष्ठी रहेछ, जहाँ ऊ वक्ताका रूपमा आमन्त्रित भएर आएको रहेछ। 'आज लाजिम्पाटको मिटिङ सकियो भने भोलि नै गाउँ फर्किन्छु होला साथी,' उसले भन्यो।

हामीले वेटरसँग बिल मगायौं। बिल टेबुलमा आउनासाथ अटलले पर्स निकाल्दै तिर्नको लागि हात बढायो। काठमाडौंको बासिन्दा त्यसमाथि कलेजका विद्यार्थीलाई पढाउने 'प्रतिष्ठित प्राध्यापक' टोपलिएको नाताले मेरो सहरिया अहम् जाग्यो। मैले बिल आफ्नो हातमा थुत्दै भनेँ, 'ए साथी! तिमी काठमाडौं आएको बेला तिमीले तिर्ने होइन। आजको बिल मेरो तर्फबाट, गाउँ जाँदा खुवाउला नि।'

ऊ केही बोलेन, मुसुक्क हाँस्दै मलाई हेर्‍यो र सहजै स्वीकृति जनायो।

रेस्टुरेन्टबाट बाहिर निस्कँदै गर्दा मैले खल्तीबाट बाइकको चाबी निकाल्दै अलिकति धाक लगाउने शैलीमा भनेँ, 'म पनि पुतलीसडकसम्म जाँदै छु। हिँड, तिमीलाई मेरो बाइकमा लाजिम्पाटको अफिससम्म पुर्‍याइदिन्छु। ट्राफिक जाममा बाइक नै सजिलो हुन्छ नि!' साथीलाई सानो भए पनि सहयोग गर्न पाएकोमा म मनमनै मख्ख थिएँ। कताकता म काठमाडौंको बाइकर र ऊ गाउँबाट आएको पैदलयात्री भन्ने अहम् मेरो भित्र अझै बाँकी नै थियो।

मेरो कुरा सुनेर अटल मज्जाले हाँस्यो। उसको त्यो हाँसो देखेर म दंग परेँ, 'किन हाँसेको साथी ? केही गल्ती भनेँ र ?'

'सिजन, तिमी पहिलेदेखि नै सहयोगी मनको मान्छे हौ, त्यो बानी अझै गएको रहेनछ,' अटलले मेरो काँध थपथपाउँदै बडो आत्मीयताका साथ भन्यो, 'यसपालि सवारी साधन आफैं लिएर आएको छु साथी, त्यही भएर हाँसेको नि।'

उसको कुराले मेरो अनुहारको रङ उड्यो। मैले सामान्य टाउको हल्लाएर आफ्नो भित्री हीनताबोधलाई एउटा फितलो मुस्कानभित्र लुकाउने प्रयास गरेँ।

अटलले फेरि प्रस्ताव राख्यो- 'सिजन, तिमीलाई आज फुर्सद छ भने काठमाडौं बसुन्जेल मसँगै हिँडेर साथ देऊ न, पुराना कुरा पनि गर्न पाइन्छ र बाटो नचिनेर अल्मलिन पर्दैन।'

'हिजो कलेजमा १२ कक्षाका विद्यार्थीको बिदाइ कार्यक्रम थियो, त्यसैले आज हामीलाई पनि बिदा छ। तिमीजस्तो पुरानो मित्रसँग समय बिताउन पाउनु मेरो लागि पनि खुसीकै कुरा हो, हिँड न त।' मैले आफ्नो बाइकको चाबी फेरि खल्तीमा घुसार्दै सहमति जनाएँ।

'त्यसो भए तिम्रो बाइक यहीं पार्किङमा सुरक्षित छोडिदेऊ, मेरो गाडीमा जाऔं,' भन्दै उसले मलाई रेस्टुरेन्टको भिआइपी पार्किङतर्फ डोर्‍यायो।

जब उसले एउटा चम्किलो, सोफिस्टिकेटेड सेतो 'क्रेटा गाडी'को अगाडिको ढोका खोलेर शिष्टतापूर्वक मलाई बस्न आग्रह गर्‍यो, मेरा पाइलाहरू त्यहीं जमे। म अवाक् भएँ। मेरो अगाडि उभिएको त्यो गाडी केवल एउटा साधन थिएन, त्यो त मेरो संकुचित सोच्ने दायरामाथि लागेको एउटा बलियो झापड थियो। एउटा माटो र कृषिसँग जोडिएको मानिस यसरी सान र आरामका साथ गाडी चढ्न सक्छ भन्ने कुरा मेरो मध्यमवर्गीय मगजले सोच्नै सकेको थिएन। म आफूलाई काठमाडौंको प्रतिष्ठित र सम्मानित प्राध्यापन पेसामा रहेको ठानेर घमण्ड गर्थें तर वास्तविकता के थियो भने मलाई महिनाको अन्त्यमा बाइकमा पेट्रोल हाल्न र घरबेटीको कोठाभाडा तिर्नसमेत सोच्नुपर्ने अवस्था हुन्थ्यो। बाहिर एउटा 'सर'को आवरण, भित्र सधैं अभावको डर! तर मेरो अगाडि कृषि गर्ने साथी देश र भूगोल नाघेर उडिरहेको थियो।

उसको आरामदायी र एयरकन्डिसनको मन्द सुगन्ध फैलिएको गाडीमा बसेर लाजिम्पाटसम्म पुग्दा अटलले मलाई उसको कृषि परियोजना, नेपालमा अर्गानिक खेतीको अथाह सम्भावना र अन्तर्राष्ट्रिय बजारको मागबारे धेरै कुरा बुझायो। उसले माटो, उत्पादन र बजारको सम्बन्ध यसरी केलाउँदै थियो कि मलाई लाग्यो, ऊ कुनै हलो जोत्ने किसान होइन। यो देशको आर्थिक दुर्दशा बदल्ने खाका र दृष्टिकोण बोकेको कुनै प्राज्ञिक अर्थशास्त्री हो। म कलेजमा सिद्धान्त पढाउँथेँ। ऊ गाउँको माटोमा व्यवहार उतारिरहेको थियो।

अटलले लाजिम्पाटको एउटा ठुलो र भव्य बङ्गलाको गेटभित्र गाडी छिरायो। पार्किङमा गाडी राखेपछि मलाई एउटा अत्याधुनिक कर्पोरेट र कलात्मक रूपमा सजिएको अफिसको तेस्रो तलामा लग्यो। त्यहाँको वातावरण यति व्यावसायिक थियो कि मलाई कताकता आफ्नै पोसाक र हैसियत देखेर संकोच लाग्यो। त्यहाँ पुग्नासाथ विदेशी नागरिकहरूले हाम्रो भव्य र आदरपूर्ण स्वागत गरे।

परिचयको क्रममा थाहा भयो, उनीहरू अर्जेन्टिनाका नागरिक एन्टिना र जकिन रहेछन्। अर्जेन्टिना भन्नेबित्तिकै म्याराडोना, मेस्सी र फुटबलको मैदान मात्र सम्झिने मेरो सीमित मस्तिष्कले अर्जेन्टिनीहरू नेपालको एउटा गाउँको युवाको आइडियाबाट प्रभावित भएर यसरी काठमाडौंको मुटुमा कर्पोरेट अफिस खोलेर काम गरिरहेका छन् भन्ने कुरा स्विकार्न निकै समय लियो। मेरो काठमाडौंको घमण्ड बिस्तारै पग्लिँदै गइरहेको थियो।

केही बेरमा बैठक कक्षमा कफी आयो। म कफीको तातो चुस्की लिँदै उनीहरूका कुरा सुन्न थालेँ। उनीहरूका प्राविधिक र व्यावसायिक शब्दहरू मेरो टाउको माथिबाट गइरहेका थिए किनकि त्यो मेरो प्राज्ञिक क्षेत्र थिएन। तर मेरो दिमागमा लागेको एउटा भ्रमको पर्दा भने पूरै च्यातिएर हावामा उडिसकेको थियो। जसलाई मैले सुरुमा गाउँको कमजोर र सहाराविहीन कृषक सोचेको थिएँ, ऊ त यहाँ एउटा विशाल अन्तर्राष्ट्रिय व्यापारको केन्द्रविन्दु पो रहेछ! अटलले गुल्मी र पाल्पाका कुनाकाप्चामा पसिना बगाउने गरिब किसानहरूको उत्पादनलाई सिधै अन्तर्राष्ट्रिय बजारसँग जोडिदिने एउटा बलियो र भरपर्दो सेतुको काम गरिरहेको थियो।

करिब एक घण्टाको गम्भीर छलफलपछि मिटिङ सकियो। हामी एकापसमा व्यावसायिक शिष्टता र हात साटासाट गर्दै बाहिर निस्कयौं। त्यसपछि हामी दरबारमार्गको एउटा शान्त रेस्टुरेन्टमा कफी पिउँदै मिटिङको समीक्षा गर्न थाल्यौं।

मैले आफ्नो उत्सुकता थाम्न नसकेर सोधेँ, 'अटल, खासमा आजको मिटिङको मुख्य एजेन्डा के थियो साथी? मैले त धेरै कुरा बुझिनँ।'

उसले कफीको कप टेबुलमा राख्दै बडो गर्वका साथ भन्यो, 'विशेष गरी गुल्मी र पाल्पा जिल्लामा हाम्रा स्थानीय किसानले उत्पादन गरेको अर्गानिक अदुवा अर्जेन्टिना निर्यात गर्ने विषयमा थियो। हाम्रो पहाडी रैथाने अदुवाको स्वाद र गुणस्तरको माग उता एकदमै उच्च रहेछ।'

नेपालको पहाडी खोल्सामा फलेको अदुवा सिधै दक्षिण अमेरिकाको अर्जेन्टिनासम्म पुग्छ भन्ने कुरा मेरो कल्पनाको क्षितिजभन्दा कता हो कता बाहिरको विषय थियो। नेपाली उत्पादन यसरी तेस्रो मुलुकसम्म जान सके देशका वास्तविक श्रमजीवी किसान र देशकै अर्थतन्त्र समृद्धिको बाटोमा दौडिन्छ भन्नेमा त दुई मत थिएन। तर मेरो संकुचित सहरिया र कताकता 'लोभी' मनमा फेरि एउटा नितान्त व्यक्तिगत प्रश्न उब्जियो।

मैले सोधेँ, 'अनि साथी, तिमीले यो देश र किसानको कुरा त गर्यौ तर यो सबै प्रक्रिया मिलाइदिएबापत तिमीलाई चाहिँ व्यक्तिगत रूपमा के फाइदा हुन्छ नि ?'

उसले आफ्नो त्यही कलेज जीवनकै चिरपरिचित मन्द र निश्छल मुस्कानका साथ मलाई हेर्‍यो र भन्यो, 'हेर सिजन, व्यक्तिगत नाफा र गोजी भर्ने कुरा त दोस्रो प्राथमिकता हो। हाम्रा गाउँका किसानहरूले अन्तर्राष्ट्रिय बजार र आफ्नो पसिनाको उचित मूल्य पाउँदा जुन आत्मसन्तुष्टि मिल्छ नि त्यो करोडौं रुपैयाँभन्दा ठुलो कुरा हो। आखिर जगै बलियो भए न घर बलियो हुन्छ, किसान बलियो भए देश आफैं बलियो हुन्छ नि।'

'देश र किसानको फाइदा त छँदै छ अटल तर तिम्रो आफ्नो गोजीमा के पर्छ ? त्यो भन न मलाई ?' मैले अलि बढी व्यावहारिक हुन खोजेँ।

उसले फेरि एक पटक कुटिल तर शालीन मुस्कानसाथ भन्यो, 'मलाई त खासै धेरै फाइदा हुँदैन साथी। अर्गानिक परीक्षणका सबै मापदण्ड र ल्याब टेस्ट पूरा भएर अदुवा अर्जेन्टिना पुग्यो भने मैले बिचमा समन्वय गरिदिएबापत प्रतिकिलो १६ रुपैयाँ जति व्यवस्थापकीय खर्च पाउँछु।'

'जम्मा १६ रुपैयाँ ?' म झस्किएँ, 'साथी, जम्मा १६ रुपैयाँका लागि यति धेरै हन्डर, कागजी झन्झट र काठमाडौंसम्मको दौडधुप ? मलाई उसको यति ठुलो मिहिनेतको अगाडि त्यो १६ रुपैयाँको आँकडा निकै कम लाग्यो।'

'खासै धेरै दुःख कहाँ छ र साथी ? मेरो काम त केवल दुई भिन्न किसान र विदेशी क्रेतालाई प्रविधिको माध्यमबाट जोडिदिने मात्र हो। केही समयअघि नमुना परीक्षणका लागि गाउँबाट दुई केजी अदुवा पठाइदिएको थिएँ। दुई चरणको ल्याब टेस्ट पास भइसक्यो। अब अन्तिम चरणको प्रमाणीकरण हुनासाथ निर्यातको बाटो खुल्छ। अदुवा संकलन गाउँकै किसानले आफैं गर्छन्। ढुवानी र प्याकेजिङको अन्तर्राष्ट्रिय व्यवस्था यी अर्जेन्टिनीहरू आफैंले गर्छन्।' उसले मेरो बालसुलभ जिज्ञासालाई मेट्ने प्रयास गर्‍यो। उसले थोरै गम्भीर हुँदै अगाडि थप्यो, 'तेस्रो देशमा समुद्री मार्गबाट लैजाने बेला भारतले अलिकति पारवहनमा झन्झट दिन्छ कि भन्ने मात्र पिरलो हो। उनीहरूको कूटनीतिक टोली नै त्यो सुल्झाउन लागिपरेको छ।'

मेरो गणितीय र सहरिया दिमाग अझै सन्तुष्ट हुन सकेको थिएन। मैले अटलको आँखामा हेर्दै फेरि भनेँ, 'जे भए पनि अटल, यत्रो ठुलो अन्तर्राष्ट्रिय डिलको मुख्य सूत्रधार तिमी हौ। जम्मा १६ रुपैयाँ त निकै थोरै भयो। तिम्रो श्रमको अवमूल्यन भएन र ?'

अटलले मज्जाले हाँस्दै मेरो काँधमा धाप मार्‍यो, 'तिमी मेरो कति धेरै चिन्ता गर्छौ है साथी' उसले कफीको अन्तिम चुस्की लियो र बडो शालीन आत्मविश्वासका साथ भन्यो, 'हेर सिजन! तिमीले कुरा बुझेनौ। यो १०-२० किलो वा १-२ क्विन्टलको कुरा होइन। यो पहिलो सम्झौतामा उनीहरूले लैजान खोजेको न्यूनतम १७०० क्विन्टल अर्थात् एक लाख ७० हजार किलो अदुवा हो। अब एक लाख ७० हजार किलोलाई १६ ले गुणा गरेर हेर त कति हुन्छ ? झन्डै २७ लाख २० हजार रुपैयाँ हुन्छ साथी। एउटै प्रोजेक्टको एउटै डिलमा योभन्दा बढी लोभ गर्नु हुँदैन। हेर सिजन, यस्ता अर्गानिक कफी, अलैंची र जडीबुटीका परियोजना त मेरा अरू थुप्रै जिल्लामा एकैसाथ चलिरहेका छन्।'

साथीको मुखबाट बडो सहजताका साथ निस्किएको '२७ लाख २० हजार'को आँकडा र उसको अनुहारको त्यो अचम्मको वित्तीय सुरक्षा र आत्मविश्वास देखेपछि मेरा कानहरू तातेर आए, म जिल खाएँ। मलाई अचानक आफू काठमाडौंको कोलाहलभित्र संकुचित कुवाको कुनामा सीमित भएको एउटा घमन्डी भ्यागुतोजस्तो महसुस भयो।

काठमाडौंमा बस्नेहरूको सोच्ने दायरा फराकिलो र ठुलो हुन्छ भन्थे तर यहाँ बस्ने मेरो नियति र कर्म त दुवैतिर आँखा छोपेर एउटै निश्चित बाटोमा दगुर्ने टाँगाको घोडा जस्तो मात्र पो भएको रहेछ! आफूलाई समाजको 'प्रतिष्ठित प्राध्यापक' र बौद्धिक वर्ग ठानेर, बिहानदेखि बेलुकीसम्म घाँटी सुक्ने गरी कक्षाकोठामा पसिना चुहाएर र मार्कर घोट्दा वर्षभरिमा ५-६ लाख बचाउन धौ धौ पर्छ। महिना मर्न नपाउँदै कोठाभाडा, तरकारी र पेट्रोलको महँगीले ढाड सेक्छ तर मेरो साथीले गाउँको माटोमै बसेर किसानको ओठमा खुसी छर्दै, केवल ५-६ वटा प्राविधिक मिटिङ र व्यवस्थापकीय कौशलको भरमा एकाध महिनामै झन्डै २७-२८ लाख सहजै आर्जन गरिरहेको थियो।

अब म गनगन गर्ने वा कुतर्क गर्ने अवस्थामा थिइनँ। म एकोहोरो मेरो साथी अटलको त्यो मन्द मुस्कान र माटोको सुगन्धले चम्किएको आत्मविश्वासले भरिएको अनुहार हेरिरहेको थिएँ।

कफीको कप रित्तिइसकेको थियो र सँगै रित्तिएको थियो मेरो 'काठमाडौंको सुकिलो घमण्ड'। दरबारमार्गको त्यो रेस्टुरेन्टबाट बाहिर निस्कँदै गर्दा मेरो मनमा आफ्नै कलेजका ती सैद्धान्तिक पानाहरूप्रति एक किसिमको वितृष्णा जाग्यो। मैले मनमनै एउटा नयाँ अठोट गरेँ- 'भोलि कलेज गएर विद्यार्थीहरूलाई केवल सर्टिफिकेटका लागि घोक्न मात्र सिकाउने छैन, बरु अटलले जस्तै देशको माटो, उद्यमशीलता र प्रविधिलाई जोड्ने वास्तविक शिक्षा दिनेछु र कुन दिन यी काठमाडौंका साँघुरा गल्लीहरू छोडेर म पनि आफ्नै गाउँको माटो खन्न आइपुग्नेछु।'

बाहिर काठमाडौंको सडकमा चर्को घाम लागेको थियो तर मेरो भित्री मनमा भने चेतनाको एउटा शीतल र नयाँ उज्यालो छरिएको थियो।

# पर्यावरणीय आस्था बोकेको बडीमालिका

## पर्यटन



ललित विष्ट

पश्चिम नेपालकै सुन्दर धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा रहेको बडीमालिकाको तीर्थयात्रा सुरु भएको छ। कालीकोट र बाजुराको सिमानामा पर्ने बडिमालिका धामको मेला भर्न तीर्थालुले यात्रा सुरु गरेका हुन्।

हरेक वर्ष शुक्ल चतुर्दशीका दिन मेला लाग्ने बडिमालिकामा बाजुरा, डोटी, जुम्ला र कालीकोटबाट पूजा सामग्रीसहित सरकारी टोली तीर्थयात्रा जाने गरेको र त्यसका लागि जुम्ला र कालीकोटबाट पुजारीसहितको टोलीलाई केही दिनअघि नै पूजा सामग्रीसहित बिदाइ गरिएको हो।

जिल्ला प्रशासन कार्यालय, कालीकोटका खरिदार अर्जुन उपाध्यायको नेतृत्वमा कालीकोटदेखि सरकारी टोली बडीमालिका प्रस्थान गरेको छ। यसअघि डोटी, जुम्ला र बाजुराबाट मात्र सरकारी टोली बडीमालिका जाने गरेकोमा यस वर्षदेखि कालीकोट जिल्ला प्रशासनको नेतृत्वमा सरकारी टोली मूर्ति, ध्वजा, अक्षता, भेटीसहित बडीमालिका जान थालेको हो।

बडीमालिका देशकै प्रमुख शक्तिपीठ भएकाले कालीकोटबाट कर्मचारी, सुरक्षाकर्मीसहित सर्वसाधारणको टोलीलाई बिदाइ गरिएको प्रमुख जिल्ला अधिकारी झविलाल भट्टराईले बताए। बडीमालिकाका पुजारी पनि कालीकोटको रास्कोटबाटै मूर्तिसहित जाने रहेछन्। उनले भने, 'पुजारी जाने ठाउँबाट सम्मानस्वरूप सरकारी टोली जानु उचित हुने भएकाले पूजाआजा गरेर टोली खटाइयो।' उनका अनुसार जिल्ला प्रशासनका तर्फबाट भेटीसहित बडीमालिकाका लागि टोली खटाइएको छ।

गत वर्ष ४५ हजारले बडीमालिकाको दर्शन गरेको थिए। देशकै पवित्र तीर्थस्थल बडीमालिका दर्शन गरे मनोकांक्षा पूरा हुने जनविश्वासले प्रत्येक वर्ष जनै पूर्णिमाको अघिल्लो दिन बाजुरा र कालीकोटको बिचमा पर्ने बडिमालिका मन्दिर, खाँडाचक्र नगरपालिका र पचालझरना गाउँपालिकाको शिरमा पर्ने चुलीमालिका मन्दिर, तिलागुफामा पर्ने पुगमालिका मन्दिर, सान्नीत्रिवेणीको गरुणस्नानी, ताडीको पूजामालिका देवी र कालीकोटको महाबै गाउँपालिका तथा दैलेखको महाबु लेकमा पर्ने महाबु धाममा शिवको पूजाआराधना गरेपछि पूर्णिमाको दिनदेखि अन्य देवीदेवताहरूको थान (मन्दिर) मा पूजा हुने गरेको सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले बताए। जनै पूर्णिमादेखि सुरु हुने देवताका मन्दिरमा मंसिर पूर्णिमासम्म जात्रा-मेला लाग्ने गर्छ।

बडीमालिका मेला भर्न तीर्थालु जान थालेको र त्यहाँको सुरक्षा व्यवस्थाका लागि सामग्रीसहित टोली खटाइएको जिल्ला प्रहरी प्रमुख डिएसपी हिमबहादुर खत्रीले बताए। बडीमालिका तीर्थयात्रा जानका लागि सहजीकरण गर्दै त्यहाँ टोली पठाइएको छ।

**धार्मिक पर्यटनको गन्तव्य**

भूस्वर्गको रूपमा लिइने धार्मिक तथा पर्यटकीय क्षेत्र बडीमालिका पर्यटक तथा श्रद्धालु भक्तजनका लागि महत्त्वपूर्ण गन्तव्य बनेको छ। भगवान् शिव पृथ्वी भ्रमणमा रहँदा यो क्षेत्रमा सतीदेवीको बायाँ हातको कुम पतन भयो, सोही कुमबाट बडीमालिकाको उत्पत्ति भएको किंवदन्ती छ। यहाँ भगवान् शिवले लामो समय बसोबास गरेको धार्मिक विश्वास रहेको बडीमालिकाका पुजारी हरिकृष्ण धमलाले जानकारी दिए।

हराभरा पाटन, दुर्लभ वन्यजन्तु र पौराणिक किंवदन्तीले भरिपूर्ण यो पवित्र स्थलमा पछिल्ला केही वर्षयता स्वदेशी तथा विदेशी धार्मिक पर्यटकको रोजाइमा पर्ने गरेको छ। प्राकृतिक दृश्य, धार्मिक आस्था र सांस्कृतिक परम्पराको अद्वितीय रूपले यो क्षेत्र पर्यटक र भक्तजन दुवैका लागि उत्कृष्ट गन्तव्य बन्दै गएको स्थानीय बताउँछन्। नजिकै देखिने सुन्दर हिमाल, हिउँ कुल्चन पाउने सौभाग्य र मनोरम प्राकृतिक दृश्यहरू बडीमालिकाका अनुपम उपहार हुन्।

यहाँका सौन्दर्य भनेकै विशाल फाँटहरू हुन्। बाह्रै महिना चिसो र कुहिरो लाग्ने भएकाले यहाँको प्राकृतिक सौन्दर्य नियाल्दा जोकोही आकर्षित र मोहित हुन्छन्। समुद्री सतहबाट चार हजार २१९ मिटर उचाइमा रहेको यो क्षेत्रका मनमोहक त्रिवेणी क्षेत्र, २२ पाटन, ती फाँटमाथि फुलेका रंगीचंगी फूल, विष्णुपानी, धर्मद्वार प्रसिद्धस्थल हुन्।



खेतीबेती क्षेत्रमा परापूर्वकालमा भगवती र महिसासुरको युद्धका क्रममा रोपिँदै गरेको धान यथास्थितिमा रहेको स्थानीयको भनाइ छ। यहाँ डाँफे, मुनाल, कस्तुरी, झालरलगायत दुर्लभ चराचुरुंगी र वन्यजन्तु पाइन्छन्। सफा मौसमका बेला बडीमालिकाबाट उत्तरतर्फका अपूर्व हिमशृंखलासहित अपी, सैपाल हिमाल स्पष्ट देख्न सकिने हुन्छ।

सवारीसाधन सञ्चालन हुने सडक पूर्वाधारको अभावमा घोडेटो बाटोमा पैदल हिँडेर यहाँसम्म पुग्न केही कठिनाइ हुने भए पनि पुगेपछि आध्यात्मिक शान्ति, मनोरम हरियाली पाटन, हिमशृंखला र प्राकृतिक सौन्दर्यका अगाडि यात्राका क्रममा हुने कठिनाइ गौण हुने विश्वास छ। यात्राका लागि कालीकोटको रास्कोटदेखिको बाटो छोटो रहेको हुन्छ।

यस वर्षको मेलामा पनि देशका विभिन्न जिल्लासहित छिमेकी देश भारतबाट समेत दर्शनार्थीहरू पूजा तथा दर्शनका लागि बडीमालिका पुग्ने छन्। बडीमालिका धार्मिक आस्थाको अपूर्व संगम हो। यहाँ प्रत्येक वर्ष लाग्ने मेलामा बाजुरा, डोटी र जुम्ला र कालीकोटबाट पूजा सामग्रीसहित सरकारी टोली जाने परम्परा छ।

जनैपूर्णिमाको अघिल्लो दिन मुख्य पूजा हुने गरे पनि अन्य समयमा पनि पर्यटक यहाँ आउने गर्छन्। बडीमालिका माताको दर्शन र पूजा गर्नाले मनोकामना पूरा हुने, रोगव्याधी निको हुने, निःसन्तानलाई सन्तान प्राप्ति हुने जनविश्वास रहिआएको छ।

# बडीमालिकाप्रति आस्थामय विचरण !

## पुस्तक



तेजेश्वरबाबु ग्वंगः

स्नेहमय ममतालु टोल छिमेक श्रद्धाका स्रोत गौरीबहादुर कार्की बन्धु! 'बडीमालिका' आफ्ना कृतिसहित निष्ठाछें पाल्नुभएथ्यो। उमेरले नेटो काट्दा छिटै स्वाँफ्वाँ गर्नुपर्दो अनुभूति आर्जिंदै छु, आफैंसित। प्रकृतिका लीलामाथि चल्दोरहेनछ छ्या!

भोलिपल्ट सखारै पाँच बजे उठ्नेबित्तिकै सयनागर छेउकै पढ्ने-लेखे टेबलमाथि 'बडिमालिका' पुस्तक देखेँ। टप्प टिपी हेरेँ। लेखन एवं प्रस्तुति- गौरीबहादुर कार्की। सरसर्ती दृष्टि दौडाएँ। हिराइका सरसर भेउ पाउनु मात्र। गहिराइ भेटाउन गोटाखोरी चाहिँदो रहेछ, सिकिँदैछु!


पुस्तक लेखन एवं गौरीबहादुर काकी सरर पल्टाउँदै बालककालमा हजुरआमाले मायालु स्वरमा 'किसानी' गीताका यति श्लोक वाचन गर अनि खाना खाऊ, पढाएको कण्ठस्थ सम्झें। श्रीमद्भगवद्गीता अध्याय श्लोक ४७ झसङ्ग सम्झेँ :


कर्मण्य वाधिकारस्ते माफलेषु कदाचन।
मा कर्मफलहेतुर्भूमि ते सङ्केच ऽस्तुकर्मणि'

काम गर्नु धर्म हो। कर्ममा अधिकार छ। त्यसको फलमा आश गर्ने होइन। कर्मको फल कामैले दिन्छ। इमान नै धर्म। आस्थावान् कर्मसँगै फल झुन्डिएको हुन्छ। यसको व्याख्या बृहद विस्तार गर्न सकिन्छ। बुझ्नेलाई इसारा काफी! 'बडीमालिका' पुस्तक ग्रन्थका सन्दर्भ पुष्पमालाकार गौरीबहादुर कार्कीका निष्पक्ष इमानधर्मले बृहद्-व्यापकतामाथि इमानधर्म तराजुमा राख्दा गीता गेयका श्लोक स्मृतिमा तैरिन्छ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानाय धर्मस्य तदात्मनाम सृजाम्यहम्॥

श्रीमद्भगवद्गीताका यी दुई श्लोक! गौरीबहादुर कार्कीको प्रस्तुत 'बडीमालिका' पुस्तकाकार ग्रन्थ सारगर्भित लाग्यो। सर्वप्रथम मनोभावनात्मक कमण्डलु घोट्याउँछु। मनोभाव मनको भावना। कमण्डलु कमलका डल पलाउने दह। दहको सुक्ष्म रूप कमण्डलु। हाम्रो राष्ट्रभाषाको मूल स्रोत संस्कृत वाङ्मय। संस्कृत देववाणि। नेपाली राष्ट्रभाषा देववाणिको हाँगो।





'बडीमालिका' प्रति आस्थामय विचरण !
"Creation of Predecessors - Our Art and Culture"

गौरीबहादुर कार्की उमेरले अनुज! उमेरले भाइ। उमङ्ग, उत्साह, स्वविवेकले अग्रज। आधारशिला बडीमालिका ग्रन्थकै पृष्ठ जिल्लमा उल्लेखित चिनेरी मौन अभिव्यक्ति! तर बलशाली मौन वाचन गर्दै स्पष्ट अवधारणामय अभिव्यक्ति बनेका छन्। झलझलाकार राष्ट्रका मुद्रामय आकार।

नेपाल आमाका छोराछोरीलाई इमानधर्मसाथ कर्म गर्नु गीताका गेय प्रेरणा मन्त्र! अघि नै जपिसक्यौं। मात्र मनमनै जपी सच्चा कर्म गरे पुग्छ। बाबाजी बन्ने ? संकल्पित जीवनपथ सदाचारी सदासुखी' कर्मवीर राजमार्ग मन्त्र बनून्! गौरीका बहादुर पनि कार्की सूर्यविनायक मार्ग सुविख्यात बनून्।

गौरीका बहादुर पति कार्की सूर्यको पहिलो स्वर्णिम घाम गणेशका मूर्तिमा छर्किने सास्वत सत्य। सास्वत सत्य सदा बहार। जब जब पर्दछ संकट नेपाललाई, त्यहाँ गौरीकी पति बहादुर उनै कार्की। 'सहकारी २०७०, चिकित्सा शिक्षा २०७४, मिटर ब्याज २०१९, जेनजी घटना जाँचबुझ आयोग २०६२ को अध्यक्षमा नियुक्त हुनुको महिमा दसी हुन् यिनै।

बडीमालिका सुदूरपश्चिम बाजुरा जिल्लाको उच्च पर्वतीय भूमिमा अवस्थित शिखरवर्ती धार्मिक तीर्थस्थल। तीर्थस्थल स्वतः दर्शन- अवलोकनीय भूमि। यसमा दुईमत नहोला- दर्शनीय अवलोकन भूमि, पर्यटकीय आकर्षण बिन्दु। पर्यटकीय पथका दुईतीन घण्टाको अन्तरालमा गेस्ट हाउस, पर्यटक विश्राम, आवास गृह, लेकाली उपचार सुविधामा पर्याप्त चिन्तन हुनु मननीय बन्छ।

वडीमालिका स्थान दुर्गम शीतोष्ण स्थान, देवी लीलामय भावभक्ति स्थल। उहिले बाजेका पाला रुपैयाँ हुने पालाका धार्मिक धाम। अहिले नाति-नातिनाका पालामा प्राकृतिक पर्यावरण समाहित आर्थिक उपार्जनका सबल-सार्थक-आर्थिक उपार्जन स्थल! राष्ट्रिय-अन्तर्राष्ट्रिय पर्यापार्जनका अजय स्रोत धाम! परिवर्तन परिवेशका प्रभाव!

बडीमालिका माई नेपाली सेनाका आराध्य आत्मबलका अदम्य साहस, कर्मनिष्ठ समर्पण भावका नैसर्गिक धाम महान्। टप्किन्छ जहाँ टपटप निःशब्द अन्तिम धाम! न शब्द, न वैभव, न सेखी-तुजुक, दुई दृष्टि चिम्लेर परित्याग! बडीमालिका धाम! रामनाम!

बडीमालिका ग्रन्थमा छायाङ्कृत चित्रमाला हजार शब्दभन्दा सार्थक, बलवान् मुक्तकण्ठका प्राण। लेखन सिप चित्ताकर्षक छन्दोहार!

# प्रधानमन्त्री शाहले पत्याएको गाउँको रिसोर्ट



कास्कीको माछापुच्छ्रे गाउँपालिका-६, अस्तामस्थित अन्नपूर्ण इको भिलेज रिसोर्ट। *फाइल तस्बिर : नागरिक*

**सन्तोष पोखरेल**

*पोखरा, भदौ ५*

पोखरा हुँदै मुस्ताङ जान निस्केका प्रधानमन्त्री बालेन्द्र शाह शुक्रबार स्थलमार्ग हुँदै पोखरा भित्रिएका छन्। पोखरा आएका उनी कतै नपसी कास्कीको माछापुच्छ्रे गाउँपालिका-६, अस्ताम उक्लेका छन्। दिउँसो तीन बजेतिर अस्ताम पुगेका प्रधानमन्त्री शाहको भ्रमणबारे बाहिर आधिकारिक सूचना दिइएको छैन। उनी अस्तामकै अन्नपूर्ण इको भिलेज रिसोर्टमा बास बस्नेछन्।

अस्तामको यो रिसोर्ट पोखराबाट करिब १५ किलोमिटर पर पर्छ। पोखरा-बागलुङ राजमार्गको हेम्जाबाट भित्री बाटो भएर यो रिसोर्ट पुग्न सकिन्छ। हेम्जादेखि अस्तामसम्मको कालोपत्र नागबेली सडक पार गरेर रिसोर्ट पुगेका प्रधानमन्त्री शनिबार बिहान नौबजे बाहिरिने तालिका रहेको स्रोतले बताएको छ। जंगलको कालोपत्र चिल्लो बाटो हुँदै हिमाली शृंखला र हरियाली अवलोकन गर्दै अस्ताम उक्लिन सकिन्छ। 'प्रधानमन्त्री शाह निकै नै शालीन तरिकाले आउनुभयो। यहाँको प्रकृतिसँग रमाउनु भएको छ। प्रधानमन्त्री भित्रिएपछि मौसमले पनि साथ दिएको छ', रिसोर्ट स्रोतले भन्यो, 'शीतल हावा चलेको छ। बिहान हिमाल खुल्यो भने झन् सुन्दर दृश्य देख्ने अवसर जुट्नेछ।'

स्रोतका अनुसार प्रधानमन्त्री शाहको टिमका लागि रिसोर्टका चारवटा ब्लकका १२ कोठा बुक गरिएको छ। 'ग्रामीण क्षेत्रको यो रिसोर्टले प्रधानमन्त्रीलाई स्वागत गर्न पाएको छ। यो नै हाम्रा लागि महत्त्वपूर्ण अवसर हो', रिसोर्टका एकजना जिम्मेवार अधिकारीले भने, 'प्रधानमन्त्रीलाई बसाउन पाउँदा निकै नै खुसी छौं। प्रधानमन्त्री शाहले गाउँको रिसोर्टप्रति देखाएको माया र सद्भावले हामी खुसी छौं।'

अस्तामका विश्व अधिकारी र उनको परिवार मिलेर यो रिसोर्ट सञ्चालन गरिएको छ। २०६३ मा अस्तामस्थित गाउँको पुर्ख्यौली घरबाट यो रिसोर्टको जग बसेको थियो। सुरुमा दुई वटा कोठा बनाएर थालिएको रिसोर्ट अहिले भव्य बनेको छ। अधिकारीले अहिले अन्नपूर्ण इको भिलेजलाई पर्यटन क्षेत्रमा स्थापित बनाएका छन्। अहिले रिसोर्टमा २३ वटा कोठा छन्। कोठाबाहेक योगाहलसहितका पूर्वाधार बनाएका छन्। केही पुर्ख्यौली र पछि थपेको समेत गरेर अहिले २५ रोपनी क्षेत्रफलमा उनले रिसोर्ट सञ्चालन गरेका छन्। रिसोर्टमा आफूसहित तीनजना दाजुभाइ र परिवारका सबै सदस्य खटिन्छन्। 'उत्तरतिर फर्किंदा माछापुच्छ्रेसहितको हिमाली शृङ्खला र पूर्व फर्किंदा पोखरा सहरसहित हेम्जाको बस्तीसहितको नागबेली राजमार्ग देख्न सकिन्छ', उनले भने, 'सहरतिरको तातो र प्रदूषणसहितको कोलाहलबाट केही राहत खोज्ने पाहुनाका लागि अहिले अन्नपूर्ण इको भिलेज गजबको गन्तव्य बनेको छ। रिसोर्टको एकैठाउँबाट दायाँबायाँ फर्किएर हेर्दा फरक-फरक र लोभलाग्दो दृश्य देख्न सकिन्छ। त्यही दृश्यले धेरैको मन जितेको हो।' यतिबेला सहरमा तातोको हपक्कले पोलिरहँदा अस्तामको उक्त डाँडाको रिसोर्टमा बस्ने पाहुनाले पंखासमेत खोज्नुनपर्ने उनले सुनाए।

अधिकारीले अहिलेसम्म रिसोर्टमा करिब २५ करोड रुपैयाँ लगानी गरिसकेका छन्। अझै केही वातावरणमैत्री कोठा थप्ने सुरमा उनी छन्। आफू र अरु दुईजना भाइसमेत त्यही रिसोर्टमा काममा खटिन्छन्। अधिकारी ब्रदर्शले सञ्चालन गरेको यो रिसोर्टलाई सजाउने पाहुनाको स्वागतमा उनीहरू आफैं खटिन्छन्। त्यत्ति मात्र नभई खानपिनका लागि आवश्यक तरकारी र केही खाद्यान्नको जोहो पनि आफैंले गर्छन्। रिसोर्टमा भित्रिएका पाहुनालाई स्वागतार्थ पिलाउने चियादेखि खाना खाजासम्मका लागि स्थानीय उत्पादनलाई नै उनीहरूले प्राथमिकता दिने गरेका छन्। सकेसम्म सहरीया खानाबाट रिसोर्टलाई टाढा राख्ने प्रयास गरेको उनीहरूको भनाइ छ।

# साउनमा २ खर्ब २६ अर्बको वैदेशिक व्यापार

**नागरिक संवाददाता**

*काठमाडौं, भदौ ५*

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा नेपालको वैदेशिक व्यापार ३५.४४ प्रतिशतले बढेर दुई खर्ब २६ अर्ब १४ करोड रुपैयाँ पुगेको छ। भन्सार विभागले शुक्रबार सार्वजनिक गरेको तथ्यांकअनुसार गत आर्थिक वर्षको साउनमा एक खर्ब ६६ अर्ब ९७ करोड रुपैयाँ रहेको कुल वैदेशिक व्यापार यस वर्ष उल्लेख्य मात्रमा बढेको हो।

साउनमा एक खर्ब ८७ अर्ब ४४ करोड ३६ लाख रुपैयाँ बराबरको वस्तु आयात भएको छ। यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३१.०४ प्रतिशत बढी हो। गत वर्ष साउनमा १ खर्ब ४३ अर्ब चार करोड ६६ लाख रुपैयाँको आयात भएको थियो।

यसैगरी निर्यात ६१.७२ प्रतिशतले बढेर ३८ अर्ब ७० करोड ४१ लाख रुपैयाँ पुगेको छ। गत वर्ष साउनमा २३ अर्ब ९३ करोड २४ लाख रुपैयाँको वस्तु निर्यात भएको थियो। आयात र निर्यात दुवै बढेपछि कुल व्यापार घाटा पनि २४.८८ प्रतिशतले बढेर एक खर्ब ४८ अर्ब ७३ करोड रुपैयाँ पुगेको छ। गत वर्षको साउनमा व्यापार घाटा एक खर्ब १९ अर्ब १० करोड रुपैयाँ थियो।

कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८२.८९ प्रतिशत र निर्यातको हिस्सा १७.११ प्रतिशत रहेको छ। अघिल्लो वर्षको तुलनामा निर्यातको हिस्सा १९.४१ प्रतिशतले बढ्दा आयातको हिस्सा ३.२५ प्रतिशतले घटेको विभागले जनाएको छ।

**भारतसँग सबैभन्दा बढी व्यापार**

साउनमा नेपालको वैदेशिक व्यापार १०७ भन्दा बढी मुलुकसँग भएको छ। तीमध्ये भारतसँग सबैभन्दा ठूलो व्यापार भएको छ। भारतबाट एक खर्ब दुई अर्ब रुपैयाँ बराबरको वस्तु आयात भएको छ भने नेपालबाट भारततर्फ ३३ अर्ब २६ करोड रुपैयाँको वस्तु निर्यात भएको छ। भारतसँग नेपालको व्यापार घाटा ६९ अर्ब १८ करोड रुपैयाँ पुगेको छ।

चीनबाट ३१ अर्ब ७४ करोड रुपैयाँ बराबरको वस्तु आयात हुँदा नेपालबाट चीनतर्फ २१ करोड रुपैयाँको मात्र निर्यात भएको छ। साउनमा अर्जेन्टिना नेपालको तेस्रो ठूलो व्यापार साझेदार बनेको छ। अर्जेन्टिनाबाट १३ अर्ब ८५ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ। त्यस्तै, साउदी अरेबियाबाट चार अर्ब ९८ करोड, रुसबाट चार अर्ब १३ करोड र अमेरिकाबाट तीन अर्ब ३४ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको विभागको तथ्यांक छ।

**निर्यातमा वनस्पति तेलको वर्चस्व**

साउनमा निर्याततर्फ वनस्पति तेलको वर्चस्व कायमै रहेको छ। तेस्रो मुलुकबाट कच्चा वनस्पति तेल आयात गरी प्रशोधनपछि भारततर्फ निर्यात हुँदै आएको छ।

विभागका अनुसार साउनमा १७ अर्ब ९९ करोड रुपैयाँ बराबरको सोयाबिन तेल निर्यात भएको छ। पाम आयल एक अर्ब २९ करोड र सूर्यमुखी तेल १ अर्ब २० करोड रुपैयाँ बराबरको निर्यात भएको छ।

त्यस्तै एक अर्ब १५ करोड रुपैयाँ बराबरको स्टिल, एक अर्ब ६ करोड रुपैयाँको जुट र ८४ करोड रुपैयाँ बराबरको कार्पेट निर्यात भएको छ। साउनमा अलैंचीको निर्यात ६७ करोड रुपैयाँ बराबर रहेको विभागले जनाएको छ।

आयाततर्फ भने कच्चा सोयाबिन तेल, डिजेल र खाना पकाउने ग्यास प्रमुख वस्तुका रूपमा देखिएका छन्। साउनमा १८ अर्ब ४० करोड रुपैयाँ बराबरको कच्चा सोयाबिन तेल, १३ अर्ब ८५ करोड रुपैयाँको डिजेल र ८ अर्ब ४६ करोड रुपैयाँ बराबरको खाना पकाउने ग्यास आयात भएको विभागको तथ्यांक छ।

# पाँच वर्षमै सेजबाट बाहिरियो उद्योग

**रेखा भुसाल**

*बुटवल, भदौ ५*

निर्यात प्रवर्धन गर्ने उद्देश्यले स्थापना गरिएको भैरहवास्थित विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरणमा करोडौंको लगानी गरेको औद्योगिक घराना पञ्चकन्याले सेजबाट बाहिरिँदा त्यहाँ बनाइएका भौतिक संरचना बिक्री गर्न पाउनुपर्ने माग गरेको छ।

निर्यातमा देखिएको समस्याका कारण पञ्चकन्या समूहले सेजमा स्थापना गरेको उद्योग पञ्चकन्या एसएस एक्स्पर्ट प्रालि स्थापनाको पाँच वर्षमै सेजबाट बाहिरिन बाध्य भएको छ। गत वर्ष सेजबाट बाहिरिएको यो उद्योगको चार करोड बढीको संरचना सेजमा छ। उद्योगका लागि बनाइएका ती करोडौंका संरचना भत्काएर कवाडी बनाउनुभन्दा खरिद गर्न इच्छुक उद्योगलाइ बिक्री गर्न पाउनुपर्ने माग पञ्चकन्याले गर्दै आएको छ। सेज प्राधिकरणले भने ऐन कानुनमा त्यसखालको व्यवस्था नभएको भन्दै संरचना भत्काएर लैजान र प्लट खाली गरी दिन ताकेता गर्दै आएको छ।

उद्योगका लागि बनाइएका चार करोड बढीका संरचना खरिद गर्न उद्योगी इच्छुक देखिए पनि सेजको कानुनी प्रावधानका कारण ती संरचना भत्काउनुपर्ने अवस्था आएको पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहुले बताए।

पञ्चकन्या समूहले सेज परिसरमै पत्रकार सम्मेलन गरी सेज प्राधिकरणको बेवास्ताका कारण करोडौंको संरचना भत्काएर कवाडीमा परिणत गर्नुपर्ने अवस्था सिर्जना भएको बताएको हो। सेज प्राधिकरणलाई संरचना व्यवस्थापनका लागि एक वर्षको म्याद थप गरी दिन आग्रह गरिए पनि सुनुवाइ नै नगरी औद्योगिक प्रायोजनका लागि उपयुक्त रहेका करोडौंका संरचना भत्काउन बाध्य पारिएको महाप्रबन्धक साहुले बताए। विशेष आर्थिक क्षेत्र प्राधिकरण, मन्त्रालय, मन्त्री, सांसददेखि प्रधानमन्त्री कार्यालयसम्म यसबारे जानकारी गराए पनि कतैबाट सुनुवाई नभएपछि पञ्चकन्याले शुक्रबार केही संरचनामा डोजर लगाएको छ। 'ऐन कानुन व्यावहारिक र निजी क्षेत्रमैत्री नहुँदा बनिबनाउ औद्योगिक संरचनामा डोजर लगाउनुपर्ने बाध्यतामा छौं', महाप्रबन्धक साहुले भने।

२०७५ सालमा स्टेनलेस स्टिल ट्यांकी निर्माण गरी भारत निर्यात गर्ने सम्झौतासहित पञ्चकन्याले सेजमा चार वटा प्लट बहालमा लिएको थियो। त्यसपछि उद्योगका लागि आवश्यक पूर्वाधार तथा संरचना निर्माण गरी २०७७ सालदेखि उत्पादन सुरु भयो तर केही वर्षमै भारतीय पक्षबाट निर्यातमा समस्या सिर्जना हुन थाल्यो। यता सेज प्राधिकरणले पनि ऐन कानुनको हवाला दिँदै आन्तरिक बजारमा बिक्री गर्न रोक लगाइदियो। बिक्री ठप्प भएपछि बाध्य भएर सेजबाट बाहिरिने निर्णय लिनु परेको महाप्रबन्धक साहुले बताए।

# व्यावसायिक निर्णयलाई फौजदारी मुद्दा बनाएकोमा सिबिएफआइएनको आपत्ति

काठमाडौं, भदौ ५ (नागरिक)- नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका उच्च नेतृत्वमाथि प्रहरीले दर्ता गरेको मुद्दालाई लिएर बैंक तथा वित्तीय संस्था परिसंघ नेपालले कडा आपत्ति जनाएको छ। स्मार्टसेलको उपकरण लिलामी प्रक्रियालाई लिएर बैंकका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत (सिइओ) माथि मुद्दा दायर गरिएपछि परिसंघले विज्ञप्ति जारी गर्दै व्यावसायिक निर्णयको 'फौजदारीकरण' नगर्न सरकार र नियामक निकायको ध्यानाकर्षण गराएको हो।

प्रचलित बैंकिङ ऐन-कानुनअनुसार ऋण असुलीका लागि गरिएको नियमित लिलामी प्रक्रियालाई आपराधिक रूप दिने प्रयास भएको सिबिएफआइएनको ठहर छ।

**धितो अधिकार र कानुनी अन्योल**

बैंकले सुरक्षणका रूपमा लिएको धितोमाथि पहिलो अधिकार बैंककै हुने अन्तर्राष्ट्रिय र कानुनी मान्यता रहेको परिसंघले स्पष्ट पारेको छ। कुनै कम्पनीको अनुमतिपत्र (लाइसेन्स) खारेज हुँदैमा सो कम्पनीले पहिले नै बैंकमा बन्धक राखेको सम्पत्ति स्वतः राज्यको स्वामित्वमा जाँदैन।

विज्ञप्तिमा भनिएको छ, 'ऐनद्वारा प्रदत्त बैंकको धितो सुरक्षा अधिकारलाई पछि जारी नियमावलीले निष्प्रभावी बनाउने हो भने बैंकहरूले कुन कानुनमा विश्वास गरेर कर्जा प्रवाह गर्ने? यसले बैंकिङ क्षेत्रमा गम्भीर कानुनी अन्योल सिर्जना गरेको छ।'

**राष्ट्र बैंकको भूमिका र अर्थतन्त्रमा असर**

बैंकिङ क्षेत्रका प्राविधिक तथा व्यावसायिक निर्णयहरूको सूक्ष्म परीक्षण गर्ने प्राथमिक अधिकार र विशेषज्ञता नेपाल राष्ट्र बैंकसँग मात्र रहेको स्मरण सिबिएफआइएनले गराएको छ। राष्ट्र बैंकको प्राविधिक राय र परामर्शबिनै सोझै प्रहरी अनुसन्धान र मुद्दा दायर गर्दा नियामक निकायको अधिकारक्षेत्र कमजोर बनेको विज्ञप्तिमा उल्लेख छ।

व्यावसायिक निर्णय, नियामकीय त्रुटि र आपराधिक कसुरबिचको भिन्नता स्पष्ट नपारी गरिने कारबाहीले लगानीको वातावरण धमिल्याउने सिबिएफआइएनको चेतावनी छ। विशेषगरी जलविद्युत्, दूरसञ्चार र पूर्वाधारजस्ता लाइसेन्समा आधारित आयोजनामा हुने कर्जा प्रवाह ठप्प भई समग्र अर्थतन्त्रमा दीर्घकालीन संकट पर्न सक्ने निष्कर्ष परिसंघको छ। साथै, अनुसन्धानका नाममा बैंकका आन्तरिक विवरण र ग्राहकको गोपनीयता भंग नगर्न पनि माग गरिएको छ।

यद्यपि मुद्दा अदालतमा विचाराधीन रहेकाले संविधान, न्यायिक अभ्यास र स्थापित नजिरका आधारमा अदालतबाट न्याय मिल्नेमा बैंकर्सहरू आशावादी रहेका छन्।

# गोरखा विरासत झल्काउने क्लासिक ३५० गोरखा एडिसन नेपालमा



काठमाडौं, भदौ ५ (नागरिक)- रोयल इन्फिल्डले नेपालको गोरखा परम्परा, साहस र वीरताको सम्मान गर्दै क्लासिक ३५० गोरखा एडिसन सार्वजनिक गरेको छ। गोरखा समुदायको पहिचान र गौरवबाट प्रेरित यो विशेष संस्करणमा गोरखा ग्रीन रङ र ऐतिहासिक क्रस खुकुरीको चिह्न राखिएको छ। क्लासिक ३५० को मौलिक डिजाइनलाई कायम राख्दै तयार गरिएको मोटरसाइकलमा सहज गियर परिवर्तनका लागि असिस्ट एन्ड स्लिपर क्लच उपलब्ध छ। कम्पनीका अनुसार यसमा क्लासिक सिरिजको परिचित अपराइट राइडिङ पोस्चर र जे-सिरिज इन्जिनलाई निरन्तरता दिइएको छ।

रोयल इन्फिल्डका चिफ कमर्सियल अफिसर यादविन्दर सिंह गुलेरियाले गोरखा एडिसनमार्फत नेपालको पहिचानसँग जोडिएको गौरवपूर्ण विरासतलाई क्लासिक ३५० सँग जोड्ने प्रयास गरिएको बताए। अल्फा अटोमोटिभका प्रबन्ध निर्देशक हर्षवर्धन संघाईले पनि संस्करणले नेपाली राइडरमाझ विशेष आकर्षण सिर्जना गर्ने विश्वास व्यक्त गरे। मोटरसाइकलसँगै गोरखा विरासतबाट प्रेरित राइडिङ गियर, हेल्मेट, बुट, अपारेल तथा अन्य सामग्री समेटिएको 'गोरखा कलेक्सन' पनि सार्वजनिक गरिएको छ। क्लासिक ३५० गोरखा एडिसनको मूल्य पाँच लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

# पिएमएनसी नेपाल २०२६ को इन्टरनेट पार्टनरमा भायानेट




काठमाडौं, भदौ ५ (नागरिक)- भायानेट कम्युनिकेसन्सले नेपालमा आयोजना हुने पब्जी मोबाइल राष्ट्रिय च्याम्पियनसिप (पिएमएनसी) नेपाल २०२६ सँग साझेदारी गर्दै प्रतियोगिताको आधिकारिक इन्टरनेट पार्टनर बनेको छ। साझेदारीअन्तर्गत भायानेटले प्रतियोगितामा वाइफाइ ६ प्रविधिमार्फत इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ। पिएमएनसी नेपाल २०२६ को राष्ट्रिय फाइनल भदौ ६ र ७ गते काठमाडौंस्थित दशरथ रंगशाला कभर्ड हलमा आयोजना हुँदैछ। प्रतियोगितामा नेपालका उत्कृष्ट पब्जी मोबाइल टोलीले राष्ट्रिय उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।

भायानेटका कमर्सियल तथा मार्केटिङ विभागका सहायक उपाध्यक्ष शहिन श्रेष्ठले गेमिङ मनोरञ्जनमा मात्र सीमित नरही युवाका लागि प्रतिस्पर्धा, समुदाय र करियरको सम्भावनासमेत बन्दै गएकाले ई-स्पोर्ट्ससँग सहकार्य गरिएको बताए। प्रतिस्पर्धात्मक गेमिङमा इन्टरनेटको गुणस्तर महत्त्वपूर्ण हुने उनको भनाइ छ। कम्पनीका अनुसार वाइफाइ ६ प्रविधिले उच्च क्षमताको इन्टरनेट आवश्यक पर्ने गेमिङ, भिडियो हेर्ने तथा एकै पटक धेरै उपकरण प्रयोग हुने अवस्थामा कम विलम्बतासहित सेवा उपलब्ध गराउन सहयोग गर्छ। साझेदारीले नेपाली ई-स्पोर्ट्स क्षेत्रमा भायानेटको उपस्थिति विस्तार गर्नुका साथै गेमिङ समुदायसँगको सम्बन्ध थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

# खुकुरी संरक्षणमा वर्ल्डलिंकको सहयोग




काठमाडौं, भदौ ५ (नागरिक)- नेपालीको मौलिक पहिचान र परम्परासँग जोडिएको खुकुरी निर्माण गर्ने सिप तथा व्यवसाय संरक्षणमा वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेडले सहयोग गरेको छ। कम्पनीले सल्यानको खलंगास्थित विश्वकर्मा टोलमा परम्परागत रूपमा खुकुरी निर्माण गर्दै आएका राजु विक र पार्वती विकलाई सुरक्षित कार्यस्थलका लागि टहरा निर्माण गरी हस्तान्तरण गरेको हो। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएको सहयोगले खुकुरी तथा अन्य फलामजन्य सामग्री निर्माणका लागि व्यवस्थित कार्यस्थल उपलब्ध गराएको कम्पनीले जनाएको छ। सुरक्षित पूर्वाधारको अभावमा जोखिमपूर्ण अवस्थामा व्यवसाय सञ्चालन गर्दै आएका विक दम्पत्तिलाई टहराले कामलाई निरन्तरता दिन सहज हुने अपेक्षा गरिएको छ।

परम्परागत सिप नयाँ पुस्तामा हस्तान्तरण गर्दै स्थानीय रोजगारी र आयआर्जनका अवसर जोगाउन सहयोग पुग्ने स्थानीयको भनाइ छ। लाभग्राही राजु विकले सहयोगले पुस्तौंदेखि चल्दै आएको व्यवसायलाई निरन्तरता दिन उत्साह बढेको बताए। वर्ल्डलिंकले सिप संरक्षण, स्थानीय व्यवसाय प्रवर्धन तथा दिगो जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यले विभिन्न सामाजिक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

SOS CHILDREN'S VILLAGES

दोस्रो पटक प्रकाशित मिति: २०८३ भाद्र ६ गते

**एसओएस बालग्राम नेपालका लागि क्याटलगसपिङ प्रक्रियाका आधारमा सवारी साधन खरीद सम्बन्धी सूचना**

एसओएस बालग्राम नेपालद्वारा सञ्चालित परियोजनाहरुका लागि आवश्यक सवारी साधन खरीद गर्नु पर्ने भएकोले इजाजत प्राप्त अधिकृत विक्रेताले यो सुचना प्रकाशित भएको मितिले सात दिन भित्र उत्पादनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मुल्य, सुविधा सहितको विवरण (क्याटलग वा समान विवरणको दस्तावेज) र आर्थिक बर्ष २०८१/८२ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत राखी यस कार्यालयको निम्न ठेगानामा सिलबन्दी प्रस्ताव पेश गर्न हार्दिक आव्हान गर्दछौं। रीत नपूगी र निर्धारित समय भन्दा पश्चात प्राप्त प्रस्तावलाई आवश्यक प्रक्रियामा सामेल गरिने छैन

सूचना तथा बोलपत्र सम्बन्धी सामग्रीका लागि क्यूआर स्क्यान गर्नुहोस।

**नेपाल पुनर्बीमा कम्पनी लिमिटेड**
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
**Nepal Reinsurance Co.Ltd. (Nepal Re.)**
(An undertaking of Nepal Government)
नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त

थापाथली, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०४०१, ५९७०४०२
ईमेल: nepalre@ntc.net.np
वेभसाइट: www.nepalre.com.np

**Request for Proposal**
**Notice for Consulting Actuarial Services**

**(First Date of Publication: 6 August, 2026)**

**Republish Date: 22nd August, 2026**

Nepal Reinsurance Company limited plans to use professional services of actuaries or actuarial firms and invites enlisted actuaries, who are members of the Recognized Actuarial Associations in relevant countries, to submit proposals for the consulting Actuary who can provide actuarial services as per TOR to Nepal Reinsurance Company Limited.

**Consulting Actuary/Actuarial firms must meet the following criteria:**

a. Certificate of Membership issued by the relevant Actuarial Professional Body
b. Certificate of Practice (COP) / Certificate of Continuing Professional Development (CPD)
c. Minimum 2 years of experience in any actuarial service.
d. Certificate of incorporation and/ or renewal document.
e. Self-declaration of he/she has not committed any breach of professional or other misconduct, no conflict of interest with the insurer in Nepal.
f. No conflict of interest with the insurer.
g. CVs of proposed key person.
h. Work Experience Letter.

**Qualifications and Experience: As Mentioned in TOR**

**Scope of Work: As per Mention in the TOR**

Interested Acturies/Acturial Firms are requested to submit a letter of interest along with resume and desired professional fee to Nepal Reinsurance Company Limited on the following address or e-mail at proposal@nepalre.com.np within 15 days from the date of publication of this notice. While submitting proposal in Email financial proposal must be password protected and password to be shared after deadline of submission.

For detail TOR, please visit company's web site www.nepalre.com.np

**Note**: *Nepal Reinsurance Company limited reserved all the rights to reject any or all proposal without mentioning any reason.*

**वर्गीकृत विज्ञापन/डिस्प्ले**

**रोशनीको नाममा जारी गरिएको १५ दिने सूचना**

**प्रकाशित मिति २०८३।५।६ गते नागरिक दैनिक**
यस वडा नं. १६ अन्तर्गत बालाजु स्थायी बसोबास भएको दुर्गा थापाको नाममा दर्ता कायम भएको कित्ता नं. १२७ मा बनेको घरमा मिति २०८३।०२।०४ गतेदेखि रोशनी (थर थाहा नभएको) व्यक्तिले बस्ने प्रयोजनका लागि विगत ३ महिनादेखि बहालमा लिनुभएको र विगत ३ महिनादेखि भाडा नतिरी हालसम्म सम्पर्क बिहिन भएको हुँदा उक्त कोठा खाली गरी पाउँ भनी घरधनी श्री दुर्गा थापाले निवेदन दिनु भएको हुँदा काठमाण्डौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षीलाई यस का.म.पा. १६ वडा कार्यालयमा १५ दिनभित्र उपस्थित हुनु भनी सूचना जारी गर्नुपर्ने भएकोले यो सूचना विपक्षीका नाममा प्रकाशित गरिएको छ।
**१६ नं. वडा कार्यालय, बालाजु, काठमाडौं**

**मोटरसाईकल हरायो**

मेरो निम्न व्यहोरा भएको होण्डा कम्पनीको XR190 मोटरसाईकल मिति २०८३।४।३१ गते तारकेश्वर न.पा.-३, किसनडोलबाट हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला।
नाम: अर्जुन अर्याल
ठेगाना: तारकेश्वर न.पा.-३, किसनडोल
मोटरसाइकल नं. बा.प्र. ०२-०२६ प ३०६९
मोटरसाइकल रंग: रातो
इन्जिन नं. MD43E2026399
च्यासिस नं. LALMD4398J3008423
फोन: ९८५१०२६४०७

**बीमालेख हराएको सूचना**

यस **एशियन लाइफ इन्स्योरेन्स लिमिटेड**बाट जारी गरिएको बीमालेख नं. ५१११००२४०६९ को **श्री राजु व्यञ्जनकार**को नाममा रहेको बीमालेख बीमितले **बाटो**बाट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नभेटिएमा वा दावी नआएमा नियमानुसार प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सुचित गरिन्छ।
**सम्पर्क**: ९८५१०९६७९४

**वर्गीकृत डिस्प्ले**

**कलर प्रति बक्स**
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

**संस्थापक शेयर बिक्री सम्बन्धी सूचना**

यस मितेरी डेभलपमेन्ट बैंक लिमिटेडका तपसिल बमोजिमका संस्थापक शेयरधनीहरुले आफ्नो नाममा भएको संस्थापक शेयरहरु मध्ये तपशिल वमोजिमको शेयर कित्ता बिक्री गर्ने ईच्छा जाहेर गरी निवेदन दिनु भएको र संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई बिक्री गर्न अनुमति दिने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक भए हाल कायम यस बैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने व्यवस्था भएबाट संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८३।०३।३१ गतेको राष्ट्रिय दैनिक पत्रिका नागरिक दैनिकमा ३५ (पैतिस) दिनको सूचना प्रकाशन गरेकोमा सो अवधि भित्र विद्यमान संस्थापक शेयरधनीले खरिद गर्न चाहेको कुनै पनि लिखत जानकारी पेश हुन नआएको हुँदा प्रचलित कानुनको अधिनमा रहि अन्य व्यक्ति/संस्थालाई बैंकको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी बैंकको केन्द्रिय कार्यालय महेन्द्रपथ धरान १२ सुनसरी वा शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड कमलादि काठमाण्डौंमा आइपुग्नेगरी आवेदन गर्नु हुन सूचित गराईएको छ।

| शेयरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या |
|---|---|
| ललिता थापा | १,०१,४००/- (एक लाख एक हजार चारसय कित्ता मात्र) |
| सविना श्रेष्ठ | ६१,१२४/- (एक सठ्ठीहजार एक सय चौविस कित्ता मात्र) |

शेयर रजिष्ट्रार

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत-पत्र प्राप्त संस्था)
महेन्द्रपथ, धरान-१२, सुनसरी, नेपाल
फोन.नं.: ०२५-५३६३१७, ०२५-५३८३१७

prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३५, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(साविकको ग्रोमोर मर्चेण्ट बैंकर लिमिटेड)

## १४औं सागको बैठकमा नेपाली प्रतिनिधि मण्डल




काठमाडौं भदौ ५ (नागरिक)- नेपाली खेलकुदको कार्यकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) प्रतिनिधि र अन्तर्राष्ट्रिय समन्वयन गर्ने नेपाल ओलम्पिक कमिटी (एनओसी) को प्रतिनिधिसहित नेपाली टोली पाकिस्तानमा तय दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को बैठकमा सहभागी हुने भएको छ।

पाकिस्तानले आयोजना गर्ने १४औं दक्षिण एसियाली खेलकुद २०२७ को तयारीको सन्दर्भमा उक्त बैठक हुन लागेको हो। बैठक आगामी अगस्ट २३ र २४ गते हुनेछ। जसमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) को तर्फबाट कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठ दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को बैठकमा सहभागी हुँदैछिन्। एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठ र एनओसीका उपाध्यक्ष चतुरानन्द राजवैद्यले सो बैकठमा सहभागिता जनाउने भएका छन्। तीन सदस्यीय टोली शुक्रबार नै पाकिस्तानको इस्लामाबाद प्रस्थान गरिसकेको छ।

एनओसीका अध्यक्ष श्रेष्ठ र उपाध्यक्ष राजवैद्यले दक्षिण एसिया ओलम्पिक काउन्सिलको केन्द्रिय कमिटीको बैठकमा र राखेप सदस्य श्रेष्ठले सरकारको प्रतिनिधित्व गर्नेछिन्। पाकिस्तान जाने नेपाली टोलीलाई नेपाल ओलम्पिक कमिटीका कार्यवाहक अध्यक्ष अशोकरत्न बज्राचार्य र नेपाल ओलम्पिक कमिटीका महासचिव राजीव श्रेष्ठले विमानस्थलमा शुभकामनासहित बिदाइ गरेका थिए। सागको १३औं संस्करण नेपालमा सन् २०१९ डिसेम्बरमा भएको थियो। त्यसयता दक्षिण एसियाको सबभन्दा ठूलो खेलकुद मेला हुन सकेको छैन। दक्षिण एसियाली खेलकुदको पहिलो संस्करण सन् १९८४ मा नेपालमै आयोजना भएको हो।

## भ्याली पब्लिक र रेडियन्ट फाइनलमा

काठमाडौं भदौ ५ (नागरिक)- भ्याली पब्लिक र रेडियन्ट पब्लिकले १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्सतर्फ फाइनलमा स्थान बनाएका छन्। बाफलस्थित आयोजक ग्रिनफिल्डको हलमा बिहीबार भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबिए) लाई २६-१० ले पराजित गर्‍यो। भ्याली पब्लिकको जितमा दृष्य गुरुङले ११ अंक योगदान गरिन्। प्रीतिका रसाइलीको १० अंक सहयोगमा रेडियन्टले स्वर्णिमलाई २३-२२ को साँघुरो अन्तरले हरायो। सिनियर ब्वाइजमा रेडियन्ट पब्लिक र मार्वलस उपाधिका लागि भिड्ने भएका छन्। रेडियन्टले पुष्पसदनलाई ५८-५१ ले पाखा लगायो। रेडियन्टका नन्दन बस्नेतले २३ अंक जोडे। मार्वलसले सनसाइनमाथि ६२-३० को सहज जित रच्यो। मार्वलसका सिनेप शाहीले ३० स्कोर गरे।




जुनियर ब्वाइजमा इबिए र एन्जल्स हार्ट फाइनलमा पुगे। इबिएले ज्ञान निकेतनको चुनौती ३७-२१ ले पन्छायो। इबिएका प्रसिक श्रेष्ठले २० अंक जोडे। एन्जल्स हार्टले आयोजक ग्रिनफिल्डलाई २६-१० ले निराश बनायो। एन्जल्स हार्टका अविरल सापकोटाले ११ अंक बटुले। प्रतियोगिता शनिबार सम्पन्न हुनेछ।

# ‘प्रिमियर लिग र बाँकी’

**विश्व फुटबलमा इङ्लिस प्रिमियर लिगको आर्थिक प्रभाव अन्य लिगभन्दा निकै ठूलो छ। आम्दानीका आधारमा विश्वका २० ठूला क्लबमध्ये ९ क्लब प्रिमियर लिगकै छन्। प्रिमियर लिगले विदेशी प्रसारण अधिकारबाट मात्रै वार्षिक २.१ अर्ब पाउन्ड (करिब २.८ अर्ब डलर) आम्दानी गर्छ।**


मिकाइल आर्टेटा


ब्रुनो फर्नान्डेज


अर्लिङ हालान्ड

लन्डन, भदौ ५ (एपी)- फिफा विश्वकप सकिएको ३४ दिनपछि विश्वकै चर्चित इङ्लिस प्रिमियर लिग शनिबार सुरु हुँदै छ। जहाँ उपाधि रक्षा गर्ने लक्ष्यमा रहेको आर्सनलले नयाँ सिजनको सुरुआत नवप्रवेशी कोभेन्ट्रीविरुद्ध खेल्नेछ।

आर्सनलको घरेलु मैदान एमिरेट्स स्टेडियममा हुने उक्त खेलपछि शनिबार, आइतबार र सोमबार शीर्ष डिभिजनका अन्य खेलहरू पनि हुन्छन्। प्रिमियर लिग इतिहासका दुई प्रतिष्ठित व्यक्तित्व मोहम्मद सलाह (खेलाडी) र पेप ग्वार्डिओला (प्रशिक्षक) क्रमशः लिभरपुल र म्यानचेस्टर सिटीबाट बाहिरिएका छन्। तर, विश्वस्तरीय खेलाडी र उदाउँदा प्रतिभाले भरिएको प्रिमियर लिगको आकर्षण भने कायमै छ। आर्सनलले गत सिजन २२ वर्षपछि पहिलोपटक प्रिमियर लिगको उपाधि जित्दै शीर्ष टोलीका रूपमा स्थापित गरेको थियो। यस सिजन पनि उसलाई दाबेदारका रूपमा हेरिएको छ। अन्य टोलीमा देखिएको अनिश्चितताका कारण आर्सनल लगातार दोस्रोपल्ट च्याम्पियन बन्न सक्छ।


गत साता कम्युनिटी सिल्डमा आर्सनलले म्यानचेस्टर सिटीलाई ३-० ले हराउँदै नयाँ सिजनका लागि आफ्नो दाबेदारी प्रस्तुत गरिसकेको छ। ब्रुनो गिमारेस र क्रिस्टोस जोलिसलाई नयाँ खेलाडीका रूपमा भित्राएको आर्सनलले एस्टन भिल्लाबाट एज्री कोन्सालाई पनि अनुबन्ध गर्ने तयारी गरेको छ। प्रशिक्षक मिकेल आर्टेटालाई भने सबैको निशानामा रहेको टोलीका रूपमा खेल्नु कुनै दबाबको विषय लागेको छैन। ‘हामी शून्यबाट सुरु गर्छौं र फेरि त्यही स्तरमा पुग्ने प्रयासमा हुनेछौं,’ आर्टेटाले भने। आर्टेटाले लिगको शीर्ष स्थानमै रहेर सबैको निशानामा पर्न चाहेको बताए। ‘म पहिलो स्थानमा हुन चाहन्छु, सबैको निशानामा हुन चाहन्छु र अरू कसैमा निर्भर हुनुभन्दा आफ्नो भविष्य आफैं नियन्त्रण गर्न चाहन्छु,’ उनले भने।

लामो समय उपाधिनजिक पुगेर पनि सफल हुन नसकेको आर्सनलका लागि गत सिजनको उपाधि जित्नु ठूलो राहतको क्षण बनेको थियो। अब त्यही अनुभवको साथ १९३० को दशकपछि पहिलोपटक लगातार दुई सिजन प्रिमियर लिग उपाधि जित्ने आर्टेटाको विश्वास छ। गत सिजन लिगको दोस्रो स्थानमा रहेको सिटीले आइतबार घरेलु मैदानमा बर्नमाउथसँग खेल्दै ग्वार्डिओला पछिको नयाँ युग सुरु गर्नेछ। ग्वार्डिओलाले इतिहाद स्टेडियममा एक दशक बिताउँदै २० वटा उपाधि जितेपछि गत सिजनको अन्त्यसँगै सिटी छाडेका थिए। अब उनको स्थानमा चेल्सीका पूर्वप्रशिक्षक एन्जो मारिस्काले सिटीलाई सम्हाल्नेछन्। ग्वार्डिओलाको सफलता दोहोर्‍याउने कठिन जिम्मेवारी मारिस्काको काँधमा छ।

लिभरपुलका नयाँ प्रशिक्षक आन्डोनी इराओलाले आइतबार न्युक्यासलविरुद्धको खेलबाट पहिलो प्रिमियर लिगमा आफ्नो खेल सम्हाल्नेछन्। योसँगै लिभरपुलमा नयाँ युग सुरु हुनेछ। इजिप्टका स्टार सलाह टर्कीको क्लब ट्राब्जोनस्पोरमा गएपछि लिभरपुलले लामो समयपछि उनीबिनाको नयाँ सिजन सुरु गर्दै छ। बोर्नमाउथका पूर्वप्रशिक्षक इराओला लिभरपुलले आर्ने स्लटलाई बर्खास्त गरेपछि नयाँ प्रशिक्षक बनेका हुन्। गत सिजन लिभरपुल निराशाजनक रूपमा पाँचौं स्थानमा थियो। यता, स्पेनिस स्टार जाबी अलोन्सोले चेल्सीका प्रशिक्षकका रूपमा सोमबार फुलहमविरुद्धको वेस्ट लन्डन डर्बीबाट आफ्नो कार्यकाल सुरु गर्नेछन्। अलोन्सोलाई गत सिजन आठ महिनाभन्दा कम समयमै रियल मड्रिडले बर्खास्त गरेको थियो।

गत सिजन दसौं स्थानमा सीमित चेल्सीका लागि पनि नयाँ प्रशिक्षकसँगै आफ्नो क्षमता प्रमाणित गर्ने अवसर हुनेछ। ‘हामी तयार छौं। प्रिमियर लिग सुरु गर्ने इच्छा, महत्वाकांक्षा र भोक टोलीमा देखिइसकेको छ,’ अलोन्सोले भने। म्यानचेस्टर युनाइटेडले शनिबार नवप्रवेशी हल सिटीविरुद्ध खेल्दै सिजन सुरु गर्नेछ। हल सन् २०१७ पछि पहिलोपटक शीर्ष डिभिजनमा फर्किएको हो। युनाइटेडका प्रशिक्षक माइकल क्यारिकले बेल्जियमका विश्वकप खेलाडी युरी टिलेमान्सलाई एस्टन भिल्लाबाट अनुबन्ध गरेका छन्। एन्ड्रे सान्तोस र कार्ल डार्लोलाई पनि टोलीमा भित्राइएको छ। ब्राइटनका मिडफिल्डर कार्लोस बालेबालाई अनुबन्ध गर्ने प्रयास पनि जारी छ।

ठूलो रकम खर्च गरेको टोटेनहमले पनि शनिबार ब्रेन्टफोर्डको भ्रमण गर्नेछ। गत सिजन रेलिगेसनबाट मुस्किलले जोगिएको टोटेनहमले करिब १० करोड




पाउन्डमा अनुबन्धित गरिएका सान्ड्रो टोनाली र माटेउस फर्नान्डेसलाई टोलीमा समेटेको छ। युरोपा लिग विजेता एस्टन भिल्लाले भने आइतबार ब्राइटनको भ्रमण गर्नेछ। गत सिजनपछि महत्वपूर्ण खेलाडी गुमाएको भिल्लाका लागि नयाँ सिजन चुनौतीपूर्ण हुन सक्छ। विश्व फुटबलमा प्रिमियर लिगको आर्थिक प्रभाव पनि अन्य लिगभन्दा निकै ठूलो छ। आम्दानीका आधारमा विश्वका २० ठूला क्लबमध्ये नौ क्लब इङ्लिस प्रिमियर लिगकै छन्। प्रिमियर लिगले विदेशी प्रसारण अधिकारबाट मात्रै वार्षिक २.१ अर्ब पाउन्ड (करिब २.८ अर्ब डलर) आम्दानी गर्छ।

यो रकम अन्य लिगले आफ्नो कुल प्रसारण अधिकारबाट प्राप्त गर्ने आम्दानीभन्दा बढी हो। प्रिमियर लिगका क्लबहरूले टिकट बिक्रीबाट पनि करिब ९२० मिलियन पाउन्ड (१.२ अर्ब डलर) आम्दानी गर्छन्। यो स्पेनको ला लिगासहित नजिकका प्रतिस्पर्धी लिगको तुलनामा झन्डै दोब्बर हो। प्रिमियर लिगका क्लबले आफ्नो आर्थिक शक्तिलाई उपाधिमा पनि परिणत गरिरहेका छन्। गत सिजन इङ्लिस क्लबहरूले युरोपा लिग र युरोपा कन्फरेन्स लिग पनि जिते। त्यसअघिको सिजनमा पनि दुवै प्रतियोगिताको उपाधि इङ्लिस क्लबकै नाममा रह्यो।

आर्सनलले भने च्याम्पियन्स लिगको उपाधि पेनाल्टी सुटआउटमा गुमाएको थियो। युरोपेली फुटबलमा सफलता हासिल गर्दा थप पुरस्कार रकम प्राप्त हुन्छ। जसले प्रिमियर लिग क्लबहरूको आर्थिक शक्ति अझ बढाउँछ। युरोपेली क्लब फुटबलमा अहिले ‘प्रिमियर लिग र बाँकी’ भन्ने अवस्था सिर्जना भएको देखिन्छ। तर, एउटा क्षेत्रमा भने प्रिमियर लिग अझै पछि परेको छ, त्यो विश्वस्तरीय स्टार खेलाडीको आकर्षणमा।

# पुनरागमनमा उत्साहित कोभेन्ट्री

**नयाँ प्रशिक्षक, ठूलो खर्च, चर्चित खेलाडीको डेब्यु र २५ वर्षपछि फर्किएको कोभेन्ट्री सुरु हुन लागेको इङ्लिस प्रिमियर लिगको विशेषता बनेका छन्। यी सबै कारणले यसपटकको प्रिमियर लिग सिजनको सुरुआतदेखि नै रोमाञ्चक बन्ने देखिएको छ।**

लन्डन, भदौ ५ (एपी)- डिफेन्डिङ च्याम्पियन तथा उपाधिको प्रमुख दाबेदार टोलीको मैदानमा इङ्लिस प्रिमियर लिगको सिजन सुरुआत गर्नु अधिकांश नयाँ र बढुवा टोलीका लागि डर लाग्दो चुनौती हुने गर्छ।

तर, यसै सिजन बढुवा इङ्लिस फुटबलको शीर्ष डिभिजनमा बढुवा भएको कोभेन्ट्री सिटी क्लबका लागि भने यो अवसर र उत्सव मनाउने विषय बनेको छ। किनकी पछिल्ला १५ वर्षमा मध्य इङ्ल्यान्डको यो क्लबले धेरै कठिन परिस्थितिको सामना गर्नु परेको थियो। तर, कोभेन्ट्री पनि विश्वकै लोकप्रिय र सबैभन्दा ठूलो लिगमध्ये एक प्रिमियर लिगमा आइपुग्न सफल भयो। लामो समयदेखि मन नपरेका मालिकहरूसँगको विवादका बीच क्लबलाई लिक्विडेसन (कोभेन्ट्री क्लब आर्थिक संकटमा परेर बन्द/समाप्त हुनसक्ने) मा जानुपर्ने अवस्था आएको थियो। त्यही कारण नै टोली इङ्लिस फुटबलको चौथो तहसम्म झर्‍यो।

त्यसमाथि उसले आफ्नो घरेलु मैदानसमेत गुमाउन पुग्यो। पछि क्लबले थप दुःख सामना गर्नुपर्‍यो। ४० माइल (६४ किलोमिटर) को दायराभित्र रहेका तीन फरक टोलीसँग मैदान साझेदारी गरेर खेल्नुपर्ने अवस्था आयो। तर अहिले २५ वर्षको अनुपस्थितिपछि कोभेन्ट्री फेरि इङ्ल्यान्डको शीर्ष डिभिजनमा फर्किएको छ। उसको पुनरागमनको पहिलो खुड्किलो सहज भने छैन। तर, शुक्रबार आर्सनललाई कोभेन्ट्रीको सन्देश स्पष्ट छ, आउनुस्, सामना गरौं। कोभेन्ट्रीको प्रशिक्षकका रूपमा प्रिमियर लिगकै पूर्वस्टार फ्रान्क लाम्पार्ड छन्। उनी क्लब बढुवा भएपछि जोडिएका हुन्। क्लबको यो यात्रामा लाम्पार्ड पनि निकै खुसी देखिएका छन्। दुई दशकपछि फर्कनुलाई उनले उत्सवका रूपमा लिएका छन्।

‘सहर र फुटबल क्लबले कठिन समय पार गरेका कारण यो उपलब्धि भावनात्मक रूपमा झन् गहिरो छ। यहाँ आउन पाउँदा र २५ वर्षदेखि प्रिमियर लिगबाहिर रहेको क्लबलाई फेरि त्यहाँ फर्काउन पाउँदा म निकै उत्साहित छु। क्षण रोमाञ्चक छ, तर हामी चुनौती दिन र राम्रो प्रदर्शन गर्न चाहन्छौँ,’लाम्पार्डले भनेका छन्। आर्सनल र कोभेन्ट्री बिचको खेल यस सिजनका कुल ३८० खेलमध्ये पहिलो खेल हुनेछ। लामो विश्वकपका कारण यसपटकको सिजन सामान्यभन्दा ढिलो सुरु हुँदै छ। साथै, अफसिजनकै समयमा भएको

> ‘सहर र फुटबल क्लबले कठिन समय पार गरेका कारण यो उपलब्धि भावनात्मक रूपमा झन् गहिरो छ। २५ वर्षदेखि प्रिमियर लिगबाहिर रहेको क्लबलाई फेरि त्यहाँ फर्काउन पाउँदा म निकै उत्साहित छु,’लाम्पार्डले भने।

व्यापक परिवर्तन (प्रशिक्षकहरू) का कारण नयाँ सिजनको अनुमान गर्न पनि कठिन छ। त्यसमध्ये सबैभन्दा ठूलो परिवर्तनमध्ये एक क्लब म्यानचेस्टर सिटी हो।

एक युगलाई परिभाषित गरेका पेप ग्वार्डिओलाले १० वर्षको कार्यकालपछि सिटी छाडिसके। यद्यपि एउटा कुरा भने स्थिर देखिएको छ। त्यो हो आर्सनलमा पछिल्लो समय देखिएको नयाँ स्थायित्व र आत्मविश्वास। आर्सनलले आइतबार कम्युनिटी शिल्डमा म्यानचेस्टर सिटीलाई सहज रूपमा पराजित गर्दै आफ्नो क्षमता प्रदर्शन गरिसकेको छ। त्यसैले कोभेन्ट्रीका लागि सिजनको सुरुआत कठिन हुने देखिन्छ। तर त्यो चुनौतीसँगै यो क्षण उसको लागि अत्यन्तै खुसीको पनि हुनेछ। सबैभन्दा आकर्षक खेलमध्ये एक आइतबार न्युक्यासलले लिभरपुलको आतिथ्यता हुन सक्छ। यी दुवै टोली पनि प्रिमियर लिगको नयाँ सिजनमा नयाँ



प्रशिक्षकसहित सुरुआत गर्ने ९ मध्ये हुन्।

साउदी अरबको स्वामित्वमा रहेको न्युक्यासलको प्रगति पनि चासोको विषय हुनेछ। अफसिजनमा टोलीले तीन महत्वपूर्ण खेलाडी एन्थोनी गोर्डन, ब्रुनो गिमारेस र सान्ड्रो टोनाली गुमाएको छ। त्यसको एक वर्षअघि मात्रै न्युक्यासलले आफ्ना स्ट्राइकर अलेक्जान्डर इसाकलाई लिभरपुललाई बेचेको थियो। आइतबारपछि म्यानचेस्टर सिटीले बर्नमाउथको आतिथ्यता गर्दा इतिहाद स्टेडियममा नयाँ युगको सुरुआत हुनेछ। ग्वार्डिओलाको स्थानमा सिटीको जिम्मेवारी सम्हालेका एन्जो मारिस्काका लागि यो लिगको पहिलो खेल हुनेछ। साथै स्पेनका स्टार रोड्री बार्सिलोनामा पुगेपछि सिटीले उनीबिना खेलमा पनि आफूलाई अभ्यस्त बनाउनुपर्नेछ। यस ट्रान्सफर विन्डोमा प्रिमियर लिग क्लबहरूले नयाँ खेलाडी अनुबन्धितका लागि गरेको खर्च तीन अर्ब डलर पुग्न लागेको छ।

त्यसैले सबैभन्दा महँगा नयाँ खेलाडीहरूले गर्ने डेब्युमा पनि नजर रहनेछ। मर्गन रोजर्स (१ करोड ५६ लाख डलर) ले सोमबार चेल्सीबाट फुलहमविरुद्ध खेल्दै डेब्यु गर्न सक्छन्। इलियट एन्डरसन (१ करोड ५५ लाख डलर) ले सिटीबाट बर्नमाउथविरुद्ध र टोनाली (१ करोड ३३ लाख डलर) ले टोटेनहमबाट ब्रेन्टफोर्डविरुद्ध खेल्नेछन्। त्यसबाहेक धेरै चर्चामा नआएको तर ध्यान दिनुपर्ने नयाँ अनुबन्धमध्ये ग्रीसका विंगर क्रिस्टोस जोलिस पनि हुन्। उनी क्लब ब्रुगबाट आर्सनलमा आबद्ध छन्। प्रिसिजनमा उनले उत्कृष्ट प्रदर्शन गरेका छन्। कम्युनिटी शिल्डमा उनले दुई असिस्ट पनि गरेका थिए।

आफ्नो उपाधि रक्षा अभियानको पहिलो खेलमा आर्सनलले फ्रान्सका सेन्टर ब्याक विलियम सालिबालाई निश्चित रूपमा गुमाउनेछ। ढाडको चोटका कारण उनी लामो समय मैदानबाहिर रहने भएका छन्। लिभरपुलले पनि एक दशकयता पहिलोपटक मोहम्मद सलाहबिना नयाँ सिजनको सुरुआत गर्नेछ। साथै स्ट्राइकर ह्युगो एकिटिके पनि अझै टोलीमा फर्किएका छैनन्। उनी चोटबाट रिकभर हुँदैछन्।

## नखिपोट फोल्क्स फुटसलको तयारी

काठमाडौं भदौ ५ (नागरिक)- नखिपोट फोल्क्सको आयोजनामा प्रथम नखिपोट फोल्क्स महिला फुटसल प्रतियोगिता भदौ १९ गतेदेखि हुने भएको छ।

प्रतियोगितामा करिब ३२ टिमको सहभागिता अपेक्षा गरिएको आयोजकका संयोजक समित बेघा लिम्बूले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। विजेताले १ लाख १ हजार तथा उपविजेताले ५१ हजार नगद पुरस्कार पाउने छन्। उत्कृष्ट खेलाडीले ७ हजार ५ सय नगद पुरस्कार प्राप्त गर्ने छन्। उत्कृष्ट गोलरक्षक र उदीयमान खेलाडीले जनही ५ हजार नगद पुरस्कार पाउनेछन्। हरेक टिमले तीन जना राष्ट्रिय फुटसल खेलाडी समावेश गर्न पाउने आयोजकले जनाएको छ। संयोजक लिम्बूले नेपालमा पनि महिला फुटसलको क्रेज बढ्दै गएकाले महिला खेलाडीले पनि अवसर पाउन् भन्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको बताए। दुईदिने प्रतियोगिता खेलहरू नखिपोटस्थित फुटसल भिलेजमा खेलाइनेछ।

## दसौं खेलकुद समितिको सचिवमा पौड्याल

काठमाडौं भदौ ५ (नागरिक)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) का नायब वरिष्ठ प्रशासकीय अधिकृत फणिन्द्र पौड्याल दसौं राष्ट्रिय खेलकुद कार्य सम्पादन समितिको सचिवमा मनोनित भएका छन्।

दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन प्रक्रियालाई सरल, पारदर्शी र मितव्ययी बनाइ खेलकुदलाई मर्यादित, स्वच्छ, निष्पक्ष र व्यवस्थित रुपमा सञ्चालन गर्न बनेको राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिमा भएको व्यवस्था बमोजिम पौड्याललाई सचिव पदमा मनोनित गरिएको हो। राखेपका सदस्यसचिव रामचरित्र मेहताले पौड्याललाई शुक्रबार पत्र हस्तान्तरण गरेका थिए। दसौं राष्ट्रिय खेलकुद कर्णाली प्रदेशमा २०८३ साल मंसिर १६ देखि २९ गतेसम्म हुनेछ।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी